

दीपोज्योतिः परब्रह्म

बालदीपिका



स्वर्णजयन्ती विशेषाङ्कः

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीको स्वर्णजयन्तीको पावन अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको लागि मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



महेन्द्रलाल श्रेष्ठ

स्थानीय विकास अधिकारी

एवं

जिल्ला विकास समिति, परिवार

बैतडी

अन्न दानात्परं नास्ति विद्या दान ततोधिकम् ।
अन्नेन क्षणिका प्राप्ता यावज्जीवति विक्षयेत् ।।

बालदीपिका
स्वर्ण जयन्ती विशेषाङ्क

२०६०

संरक्षक
श्री दिल्लीराज लेखक

सम्पादक मंडल
श्री हर्कबहादुर चन्द
श्री चन्द्रमोहन तिवारी
श्री गणेशमान श्रेष्ठ
श्री ईश्वरदत्त भट्ट
श्री गणेशदत्त लेखक

कम्प्यूटर टाईप :
आई.टी. प्रशिक्षार्थी


कम्प्यूटर सेटिङ
गणेशमान श्रेष्ठ

फोटो : गंगा फोटो स्टुडियो, गोठलापानी बैतडी

मुद्रित : १००० प्रति

आवरण : होराइजन कम्प्युटर, फोन : ४२६८८११
मुद्रक : मेघा अफसेट प्रेस, पुतलीसडक, काठमाडौं, फोन : ४२२६९४७

प्रकाशक: श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय
शाहीलेक, बैतडी, फोन :- ०९५-५२०१३७, फ्याक्स :- ०९५-५२०४२५
ईमेल : birendrasch@yahoo.com birendraschb@hotmail.com.



आवरण पृष्ठ सम्बन्धमा

लामो यात्रा तय गरेको एउटा निरीह वटुवाले भर्खरै छोडेको घरजम सम्झी बाटोको कुनै पीपल चौतारीमा बसेर सुस्केरा लिंदा एकछिन मनोरम हुन्छ । पिठ्युँमा बोझा राखी मन मस्तिष्कमा आफ्नो न्यानो संसार खेलाउँदै फिरफिरे हावादार पीपलबोटमा भारी विसाउँदा भरिया एक छिन आनन्दित हुन्छ । हाम्रो संस्कृतिकी परिचायिका एउटी सुसंस्कृत नारीले पीपलबोटमा जलसेंचन गर्दा वातावरण सुशोभित हुन्छ । अनि द्रवित भइन्छ होला । आफ्ना बालक्रीडाका दिनहरु सम्झेर जुन कुनै पीपलबोटको सामु वितेका थिए । यसैले पीपल हाम्रो रहनसहन र आफ्नोपनको मात्र अंश नभई संस्कृतिको पनि महत्वपूर्ण अंश हो । पीपलको सामाजिक, धार्मिक र वैज्ञानिक पक्ष आफ्नो ठाउँमा ससक्त छ ।


अब सन्दर्भ त्यस पीपलको, जुन यसै बालदीपिका विशेषाङ्कको आवरण पृष्ठमा सजेको छ । यो पीपल बैतडी सदरमुकाम शाहीलेक अवस्थित एउटा पुरानो पीपल हो । बैतडी रमण गर्नेहरु जो सुकैले आज पनि यसको जगमगाउँदो र लहलहाउँदो स्वरुपको शुभदर्शन गर्न सक्छन् । यस शुभाञ्जन वृक्षको हाम्रो विद्यालयसंग घनिष्ट भावनात्मक सम्बन्ध रहेको छ । किनभने २०११ साल पुष १ गते विद्यालयको शुभारम्भ यसै पीपल चौताराबाट भएको थियो । त्यस शुभ घडीमा यसै पीपल वृक्ष मुन्तिर विद्याकी देवी सरस्वतीले यस भेगको अशिक्षा निर्मूल गर्न ज्ञान रुपी शंख उद्घोष गरे जस्तो लाग्छ ।

तीन जना शिक्षक ३० जना विद्यार्थीहरुबाट आरम्भ गरिएको यस विद्यालयको उद्गम स्थान यही पीपल चौतारा हो । आज पीपलरुपी विद्यालय झाँगिएको छ, लहलहाएको छ र समाजमा एउटा स्थान पनि लिएको छ जुन सम्वद्ध स्वजनहरुको आँखाबाट ओझेल हुन सक्दैन । आवरण पृष्ठमा सजेको शुभाञ्जन पीपल वृक्ष, यसको मुन्तिर पढिरहेका बालबालिकामाझ प्रदीप्त दीपिका यस विद्यालयको प्रतीकात्मक स्वरुप हो, स्वर्णिम इतिहास पनि हो भने उक्त वृक्ष मुनीको तस्वीर वर्तमान विद्यालय भवन हो । आदरणीय पाठकवृन्दहरुमा सविनय निवेदन छ यसको स्मरण अक्षुण्ण रहिरहोस् ।

"ढुङ्गाको काप फोरेर पनि उम्रिन्छ पीपल
सिर्जना शक्ति कहिले पनि हुँदैन विफल"

॥ शुभमस्तु ॥

हार्दिक श्रद्धाञ्जली



विद्यालयका संस्थापक स्व. **श्री धनबहादुर चन्द**

मिति : २०६०/१०/२३

फोन : ४११४८८
४१४६८०

श्री ५ को सरकार
शिक्षा तथा खेलकूद मन्त्रालय
निजी सचिवालय



विषय : शुभकामना

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय, शाहीलेक, बैतडीले स्थापना कालको ५० औं वर्ष प्रवेशको उपलक्ष्यमा "**बालदीपिका**" स्वर्ण जयन्ती विशेषाङ्क प्रकाशन गर्न लागेको खवरले मलाई खुशी लागेको छ ।

शिक्षामा देखापरेको गुणस्तर वृद्धिका समस्या, शैक्षिक अवसरको समानुपातिक वितरण एवं पहुँच र विश्वसनीयता जस्ता चुनौतीहरुलाई सामना गर्न हामीले शैक्षिक नीति, कार्यक्रम र शैक्षिक व्यवस्थापनमा समसामयिक सुधार गर्दै लैजानु पर्ने देखिन्छ । शैक्षिक लगानीलाई परिणाममूखी बनाउन र विद्यालयलाई साधन स्रोतयुक्त बनाउन शिक्षक, अभिभावक एवं समस्त शिक्षाप्रेमीहरुको अथक प्रयास एवं सहयोगको खाँचो देखिन्छ । यसको लागि विद्यालयले समुदाय एवं नागरिक समाजसंग प्रत्यक्ष सरोकार एवं समन्वय स्थापित गरी आ-आफ्नो क्षेत्रबाट जिम्मेवारी बहनमा तदारुक्ता देखाउनु वाञ्छनीय छ ।

अन्तमा विद्यार्थीहरुको शैक्षिक एवं सृजनात्मक क्षमता अभिवृद्धिका लागि यस्ता प्रकारका प्रकाशनहरुले सहयोग पुऱ्याउने छ भन्ने विश्वासका साथ प्रकाशनको स्तरीयता, एवं निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(हरिबहादुर बस्नेत)
मन्त्री
शिक्षा तथा खेलकूद

Lokendra Bahadur Chand
Leader of the Party
&
Former Prime Minister of Nepal
Tel : 630427 (Res)
G. Post Box No. 10298
Lokanthali, Bhaktapur

Naxal
Kathmandu, Nepal.
Tel : 437057, 437058

मिति : २०६०/१०/२५

शुभकामना



वैतडी जिल्लाको सदरमुकाम स्थित श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय, शाहीलेक आफ्नो स्थापनाकालको ५० औं वसन्त पार गरी स्वर्ण जयन्ती मनाउन लागेकोमा मलाई ज्यादै खुशी लागेको छ। ५० औं वर्ष देखि पीछडिएको वैतडी जिल्लामा यस विद्यालयले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान अत्यन्तै सराहनीय एवं स्मरणीय रहेको छ। यसै सन्दर्भमा यस विद्यालयको भौतिक संरचना जुटाउने क्रममा समाज सवी स्वर्गीय धन बहादुर चन्द तथा उहाँका परिवारको योगदानलाई पनि विर्सनु हुन्न। साथै यस विद्यालयको चौतर्फी विकासका लागि पूर्व प्रधानाध्यापक तथा भु.पु. सहायक मन्त्री श्री गणेशदत्त लेखक लगायतका सञ्चालक वर्गको पनि उत्तिकै ठूलो देन छ।

यसै अवसरमा विद्यालयको वार्षिक प्रकाशनको रुपमा रहेको **"बालदीपिका"** को स्वर्ण महोत्सव विशेषाङ्क प्रकाशित हुन लागेकोमा पनि मलाई ज्यादै खुशी लागेको छ। बालबालिकाको सर्वाङ्गीण विकास सम्बन्धी विविध विधाहरु समेटी प्रकाशन हुन लागेको यस स्मारिकाले सबैमा बौद्धिक र शैक्षिक सन्देश छर्न ठूलो मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु।

यस उच्च माध्यमिक विद्यालयको प्रगतिका लागि सधै प्रयत्नशील सम्पूर्ण महानुभावका साथै स्वर्णजयन्ती स्मारिकाका लेख रचनाका बालश्रष्टा, शिक्षक तथा सम्पादन मण्डललाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस उच्च मा.वि.को स्तर बृद्धि तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

लोकेन्द्र बहादुर चन्द

श्री ५ को सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

बैतडी

(..... फाँट)

प.सं.

च.नं. मिति : .....

शुभकामना



श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीले आफ्नो स्वर्ण जन्मोत्सव मनाउने क्रममा यो विविध सामग्री समेटिएको स्मारिका प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ । "शिक्षा ज्ञानको ज्योति हो ।" यसको प्रकाश यस क्षेत्रका नागरिकहरुको अन्त:करणमा पुऱ्याउने काम निरन्तर अथक प्रयास गरिरहेका सबै महानुभावहरुलाई साधुवाद दिंदै स्वर्णोत्सव मनाउन पुगेको यस विद्यालयको उज्ज्वल भविष्यको कामना गर्दछु ।

(परशुराम अर्याल)
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय
बैतडी

श्री ५ को सरकार

स्थानीय विकास मन्त्रालय

जिल्ला विकास समितिको कार्यालय

बैतडी

प.सं.

च.नं. मिति : .....

शुभकामना

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीले स्वर्ण जयन्तीको उपलक्ष्यमा बालदीपिका नामक विद्यालय पत्रिकाको विशेषांक प्रकाशित गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ । विद्यालयका गतिविधिहरुलाई जनसमुदायसंग पुऱ्याउने अभिप्रायले प्रकाशित यस्ता पत्रिका शिक्षाक्षेत्रसंग सरोकार राख्ने सबैका लागि उपयोगी हुने कुरामा मैले विश्वास राखेको छु । विद्यालयको यस प्रकाशनले निरन्तरता पाउन सकोस् तथा विद्यालयको उत्तरोत्तर प्रगति हुँदै जाओस् यसका लागि शुभकामना व्यक्त गर्दछु ।

महेन्द्रलाल श्रेष्ठ
स्थानीय विकास अधिकारी एवं
जि.वि.स. परिवार
बैतडी

श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय


जिल्ला शिक्षा कार्यालय

बैतडी

प.सं.

च.नं. मिति : .....

शुभकामना



श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीले विद्यालयको स्वर्णजयन्तीको उपलक्ष्यमा विद्यालयको शैक्षिक गतिविधि, शैक्षिक तथ्यांक एवं रचना समेतको "**बाल दीपिका**" नामक पत्रिका प्रकाशन गर्न गै रहेको सुन्दा अत्यन्त खुशी लागेको छ ।

श्री वीरेन्द्र उ.मा.वि. शाहीलेकले स्थापना कालदेखि नै हालसम्म गरेको प्रगतिको सराहना गर्दै पत्रिकामा समेटिएका विविध शैक्षिक गतिविधि, शैक्षिक तथ्यांक तथा लेख रचनाहरु विज्ञ, जिज्ञासु एवं सर्वसाधाराणहरुको लागि उपयोगी हूनूका साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा शिक्षा क्षेत्रमा सम्बन्धित सबैको लागि पत्रिका स्रोत सामग्रीको रुपमा प्रकाशित हुनेछ भन्ने कुरामा म विश्वस्त छु । साथै पत्रिका प्रकाशनमा खर्चेको अथक प्रयासको सराहना गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

(जयबहादुर विष्ट)

जिल्ला शिक्षा अधिकारी


जिल्ला शिक्षा कार्यालय

बैतडी

श्री दशरथचन्द नगरपालिका कार्यालय
बैतडी

प.सं.
च.नं.

मिति : .....



शुभकामना

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीले विद्यालयको स्वर्णजयन्तीको शुभअवसर पारी स्वर्ण जयन्ती विशेषाङ्को रुपमा **"बालदीपिका"** नामक पत्रिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

बैतडी जिल्लाको सदरमुकाममा अवस्थित यस विद्यालयले गत विगतमा भोग्नु परेका विभिन्न आर्थिक, सामाजिक कठिनाइहरुका बावजुद यस क्षेत्रको शैक्षिक, सांस्कृतिक तथा खेलकुदका क्षेत्रमा अग्रणी स्थानमा रही पुऱ्याएको योगदान प्रशंसनीय छ। बालदीपिका पत्रिकाको नियमित प्रकाशन गरी विद्यालयका गतिविधि तथा क्रियाकलापहरुलाई अभिभावकहरु समक्ष राख्न यो पत्रिका अवश्य सफल हुनेछ भन्ने शुभेच्छाका साथ भविष्यमा यसको समुन्नति होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

(गणेशबहादुर भण्डारी)
नगर प्रमुख
दशरथचन्द नगरपालिका
बैतडी


श्री दशरथचन्द नगरपालिका कार्यालय

बैतडी

प.सं.

च.नं. मिति : .....

शुभकामना



श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीद्वारा विद्यालयको स्वर्णजयन्तीको उपलक्ष्यमा स्वर्ण जयन्ती विशेषाङ्कको रुपमा **"बालदीपिका"** पत्रिका प्रकाशित हुन गइरहेको थाहा पाउँदा म अत्यन्त हर्षित भएको छु ।

यस विद्यालयले विगत ५० वर्षमा शैक्षिक क्षेत्रमा निर्वाह गरेको उल्लेखनीय भूमिका सराहनीय छ । बालदीपिकाको माध्यमबाट यस संस्थाले गरेका क्रियाकलापहरुलाई जनसमक्ष प्रस्तुत गर्न यो पत्रिका सफल रहोस् भनी शुभकामना प्रकट गर्दछु ।

(पदमबहादुर चन्द)
नगर उप प्रमुख
दशरथचन्द नगरपालिका,
बैतडी

सम्पादकीय

"बालदीपिकाको विशेषाङ्क यहाँहरुका हातमा छ । विद्यालयका गतिविधिहरुलाई यहाँहरु समक्ष पुऱ्याउने तथा बालबालिकाहरुमा अन्तर्निहित प्रतिभालाई प्रष्फुटनको अवसर प्रदान गर्ने उद्देश्यले २०३८ सालदेखि विद्यालयको वार्षिक मुखपत्रको रुपमा **"बालदीपिका"** को प्रकाशन आरम्भ भएको थियो तर कतिपय कठिनाइहरुले गर्दा २०४३ साल पछि यसको प्रकाशनले निरन्तरता पाउन सकेन ।

यसपालि विद्यालय ५० औं बर्षमा प्रवेश गरेको उपलक्ष्यमा स्वर्णजयन्ती मनाइरहेको र आत्ममूल्याङ्कनको खोजी गर्नु तथा भविष्यको लागि दिशाबोध गर्नु पनि विद्यालयका लागि यतिखेर आवश्यक भएकोले विद्यालयका विगतका गतिविधिहरुलाई यहाँहरु समक्ष पुऱ्याउने अभिप्रायले **"बालदीपिका"** लाई विशेषाङ्कका रुपमा तयार पारी यहां समक्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत अंकमा यस विद्यालयको विगत ५० बर्षको भूमिकाको एक झलक चित्र र अक्षरहरुका माध्यमले यहाँहरु समक्ष पुऱ्याउने प्रयास भएको छ । विद्यालय भनेको सर्वपक्षीय चासो र सरोकारको विषय भएकोले यस अंकभित्र समाविष्ट सामग्रीहरुले विद्यालयका बारेमा केही सोच्ने तथा केही भन्ने आधार सामग्री यहांहरुलाई प्रदान गर्न सके हामी आफ्नो प्रयासमा आफूलाई सफल भएको ठान्ने थियौं ।

प्रकाशन सम्बन्धी स्वल्पज्ञान तथा साधन स्रोतको अभावका कारणले कतिपय आवश्यक कुराहरुलाई यसमा समावेश गर्न सकिएको छैन होला । समाविष्ट सामग्रीहरुलाई पनि राम्रो ढंगबाट सम्पादन गर्न नसकिएको हुनसक्दछ । यसका लागि हामी क्षमायाचना गर्दछौं र साथसाथै अग्रगामी सुधारका लागि यहाहरु सबैको सल्लाह, सुझाव,प्रेरणा र सद्भावको अपेक्षा राख्दछौं ।

"बालदीपिका" को यस विशेषाङ्कसंगै हामी यहाँहरु समक्ष यो कुरा पनि सहर्ष प्रस्तुत गर्न गइरहेका छौं कि "बालदीपिका" को प्रकाशनले अब उप्रान्त निरन्तरता पाउने भएको छ । यसको छैठौं अंक यथासमय प्रकाशित भई यहाँहरु समक्ष आइपुग्ने छ ।

अन्तमा यस विशेषाङ्कको लागि आफ्ना अमूल्य रचनाहरु प्रदान गरिदिनुहुने, आर्थिक, भौतिक एवं भावनात्मक सहयोगका साथै प्राविधिक कार्यमा सहयोग पुऱ्याई यसको प्रकाशनलाई सजिलो पारिदिनुहुने सबै महानुभावहरुमा आभार सहित धन्यवाद ज्ञापन गर्दछौं ।

सं. म.

विषय सूची

क्र.सं.	लेख लहर / अनुभवीहरूको कलम	लेखक, रचनाकार	पृष्ठ
१.	सरस्वती वन्दना	ईश्वरदत्त भट्ट	१
२.	विद्यालय व्यवस्थापन समितिका अध्यक्षको मन्तव्य	प्रतापसिंह ठगुन्ना	२
३.	प्राचार्यको कलमबाट	डिल्लीराज लेखक	३
४.	विद्यालयको मौजुडा अवस्थाको विवरण		९
५.	२०११ सालदेखि हालसम्मका वि.व्य.स. नामावली		१३
६.	स्थापना कालदेखि हालसम्मका प्र.अ./प्राचार्य		१९
७.	विद्यालयमा उल्लेखनीय घटनाहरु		१९
८.	संस्थापक विद्यार्थी		२१
९.	स्थापना कालदेखि हालसम्म सेवा पुऱ्याएका शिक्षक		२२
१०.	विदेशी स्वयंसेवक शिक्षकहरु		२५
११.	स्थापनाकालदेखि हालसम्मका कर्मचारी		२६
१२.	विद्यालयका अभिलेखहरु		२७
१३.	निरीक्षण पुस्तिकाबाट		३५
१४.	परीक्षाफल		४०
१५.	अर्न्तवार्ता		४२
१६.	स्मृतिका पानाहरुबाट	श्री हेमराज लेखक	४६
१७.	केही पुराना संस्मरण	श्री आत्माराम ओझा	४९
१८.	२०११ साल अघिको बैतडीको शैक्षिक स्थिति र . .	डा. देवीप्रसाद ओझा	५०
१९.	स्वर्ण जयन्तीको हार्दिक मंगलमय कामना	प्रा. आनन्ददेव भट्ट	५४
२०.	संवैधानिक निकायहरुको संक्षिप्त परिचय	प्रा.डा. भीमदेव भट्ट	५६
२१.	राजनीतिबाट शिक्षा क्षेत्र दुष्प्रभावित हुनु हुदैन	डा. मुकुन्द कलौनी	६३
२२.	सुदूर पश्चिमाञ्चल विश्वविद्यालय : अवधारणा..	डा. करवीरसिंह खत्री	६६
२३.	Rationale of English Literature in Nepal -	Dr. Chandan Singh Bohara	७०
२४.	Teaching Listening Skill	Laxman Bhatt	७४
२५.	गणित सिकाइको सेरफेरोबाट	श्री हर्कबहादुर चन्द	७६
२६.	नेपाली भाषा शिक्षणमा भाषिक	श्री चन्द्रमोहन तिवारी	७८
२७.	ब्लेक होल	श्री पुष्पराज लेखक	८१
२८.	कम्प्यूटर शिक्षा	श्री गणेशमान श्रेष्ठ	८२
२९.	नारी शिक्षा : आजको आवश्यकता	श्री ध्रुवबहादुर चन्द	८४
३०.	गुणस्तरीय शिक्षा र विद्यमान समस्या	श्री ईश्वरदत्त भट्ट	८५

कविता

१.	आकांक्षा	श्री जगदीश क्षेत्री	५३
२.	हिमाली सौन्दर्य	श्री भानसिंह ऐरी	५५
३.	कसले बुझ्छ नारी व्यथा	श्री बलभद्र दयाल	६९
४.	शुभकाना	श्री प्रकाश लुहार	८०



सरस्वती वन्दना

ईश्वरदत्त भट्ट

जयति जय हे सरस्वती, जय हे विणा वादिनी ।
जयति जय हे विद्याकी देवी, जय हे पुस्तक धारिणी ॥

तिमी ज्योति पुञ्ज हौ सूर्य चन्द्र झैं चम्की दियौ ।
पुस्तक र कलम लिएर आउँछौं एक टुक्रा दीप भइ दियौ ॥

बजाइ देउ विणाको बाजा र फैलाई देउ प्रेरणा र आशा ।
अभ्यास, मेहनत, ध्यान र लगनता हो तिम्रो पूजा ॥

ज्ञानका भण्डारहौ अक्कल र गुणगानका खानी ।
जिब्रो जिब्रोमा बास गरि देउ हराइ देउ हाम्रो छुद्रमूढ बानी ॥

विविध ज्ञानको पुस्तक ल्याउँछयौ गुरु आमा हौ तिमी ।
बनायौ गौतम बुद्ध न्यूटन र कालीदास पनि ॥

विणाको स्वर संगै त्यो पुस्तक पढी देऊ र पढाइ देऊ ।
आकाश पुग्ने रहर छ हाम्रो तारा बनाइ पढाइ देऊ ॥

तिमी वसन्त की सुन्दरी हौ हरीयाली छरछ्यौ सबैमा ।
जाडो शिशिर धपाए झै अन्धकार नासी प्रकाश ल्याउछौ ॥

तिमी सागर झै गहरीछ्यौ आकाश झै स्वच्छ र अनन्त ।
हामी डुबुल्की लगाउदै जान्छौ हंश पखेटा जुडाउँदै जाऊ ॥

तिमी आभूषण हौ जगका सुन्दर सुसज्जित पारि देऊ ।
शान्तिभाव र आर्दश सिर्जना गरी विश्व उज्ज्ल बनाइ देऊ ॥

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको मन्तव्य



पूर्व निङ्गलाशैनी भगवती, पश्चिम त्रिपुरासुन्दरी भगवती, उत्तर पवित्र ईश्वरी गंगाधाम र दक्षिण श्री ग्वाल्लेक केदार बाबाको पवित्र स्थल यति चार किल्ला भित्र ईष्टदेव जगन्नाथ बाबाको मन्दिरको फेदमा अवस्थित श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय समयको गति अनुसार बदलिंदो परस्थितिमा समय सापेक्ष शिक्षा आम जनसमुदायलाई उपलब्ध गराउन प्रयासरत छ ।

शिक्षाप्रेमी , समाजसेवी, दूरद्रष्टा हाम्रा अग्रजहरुको सामुहिक प्रयास स्वरुप बैतडी हाईस्कूलका नामले वीजारोपण गरिएको यो विद्यालयले विभिन्न चुनौतीहरुको सामना गर्दै र विभिन्न आरोह अवरोह पार गर्दै श्री वीरेन्द्र उ.मा.वि.को रुपमा साधारण शिक्षाको साथ साथै बदलिंदो परिस्थिति एवं समयको आवश्यकता अनुसार प्राविधिक शिक्षा उपलब्ध गराउने जमर्को गर्दै ५० वर्षमा प्रवेश गरी स्वर्ण वार्षिकोत्सव मनाउन गै रहेको छ । यस अवसरमा यस विद्यालयलाई यहाँसम्म डोऱ्याएर ल्याउनु हुने , प्रत्यक्ष वा परोक्ष रुपमा आ-आफ्नो स्तरबाट आवश्यक सल्लाह एवं सहयोग प्रदान गर्ने दिवंगत आत्माहरुप्रति हार्दिक भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु साथै विद्यालयको उत्तरोत्तर प्रगतिका लागि समय समयमा आफ्ना बैचारिक सुझावहरु सक्दो भौतिक एवं आर्थिक सहयोग र जनश्रम उपलब्ध गराउनुहुने संघसंस्था/कार्यालय, बुद्धिजीवी, व्यापारी एवं स्थानीय युवा साथीहरुप्रति हार्दिक कृतज्ञताका साथ धन्यवाद अर्पण गर्दै आभार व्यक्त गर्दछु ।

नेपालमा शिक्षा क्षेत्रको विकासका लागि २००७ साल देखिनै विभिन्न स्तरमा धेरै आयोग, समिति तथा योजनाहरु बने तापनि यस क्षेत्रमा तिनले दिएका सुझाव तथा सिफारिसहरु कतिपय कार्यान्वयन भए भने कतिपय भएनन् । यसरी हेर्दा अझै पनि देशको आवश्यकतालाई मध्यनजर गरी यस क्षेत्रमा समय सापेक्ष सुधार गर्नु नितान्त आवश्यकता छ भन्ने महसूस गरिएको छ । हाम्रो विद्यालयको सन्दर्भमा भन्ने हो भने समयको गतिलाई पछ्याउँदै अगाडि बढ्न तीनवटै पक्ष शिक्षक, विद्यार्थी र अभिभावकले विद्यालयको अवस्था र आवश्यकतालाई अध्ययन गर्दै तन, मन र धनले लागी पर्न आवश्यक छ भने यी तीन वटै पक्षमा विद्यालयका लागि विद्यार्थी नै निकटतम भएका हुँदा विद्यार्थीमा हुनु पर्ने गुणहरु - कागको जस्तो चेतना, बकुल्लाको जस्तो ध्यान, कुकुरको जस्तो निद्रा, आवश्यकता अनुसारको भोजन, घरको चिन्ताबाट दूर हुन गै अनुशासित भएमा विद्यालयको नाम उजागर हुनेमा दुई मत रहने छैन । यसर्थ हरेक विद्यार्थीले विद्यालयको नियमानुसार विद्यार्थी आचारसंहिताको पालना गर्दै अगाडि बढ्नु विद्यालय एवं आफ्नै हितका लागि पनि आवश्यक छ ।

यस क्षेत्रमा शिक्षाको ज्योति हरदम बलिरहोस्, शिक्षाको अवसरबाट कसैले पनि बञ्चित हुन नपरोस् तथा यस विद्यालयले समय सापेक्ष शिक्षा प्रदान गर्नमा अग्रणी भूमिका जुन हिजोका दिनमा खेल्दै आएको थियो भविष्यमा पनि उक्त भूमिका निर्वाह गर्दै जाओस् भन्ने **"बाल दीपिका"** नामक पत्रिका **"स्वर्ण जयन्ती विशेषाङ्क"** को रुपमा प्रकाशित गर्ने जमर्को गरेको छ । यस पत्रिकालाई प्रकाशनमा ल्याउन विभिन्न कोणबाट सहानुभूति एवं सद्भाव राखी सहयोग पुऱ्याउनु हुने महानुभावहरुप्रति कृतज्ञता अर्पण गर्नुका साथै पत्रिका प्रकाशनमा देखा परेका त्रुटिहरुका लागि क्षमायाचनाका साथ आवश्यक टिप्पणी एवं सुझावहरु दिशानिर्देशकारुपमा ग्रहण गर्नेछौं ।

धन्यवाद

प्राचार्यको कलमबाट.....



श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय ५० औं वर्षमा आइपुगेको छ । यस उपलक्ष्यमा यसले यसपालि स्वर्णजयन्ती पनि मनाउँदै छ । शिक्षा दिने जस्तो संवेदनशील कार्यको जिम्मेवारी बोकेर आधा शताब्दी लामो यात्रा तय गर्नु कम महत्वपूर्ण कार्य होइन यसका लागि । यसैले आजको सन्दर्भमा यस विद्यालयको सम्बन्धमा प्रश्न उठ्न सक्छ जस्तो कि यसको विगतको भूमिका कस्तो रऽयो ? वा के के दिनसक्यो यसले समाजलाई ५० वर्षको लामो अवधिमा ? आदि इत्यादि । मलाई लाग्छ आजको सन्दर्भमा विद्यालयका सम्बन्धमा यस्तो प्रश्न उठ्नु स्वाभाविक छ र विगतको सिंहावलोकन गर्ने यो एउटा उपयुक्त समय पनि भएकोले विगतको आफ्नो भूमिकाको खोजी गर्नु विद्यालय स्वयंका लागि पनि आवश्यक छ ।

तर यस सम्बन्धमा मेरो भनाइ के चाहिं छ भने एउटा विद्यालयले समाजलाई दिने कतिपय कुराहरु यस्ता हुन्छन् जसको कुनै मूर्तरुप हुँदैन र जसको कुनै अभिलेख बन्न सक्दैन । विद्यालयतिर सरसर्ती हेर्दैमा पनि धेरै कुरा कमाई अथवा गुमाई सकेको हुन्छ हेर्नेले भने आधा शताब्दी लामो समाजसंगको संलग्नताबाट समाजले के पायो ? वा समाजलाई यसले के दियो ? भन्ने कुरालाई निश्चित नाप तौलको भाषामा भन्न सकिने अवस्था छैन । अत : यस्ता अर्मूत कुराहरुका लागि समाजको अनुहारको अध्ययन बढी उपयोगी हुनेछ भन्ने भनाइ राख्दै यस विद्यालय स्थापनाका बखत हाम्रो समाजको शैक्षिक अवस्था कस्तो थियो र यस विद्यालय खोल्नुको पछाडि यसका संस्थापकहरुको त्यतिबेलाको सोचाइ के थियो ? भन्ने कुरालाई अनुमान गरी आफ्नो उद्देश्य प्राप्तिको दिशामा यस विद्यालयको भूमिका कस्तो रऽयो भन्ने कुराको सामान्य चित्रण यहाँ प्रस्तुत गर्न खोजेको छु ।

यस विद्यालयको स्थापना विक्रम संम्वत् २०११ सालमा भएको थियो । २०११ सालको समय भनेको यस्तो समय थियो जुन बेला हाम्रो समाजमा शैक्षिक अवसरहरुको नितान्त अभाव थियो र शिक्षा भनेको बहुसंख्यक जनताको पहुँच भन्दा निकै बाहिरको कुरा थियो । समाजमा रहेका ज्यादै थोरै धनीमानीहरुले आफ्ना छोराछोरीहरुलाई भारततिर पठाएर पढाइरहेकै थिए भने बहुसंख्यक गरीव जनता पढ्नपाउने अवसरहरुको अभावमा शिक्षासम्म आफ्नो पहुँचको आशै नराखी निराश बसेका थिए । राणाकालीन अवशेषको रुपमा रहेको सामन्ती सोच शिक्षालाई सर्वसुलभ पार्नु हुँदैन भनी एकातिर शिक्षाको विकासमा अवरोधको रुपमा उभिएको थियो भने बहुसंख्यक गरीव जनता शिक्षाप्रति उदासीन भएर अर्कोतिर बसेका थिए । यस्तो विषम र चुनौतीपूर्ण अवस्थामा समाजमा शैक्षिक अवसरको सिर्जना गरी समाजका सबै वर्गहरुको पहुँचलाई शिक्षा सम्म सुगम पार्नुपर्दछ तथा शिक्षाको माध्यमबाट सभ्यताको हरेक पक्षमा पछाडि परेको यस समाजलाई उन्नतितिर डोऱ्याउनु पर्दछ भन्ने मनसायबाट यसका संस्थापकहरुले यस विद्यालयको स्थापना गरेका हुनाले यो विद्यालयले पनि शैक्षिक अवसरहरुको सिर्जना गर्ने तथा यसलाई सर्वसुलभ पार्ने दिशामा नै मूल रुपले केन्द्रित रहेर आफ्नो भूमिकालाई अगाडि बढाएको छ भन्ने मैले ठानेको छु । यस क्रममा विगत ५० वर्षको अवधिमा भए गरेका मुख्य मुख्य कुराहरुलाई निम्न अनुसार प्रस्तुत गरेको छु ।

१. कक्षा ५ सम्मको पढाइबाट २०११ सालमा स्थापना भएको यस विद्यालयमा वर्षैपिच्छे कक्षा थप गर्ने कार्य भयो र परिणामस्वरुप चार वर्षको छोटो अवधिमै विक्रम सम्वत् २०१५ सालमा यसले हाईस्कूलको

स्वीकृति पायो । बैतडी जिल्लाको पहिलो हाईस्कूलको रुपमा यो विद्यालय स्थपित भयो । यस विद्यालयको सेवा क्षेत्र अब यस भेग सम्ममात्रै रहेन । यसको सेवा क्षेत्र जिल्लाव्यापी भएर गयो । जिल्लाका टाढा टाढा भेगका विद्यार्थीहरुले पनि यहाँ आएर पढ्ने अवसर पाए । शैक्षिक अवसरहरुको सिर्जना र सर्वसुलभ पार्ने दिशामा आफ्नो जीवनको प्रारम्भिक अवस्थामा विद्यालयले गरेको यो एउटा महत्वपूर्ण कार्य थियो भन्ने मैले ठानेको छु ।

२. २०१५ साल पछि विद्यालयको सेवा क्षेत्रमा भएको विस्तारको परिप्रेक्ष्यमा टाढाटाढाबाट पढ्न आउने विद्यार्थीहरुलाई वसोवासको अप्ठ्यारो नहोस् र वसोवासको सुविधाबाट थप विद्यार्थीहरु विद्यालयतिर आकर्षित होऊन् भन्ने अभिप्रायले स्व.श्री धन बहादुर चन्द ज्यूले दान स्वरुप प्रदान गर्नु भएको शाहीलेक बजारको घरमा विक्रम सम्वत् २०२१ सालमा श्री कृष्णध्वज छात्रावासको नामले एउटा छात्रावास संचालन गर्ने महत्वपूर्ण कार्य भयो । उक्त छात्रावास अहिले पनि सञ्चालनमा छ र क्षमता वृद्धिका दृष्टिले त्यतिबेलाको भन्दा अहिले निकै अगाडि छ तापनि त्यति बेलाको त्यो ८ कोठे छात्रावास भवन टाढाटाढाका विद्यार्थीहरुका लागि विद्याश्रमका रुपमा निकै उपयोगि रऽयो र २०२१ साल देखि अहिले सम्म एक हजार भन्दा बढी विद्यार्थीहरु त्यसबाट लाभान्वित भए ।

३. २०२१ सालमा अगाडि आएको बहुउद्देश्यीय विद्यालयको अवधारणा अनुरुप महाकाली अञ्चल कै एक मात्र बहुउद्देश्यीय विद्यालयको रुपमा यसको रुपान्तरण भयो र यस क्रममा २०२१ सालमा बैतडी हाईस्कूलको ठाउँमा श्री वीरेन्द्र बहुउद्देश्यीय विद्यालयको नामले यसको नामाकरण पनि भयो । साधारण विषयहरुका साथसाथै व्यावसायिक विषयहरुको पनि शिक्षा दिई व्यवसायोन्मुख जनशक्ति उत्पादन गर्ने अवधारणा अनुरुप जव यस विद्यालयमा व्यावसायिक विषयहरुको पढाइ आरम्भ भयो त्यति बेला एउटामात्रै भए पुग्थ्यो तर यस विद्यालयले कृषि, औद्योगिक शिक्षा एवं कार्यालय सञ्चालन र लेखा समेत गरी ३ वटा व्यावसायिक विषयहरुको कक्षा सञ्चालन गरी आफ्नो रोजाइ अनुसार पढ्न सक्ने अवसर विद्यार्थीहरुलाई उपलब्ध गरायो । रोजगारी एवं व्यवसायमूलक शिक्षाको नितान्त अभाव रहेको यस भेगका हजारौं विद्यार्थीहरु यसबाट लाभान्वित भए । बहुउद्देश्यीय विद्यालयको रुपमा रुपान्तरण भएपछि विद्यालयको भौतिकपूर्वाधार विकासको दिशामा तथा शिक्षकहरुको दक्षता वृद्धिका दिशामा पनि राम्रो प्रगति भयो ।

४. २०१५ साल पछि यस जिल्लामा हाईस्कूलहरुको संख्यामा क्रमिकरुपले वृद्धि हुँदै गइरहेको थियो । यसले गर्दा हाईस्कूल सम्मको पढाइका लागि केही अनुकूल वातावरण बन्दै गइरहेको भए पनि हाईस्कूल पछिको अध्ययनका लागि भने जिल्ला भित्र कुनै अवसर थिएन । विपन्न वर्गका विद्यार्थीहरुका लागि पढ्ने चाहना भए पनि अवसरहरुको अभावमा अगाडिको अध्ययनबाट वंञ्चित रहनु पर्ने अवस्था थियो । यसैले २०२२ सालमा यस भेगमा एउटा कलेज खोल्ने दिशामा समेत यस विद्यालयले पहल गऱ्यो । श्री जगन्नाथ इन्टर कलेजका नामले एउटा संस्था प्रस्तावित गरी त्यसको स्थापनार्थ साधन स्रोत जुटाउने कार्यमा विद्यालयले अग्रसरता देखायो । यद्यपि विभिन्न कारणहरुले गर्दा कलेज स्थापना गर्ने कार्यमा २०४६ साल सम्म सफलता मिलेन तर यस दिशामा हुँदै गरेको निरन्तरको प्रयास पछि विक्रम सम्वत् २०४६ सालमा आएर त्रिभुवन विश्वविद्यालयसंग सम्बन्धन लिएर श्री जगन्नाथ क्याम्पसका नामले प्रमाणपत्र तहको एउटा स्वतन्त्र अस्तित्वको शिक्षण संस्था जन्माउने कार्यमा विद्यालयले सफलता

हासिल गरेर छाड्यो । आफ्नो पहलमा जन्मिएको उक्त क्याम्पसलाई आफ्नो परिसर भित्रै स्थापित गरी ८ वर्ष सम्म आफ्नै साधन स्रोतबाट त्यसको पोषण समेत गऱ्यो । यति मात्र होइन नवजात संस्थालाई एउटा आत्मनिर्भर संस्थाको रुपमा उभ्याउन त्यसको लागि पूर्वाधार खडा गर्ने कुराका लागि समेत गर्नु पर्ने कार्यको नेतृत्व विद्यालयले नै लियो । विद्यालयको सक्रिय प्रयासमा खडा भएको पूर्वाधारमा आज उक्त क्याम्पस जगन्नाथ बहुमुखी क्याम्पसको नामले एउटा आत्मनिर्भर संस्थाको रुपमा खडा भइरहेको छ र प्रमाणपत्र तहको साथसाथै स्नातक तहका बी.ए. र बी.एड. कक्षाहरु सञ्चालन गर्दै विकास र विस्तारका दिशामा सन्तोषजनक ढंगले अगाडि बढीरहेको छ ।

समाजमा शैक्षिक अवसरहरुको सिर्जना गरी शिक्षालाई सर्वसुलभ पार्ने दिशामा यस विद्यालयले चालेका रचनात्मक कदमहरु मध्येको एउटा उत्कृष्ट नमूना हो , जगन्नाथ बहुमुखी क्याम्पस ।

५. शिक्षासम्म पहूँच नपुगेकाहरुको लागि उपयुक्त अवसरहरुको सिर्जना गरी शिक्षासम्म समाजका हरेक वर्गको पहूँच सुलभ पार्ने दिशामा यस विद्यालयबाट हुँदै आएका प्रयासहरु मध्ये एउटा अर्को उत्कृष्ट उदाहरण हो महिला फीडर छात्रावास । २०४४ सालदेखि यस विद्यालय अन्तरगत सञ्चालित उक्त छात्रावासमा दार्चुला, डडेलधुरा र बैतडी जिल्लाका दुर्गम भेगका र त्यस मध्ये पनि खास गरी सामाजिक र आर्थिक रुपले पछाडि परेका महिलाहरुका लागि भोजन एवं आवासको व्यवस्था गरिएको छ र छात्रावासमा बस्ने छात्राहरुले विद्यालयमा निःशुल्क रुपमा पढ्न पाउँछन् । यस व्यवस्था अन्तरगत २०४४ सालदेखि अहिले सम्ममा २०० भन्दा बढी महिलाहरु लाभान्वित भइसकेका छन् । यसरी शिक्षाको क्षेत्रमा पुरुषहरुको दाँजोमा निकै पछाडि परेका महिलाहरुलाई शिक्षाको पहूँचभित्र ल्याउन उचित सुविधा सहित सञ्चालित यस महिला फीडर छात्रावासको माध्यमबाट विद्यालयले निर्वाह गरिरहेको भूमिका समाजका लागि कम उपयोगी नहोला भन्ने मैले ठानेको छु ।

६. २०११ सालमा स्थापित भई २०१५ सालमा हाईस्कूलको स्वीकृति पाएको यस विद्यालयको २०५६ सालमा आएर स्वरुप नै फेरियो । विद्यालय तहमै ११ र १२ कक्षाको पढाइ पनि सञ्चालन गर्न सकिने सरकारी नीति अनुरुप उच्च माध्यमिक शिक्षा परिषदबाट सम्बन्धन लिई २०५६ सालको श्रावण महिनादेखि यो विद्यालय माध्यमिक विद्यालयबाट उच्च माध्यमिक विद्यालयमा परिणत भयो । उच्च माध्यमिक तहका कक्षाहरु सञ्चालन गर्ने क्रममा उल्लेखनीय कुरा के चाहिं छ भने अरु विषयहरुभन्दा विज्ञान विषयको पढाइलाई प्राथमिकता दिइयो । बैतडी जस्तो साधन स्रोत र उच्च स्तरीय जनशक्तिको अभाव भएको ठाउँमा उच्च माध्यमिक तहमा विज्ञान कक्षाहरु सञ्चालन गर्नु कम चुनौतिपूर्ण काम थिएन तर एस.एल.सी. परीक्षामा केही राम्रो गरी उत्तीर्ण भएका र विज्ञानको पढाइ गर्न इच्छा पनि राख्ने तर क्याम्पसहरु सम्म पहूँच नभएका विद्यार्थीहरुको मार्कालाई दृष्टिगत गर्नुका साथै भोलिका दिनमा प्राविधिक क्षेत्रको उच्चस्तरीय जनशक्ति समेत उत्पन्न हुन सक्ने कुराको आशाले समेत पढाइ सञ्चालन गर्ने क्रममा आउने जस्तोसुकै चुनौतीहरुसंग पनि संघर्ष गर्दै जाने र यस क्रममा समाजको सहयोग आकर्षित गर्ने सोचाइ राखी विज्ञान विषयको पढाइलाई नै प्राथमिकता दिने काम भयो ।

यस विद्यालयको शैक्षिक क्रियाकलापहरुप्रति आशावादी रहेको समाजबाट उच्च माध्यमिक तहमा कार्यक्रम थप गरी अन्य समूहको पढाइ समेत सञ्चालन गरिदिने भनी विद्यालयसामु माग आउन

थालेकोले समाजको माग अनुरुप २०५८ साल देखि मानविकी, शिक्षा र व्यवस्थापन समूहका कक्षाहरु पनि थप गरिए। अहिले उच्च माध्यमिक तहमा २४ विषयहरु सहित चारवटै समूहहरुको पढाइ भइरहेको छ। यो विद्यालय उच्च माध्यमिक विद्यालय भए पछि यसको सेवा क्षेत्र अञ्चल व्यापी भएर गएको छ र हाईस्कूल पछिको पढाइका लागि भारततिर पस्नु पर्ने हिजोसम्मको बाध्यात्मक परिस्थितिमा निकै सुधार देखा परिरहेको छ।

७. रोजगारीमूलक शिक्षाको खाँचो महसूस भइरहेको वर्तमान सन्दर्भमा यो अभावलाई कम गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT) ले सक्षमताको आधारमा विद्यालयहरुको छनौट गरी साधारण विषयहरु पढाइरहेका विद्यालयहरुमा रोजगारीमूलक प्राविधिक शिक्षालाई पनि नमूनाको रुपमा सञ्चालन गर्ने भनि लिएको नीति अनुरुप अधिराज्य व्यापीरुपमा यसका कार्यका लागि विद्यालयहरुको छनौटहुदा यो विद्यालय पनि छनौट भित्र पऱ्यो र २०५९ साल देखि प्राविधिक शिक्षाको रुपमा **Annex** कार्यक्रम यस विद्यालयमा लागु भयो। **Annex** कार्यक्रम अन्तरगत अहिले एस.एल.सी. पछिको १५ महिने सूचना प्रविधिकोर्षको प्रशिक्षण कार्य चलिरहेको छ। कोटा क्षमता ३० भएको यस कोर्ष अन्तरगत २०५९।०६० को प्रशिक्षार्थीहरुको पहिलो समूह १२ महिने कोर्ष समाप्त गरी त्यस पछिको ३ महिने O.J.T. मा संलग्न छ भने २०६०।०६१ को लागि छनौट भएका प्रशिक्षार्थी अहिले प्रशिक्षणरत छन्। **Annex** कार्यक्रम अहिले एउटा उत्साह र आकर्षणको बीचमा संन्तोषजनम ढंगबाट अगाडि बढी रहेको छ।

८. विगतमा मूल रुपमा साधारण शिक्षाको दिशामा लक्षित रहेको यस विद्यालयको भूमिका २०५६ साल पछि आएर प्राविधिक शिक्षाको दिशातिर पनि लक्षित हुदै गइरहेको छ। माध्यमिक तहमा इच्छाधीन द्वितीयमा कम्प्यूटर विज्ञान विषयको पढाइ, उच्च माध्यमिक तहमा विज्ञान समूहको पढाइ तथा **Annex** अन्तरगत सूचना प्रविधि कोर्षको प्रशिक्षण प्राविधिक शिक्षाको दिशामा भइरहेका पहलहरु हुन। प्राविधिक शिक्षाका लागि अवसरहरु हुदै न भएका यस ठाउका लागि विद्यालयले अगाडि सारेको यस समय सापेक्ष भूमिकाबाट सामाजिक एवं राष्ट्रियहित अभिवृद्धिमा ठूलो सहयोग पुग्ला भन्ने कुरामा मैले विश्वास राखेको छु।

९ ३० जना विद्यार्थी र ३ जना शिक्षकहरुबाट २०११ सालमा स्थापना भएको यस विद्यालयको त्यति बेला स्व. श्री धन बहादुर चन्द ज्यू ले उपलब्ध गराउनु भएको सानो २ कोठे भवन र शाहीलेक बजारको पीपल वृक्षको छहारी मात्रसम्पत्तिको रुपमा रहेका थिए। त्यस अवस्थाबाट अगाडि बढेको विद्यालय संग अहिले २२ रोपनी जगाा ६४ कोठा भएका घर १३ छन्। यन्त्र,उपकरण, फर्निचर विभिन्न शैक्षिक सामग्रीहरु छन्। अहिले विद्यालयसंग रहेको नगदी जिन्सी सबैको मूल्याङ्कन हुदा वर्तमान मूल्यमा तीन करोड भन्दा बढीको छ। विद्यालयमा अहिले सञ्चालन भइरहेका कार्यक्रमहरुलाई आफ्नै साधन स्रोतको भरमा सञ्चालन गरेर लैजान विद्यालय सक्षम छ। हिजोको त्यो अवस्थाबाट विद्यालय आज यो अवस्थामा उभिएको हेर्न पाउदा सबैलाई सन्तोष लागेको होला भन्ने पनि मेले सम्झेको छु।

यसरी यस विद्यालयले आफ्नो ५० वर्षे जीवनकालमा गरेका माथि उल्लेखित केही महत्वपूर्ण कार्यहरुको अधारमा म के भन्न चाहन्छु भने यो विद्यालय यस भेगको शैक्षिक विकासका लागि आफ्नो स्थापना काल देखि नै जिम्मेवारीपूर्ण ढंगले लागि परेको थियो। भौगोलिक विकटता र साधन स्रोतको न्यूनताका बावजूद

विगतमा समाजलाई यसले जे दियो त्यो कुरा समाजका लागि कम उपयोगी थिएन । समाजको शैक्षिक विकासका लागि यस अवधिमा केही यस्ता महत्वपूर्ण कार्यहरुका लागि पनि यस विद्यालयबाट पहल भयो जसका लागि सरकारी वा अन्य कुनै गैरसरकारी पक्षबाट पहल भएको थिएन । त्यस्ता कुराहरुको लागि अन्य पक्षको पहलको प्रतिक्षामा बसेको भए समाज अहिले सम्म कतिपय शैक्षिक अवसरबाट वंचित नै हुन्थ्यो । मेरा विचारमा समाजका लागि यो एक किसिमको शैक्षिक क्षति हुन्थयो र अहिलेको कुल शैक्षिक उपलब्धि मध्ये समाज त्यतिले घाटामा हुन्थ्यो ।

अतः यस विद्यालयले ५० वर्षे अवधिमा निर्वाह गरेको भूमिका कस्तो रऽयो भन्ने प्रश्नको जवाफ माथि उल्लेखित कुराहरुको पृष्ठभूमिमा दिनु पर्दा यस विद्यालयको भूमिका समाजका लागि अत्यन्तै फलदायी रऽयो र यसको विगतको यात्रा सफलताको यात्रा थियो भन्ने कुरा जवाफको रुपमा निःसंकोच राख्न मलाई कनै अप्ठ्यारो लागि रहेको छैन । तथा २०११ सालको तुलनामा हाम्रो समाजको सभ्यताको स्तर जुन ढंगले माथि उठेर आउको छ त्यसको पछाडि यस विद्यालयको भूमिका समेत स्पष्ट रुपमा दृष्टिगोचर भइरहेकाले र विद्यालयको यो भूमिका हामी सबैका लागि गर्वको विषय हो भन्ने पनि मैले ठानेको छु ।

विद्यालय प्रगतितिर उन्मुख भएर हिडी रहेकै छ । २०११ सालमा यसको स्थापना हुदा ५ कक्षा सम्मको मात्र पढाइ हुन्थ्यो भने अहिले आएर १२ कक्षा सम्म पुगीसकेको छ । एउटा विद्यालयले अहिलेको सन्दर्भमा पुरा सक्ने अनीतिम ठाउ हो यो र विद्यालय अहिले आफ्नो स्वरुपको उच्चतम विन्दुमा छ । हिजोको दिनमा एउटा विशाल वृक्षको फेदको रुपमा थियो भने आजको दिनमा हांगिएको पनि छ । आफ्नो साधन स्रोत र क्षमता वृद्धि गर्दै अगाडिको यात्रा तय गर्ने क्रममा छ । हिजोको दिनमा जे जस्तो सहयोग सदभाव र स्नेह यसले समाजबाट पाएको छ त्यो कुरा भविष्यमा पनि यसले पाई रहने छ र यसको भूमिका भविष्यको लागि अझ उपयोगी हुनेछ भन्ने कुरामा म पूर्ण रुपले आशावादी रहेको छु ।

विद्यालयले स्वर्ण जयन्ती मनाइरहेको आजको सन्दर्भमा यस विद्यालयको आगामी भूमिकालाई मध्यनजर गरी मैले एउटा कुरा यहाँ के पनि जोडन आवश्यक ठानेको छु भने यस विद्यालयमा अहिले १ देखि १२ सम्मको पढाइ भइरहेको छ । **Annex** कार्यक्रम पनि यस संग जोडिएको छ र कार्यक्रमहरु थप गर्न सकिने अझै थुप्रै संम्भावनाहरु छन् । तर विद्यालय भित्र संचालित सबै कार्यक्रमहरु एउटै छाताभित्र भएकाले अटाउन गाह्रो भइरहेको छ । यसैले १-८ कक्षा सम्मको लागि एउटा र ९ देखि माथिका लागि एउटा गरी छुट्टा छुट्टै छाताहरुको व्यवस्था गरि दिए भविष्यको लागि वेश हुने थियो ।

यसै गरी विद्यालयमा बढदै गईरहेको विद्यार्थी संख्या र थप हुदै गइ रहेका कार्यक्रमहरुको पृष्ठभूमिमा विद्यालयको हाता सांगुरिदै गईरहेको महसूस भइरहेको छ । यसको विकल्पको रुपमा मैले के देखेको छु भने शाहीलेकको पुरानो बजार जुन विद्यालयको मूल भवन र छात्रावासको बीचमा रहेको छ लाई सट्टा भर्ना मिलाई अन्यन्त्र सार्ने कोशिस गर्नु पर्दछ । विद्यालयको पूर्व पट्टि मूलसडकको दायाबाया रहेको विद्यालयको आफ्नै हकभोगको जग्गामा सो पुरानो शाहीलेक बजारलाई बसाल्ने तिर सोच्नु पर्दछ । पुरानो शाहीलेक बजारले चर्चेको जग्गा विद्यालयका लागि बढी उपयोगी र सडक छेउको जग्गा बजारवालाहरुलाई बढी उपयोगी हुने भएकाले कुरो बढाए लेनदेन व्यवहार मिल्न सक्ने देखेको छु । यसबाट विद्यालयको हाता पनि विस्तार हुने र विद्यालयको शैक्षिक वातावरणका लागि पनि यो कुरा निकै उपयोगी हुने भएकोले यस निमित्त समुदायको पहलको मैले आवश्यकता महसूस गरेको छु ।

संयोगवस म अहिले यस विद्यालयको प्राचार्य हुन पुगेको छु। विद्यालयले स्वर्ण जयन्ती मनाइरहेको ऐतिहासिक अवसरमा विद्यालयको प्राचार्यको पदमा बस्ने जुन संयोग मलाई प्राप्त भएको छ यो मेरो लागि ठूलो गौरवको तथा अहोभाग्यको कुरा हो भन्ने मैले सम्झिरहेको छु। मैले आफुलाई भाग्यमानी यस अर्थमा पनि सम्झिरहेको छु कि मैले मेरा अग्रज प्रधानाध्यापक ज्यूहरु (जुन मेरा श्रध्येय गुरुका रुपमा पनि हुनुहुन्छ) बाट तथा मेरा सहकर्मि शिक्षक शिक्षिका (जसमध्ये पनि कतिपय मेरा श्रदेय गुरु हुनु हुन्छ) हरुबाट आपसी मेलमिलाप, सद्भाव र सहकार्यद्वारा अगाडि बढने एउटा असल परम्परालाई विरासतको रुपमा पाएको छु। मेरो विचारमा यो असल परम्परा नै यस विद्यालयले गरेको उन्नतिको उर्जा शक्ति हो। यस निमित्त म आभार प्रकट गर्दछु मेरा समस्त श्रध्येय अग्रजहरुमा तथा कामना गर्दछु कि यो असल परम्परालाई कायमै राख्नु पर्दछ र यसको प्रयोग विद्यालयको हितमा भविष्यमा पनि गरेर लैजान सक्नु पर्दछ भन्ने कुरालाई म आफ्नो कर्तव्य ठान्न संकू र मलाई यस कर्तव्यको निर्वाहका निमित्त भविष्यमा पनि वहाँहरुको सदभाव, स्नेह, मार्गदर्शन र प्रेरणा प्राप्त हुदै रहोस।

विद्यालयले स्वर्णजयन्ती मनाइरहेको आजको उपलब्धिपूर्ण अवसरमा म ती महानुभावहरुलाई जसको अनुकम्पाबाट विद्यालयलाई आज यो अवसर प्राप्त भएको छ कदापि विर्सिन सक्दैन। अतः आजको यस पांवन घडीमा यस विद्यालयका संस्थापक स्व. श्री धनबहादुर चन्दलाई र यस कार्यमा वहाँका सहयोगीहरु सबैलाई श्रध्यापूर्वक स्मरण गर्दै विद्यालय परिवारको तर्फबाट वहाँहरु सबैमा हार्दिक आभार प्रकट गर्दछु र साथसाथै यस विद्यालयको उन्नतिमा मनसा,वाचा,कर्मणा सहयोग गर्नु हुने अन्य सबै महानुभावहरुमा पनि हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु।

अन्तमा यस विद्यालयको उत्तरोत्तर प्रगतिका साथै विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरुका लागि विजयीभव-मंगलमय शुभकामना सहित आफ्नो कलम रोक्दछु। धन्यवाद।

दिल्लीराज लेखक
प्राचार्य

विद्यालयको मौजुदा अवस्थाको विवरण

क) सञ्चालित शैक्षिक कार्यक्रम :-

१. सञ्चालित कक्षाहरु : १ देखि १२ सम्म
२. उच्च माध्यमिक तहमा पढाई भईरहेका विषयहरु - २४
३. उच्च माध्यमिक तहमा सञ्चालित समूह : विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा
४. प्राविधिक शिक्षा कार्यक्रम (Annex)
५. प्राविधिक शिक्षा कार्यक्रम (Annex) अन्तरगत सञ्चालित ट्रेडको नाम : सूचना प्रविधि
६. कोर्स अवधि : १५ महिना (एस.एल.सी. पछिको)
७. भर्ना क्षमता : ३० जना

ख) व्यवस्थापन समितिको परिचय :

१.	श्री प्रतापसिंह ठगुन्ना	-	अध्यक्ष
२.	श्री भोजबहादुर चन्द	-	सदस्य
३.	श्री भक्तसिंह ठगुन्ना	-	"
४.	श्रीमती विमला श्रेष्ठ	-	"
५.	श्री धनिराम लुहार	-	"
६.	श्री पूर्णानन्द लेखक	-	"
७.	श्री हर्कबहादुर चन्द	-	" (शिक्षक प्रतिनिधि)
८.	श्री किसनसिंह ठगुन्ना	-	" (वडा अध्यक्ष)
९.	श्री शेरसिंह भण्डारी	-	" (उद्योग वाणिज्य संघ - प्रतिनिधि)
१०.	श्री दौलतसिंह थापा	-	" (उद्योग वाणिज्य संघ - प्रतिनिधि)
११.	श्री दिल्लीराज लेखक	-	सदस्य सचिव - प्राचार्य

ग) शिक्षक शिक्षिका एवं कर्मचारीहरूको परिचय :

१.	श्री दिल्लीराज लेखक	-	प्राचार्य	-	एम.ए. त्रय	
२.	श्री भानुभक्त भट्ट	-	सहायक प्राचार्य	-	एम.ए. , बी.एड.	
३.	श्री नरेन्द्रराज ओझा	-	शिक्षक	-	एम.एस्सी. , केमेस्ट्री	- उ.मा.वि. तह
४.	श्री जगदीश चन्द	-	"	-	एम.एस्सी. , फिजिक्स	- ,,
५.	श्री दीपेन्द्र चन्द	-	"	-	एम.एस्सी. , बोटानी	- ,,
६.	श्री लोकराज भट्ट	-	"	-	एम.कम.	- ,,
७.	श्री खेमराज भट्ट	-	"	-	एम.ए. , बी.एड.	- मा.वि. तह
८.	श्री पूर्णदेव भट्ट	-	"	-	एम.ए., बी.एड.	- "
९.	श्री धर्मानन्द लेखक	-	शिक्षक	-	बी.ए.	- मा.वि. तह
१०.	श्री गंगादत्त भट्ट	-	"	-	बी.एस्सी.	- "
११.	श्री ईश्वरदत्त ट्ट	-	"	-	एम.एड.	- "
१२.	श्री हर्कबहादुर चन्द	-	"	-	एम.ए.	- "
१३.	श्री चन्द्रमोहन तिवारी	-	"	-	बी.ए., बी.एड. ,शास्त्री	- "

१४. श्री गणेशमान श्रेष्ठ	- "	- एम.ए.नि.मा.वि.तह (कक्षा ८ को दरवन्दी)		
१५. श्री विनोदबहादुर चन्द	- "	- एम.ए. , बी.एड.	(")	
१६. श्री टेकराज लेखक	- "	- बी.एड.	- नि.मा.वि. तह	
१७. श्री गणेशदत्त लेखक	- "	- एम.ए.	- "	
१८. श्रीमती भुवनेश्वरी पाल	- "	- एम.ए.	- "	
१९. श्रीमती शान्ति चन्द	- "	- आई.ए.	- "	
२०. श्री नवराज भट्ट	- "	- शास्त्री	- "	
२१. श्री मोहनसिंह ठगुन्ना	- "	- बी.एस्सी.	- "	
२२. श्री गणेशसिंह बोहरा	- "	- आई.ए.	- प्रा.वि. तह	
२३. श्रीमती पुष्पा कलौनी	- "	- आई.ए.	- "	
२४. श्री ध्रुवबहादुर चन्द	- "	- एम.ए.	- "	
२५. श्री रामदत्त भट्ट	- मुखिया			
२६. श्री मानसिंह कार्की	- पियन			
२७. श्री भीमदत्त पाण्डेय	- पियन			

प्राविधिक शिक्षा कार्यक्रम तर्फ :-

१. श्री किसनसिंह थापा - प्रशिक्षक - B.Sc. - Certified Network Engineer
२. श्री चन्द्रसिंह भण्डारी - सहायक प्रशिक्षक - M.Com. - 2 year Dioploma in Cumputer Sc.
३. श्री गणेशसिंह कार्की - सहायक प्रशिक्षक - I.Com. - One Year Diploma in Computer Sc.
४. *प्रशिक्षक - पदपूर्ति हुन बाकी*

घ) शैक्षिक वर्ष २०६० को विद्यार्थी संख्याको विवरण :

कक्षा	छात्र	छात्रा	जम्मा
१	२	१२	१४
२	८	७	१५
३	११	९	२०
४	१४	१२	२६
५	२२	१०	३२
६	५३	४१	९४
७	५४	३६	९०
८	५३	४४	९७
९	६०	४५	१०५
१०	८४	६३	१४७
११	५३	३५	८८
१२	९८	५२	१५०

जम्मा विद्यार्थी संख्या :- ८७८

छात्र :- ५१२ प्रतिशत :- ५८ %

छात्रा :- ३६६ प्रतिशत :- ४२ %

ङ) परीक्षाफल (२०५८ साल)

एस. एल. सी.

परीक्षामा सम्मिलित :- १११
प्रथम श्रेणी :- १
द्वितीय श्रेणी :- १९
तृतीय श्रेणी :- ४
उत्तीर्ण जम्मा :- २४
उत्तीर्ण प्रतिशत :- २२ %

कक्षा :- ११

परीक्षामा सम्मिलित :- १४२
उत्तर्णि :- १२
उत्तीर्ण प्रतिशत :- ८ %

कक्षा :- १२

परीक्षामा सम्मिलित :- ७१
उत्तीर्ण :- १३
उत्तीर्ण प्रतिशत :- १८ %

च) भौतिक पक्ष

१.	जग्गा : -	२२ रोपनी
२.	भवन :-	१३ , कोठा - ६४ (विज्ञान प्रयोगशाला - ३, कम्प्यूटर कक्ष - ३, पुस्तकालय - १, कार्यालय - ४, छात्रावास- २८, हल- १, कक्षाकोठा - २४
३.	पक्की शौचालय :-	५
४.	पानी टंकी :-	२
५.	दराज :-	३२
६.	बेञ्च :-	२५०
७.	टेबुल :-	६०
८.	मेच :-	९५
९.	स्टूल :-	४०
१०.	पिर्का :-	७०
११.	पुस्तक :-	१,७०० थान
१२.	प्रयोगशाला सामग्री :-	७०० थान
१३.	टाइपराइटर :-	८ थान
१४.	लिथोमेसिन :-	१ थान
१५.	फोटोकपी मेसिन :-	१ थान
१६.	प्रिन्टर :-	२ थान
१७.	यू.पी.एस. :-	२ थान
१८.	भोल्टेज गार्ड :-	२ थान

१९. कम्प्यूटर :- २३ थान
२०. कम्प्यूटर संग सम्बन्धीत अन्य उपकरण :- २० थान
२१. जेनरेटर 5.5 Kvs :- १ थान
२२. फ्याक्स मेसिन :- १ थान
२३. फोन लाइन :- २

छ) आर्थिक पक्ष :- (आ.व. २०५८।०६० को आधारमा)

आम्दानी तर्फ :-

१.	गत वर्षको वचत :-	१,६८,२३५।९९
२.	शुल्क आम्दानी :-	१४,२५,९८८ ।००
३.	प्रमाण पत्र शुल्क :-	५८,८३५।००
४.	स्थानीय निकायको सहयोग :-	३,३०,५००।००
५.	मुद्दतिको व्याज :-	३,५०५।६८
६.	परीक्षा शुल्क :-	१,२६,१५१।२५
७.	जि.शि.का. को अनुदान :-	१,९९७,६७४।१०
८.	छात्रवृत्ति :-	६,४००।००
९.	विविध :-	१,७७,६०१।८४
	जम्मा :	**४२,८४,८८१।८६**

खर्च तर्फ :-

१.	तलवभत्ता :-	२८,०४,२७२।०२
२.	मसलन्द :-	१९,१३१।-
३.	शैक्षिक सामग्री :-	२,६५३।५०
४.	भवन निर्माण :-	८,१२,७५०।०१
५.	विद्युत महसूल :-	३,८८२।-
६.	टेलिफोन महसूल :-	४०,३९४।०६
७.	फर्निचर :-	३०,१५०।-
८.	परीक्षा :-	९६,१९८।२५
९.	उत्सव समारोह :-	१७,२३४।-
१०.	छात्रवृत्ति :-	३,९०४।-
११.	विविध :-	२,०३,४७७।-
१२.	मुद्दतिमा जम्मा :-	१,५०,०००।-
	जम्मा :	**४१,८४,०४५।८४**
	चल्ती हिसावमा बचत :-	१,१०,८४६।०२
	मुद्दति हिसावमा बचत :-	१०,००,०००।-

२०११ साल देखि हाल सम्मका विद्यालय सञ्चालक समिति एवं व्यवस्थापन समितिका पदाधिकारी एवं सदस्यहरूको नामावली

२०११।०८।१३ मा गठित विद्यालय स्थापना समिति (गठन)

१.	सभापति	-	श्री धन बहादुर चन्द	- बैतडी , हाट
२.	सेक्रेटरी	-	,, सु.प्रे.तेज बहादुर चन्द	- बैतडी बस्कोट
३.	कोषाध्यक्ष	-	,, प. शिव दत्त भट्ट	- बैतडी नौहाट
४.	सदस्य	-	,, ख. लव देव भट्ट	- बैतडी पल्लाचौडाली
५.	,,	-	,, डि. महादेव भट्ट	- बैतडी, पल्लाचौडाली
६.	,,	-	,, मु. महावीर चन्द	- (उ.स्व. कुर्कुट्टे)
७.	,,	-	,, प. तारा दत्त जोशी	- बैतडी सेरा
८.	,,	-	,, रामचन्द्र ओझा	- बैतडी, बमरोडा
९.	,,	-	,, प. महानन्द जोशी	- बैतडी, सेरा
१०.	,,	-	,, रामी चन्द - बैतडी	- सिमायल
११.	,,	-	,, सु.रामी बोकटी	- बैतडी, रुपसे
१२.	,,	-	,, बहादुर सिंह पुजारा	- बैतडी, पुजरागाउ
१३.	,,	-	,, प्रेम सिंह धामी	- बैतडी, सतपाली
१४	,,	-	,, रा. नन्दकृष्ण भट्ट	- बैतडी भट्टगाउ
१५.	,,	-	,, हरिकृष्ण विष्ट	- बैतडी, हाडासा

२०११।११।२८ मा रिक्तस्थानपूर्ति - सदस्य - श्री लवदेव भट्टको सट्टा श्री नन्दराम भाट (बैतडी, देवलहाट)

२. २०१२।०९।०५ मा समितिको सदस्य संख्या १५ बाट २२ गरिएकोले थप सदस्यहरूको नामावली:

१. श्री दुर्गादत्त जोशी
२. श्री भानुभक्त भट्ट
३. श्री खेमराज जोशी
४. श्री मदनमोहन खत्री
५. श्री उजाल चन्द
६. हे.मा. श्री जवाहर सिंह
७. शि. श्री गणेशदत्त लेखक

३. २०१४।०८।२७ मा (नया व्यवस्था अनुरूप वडाहाकीम पदेन सभापति हुने)

१.	सभापति	-	वडाहाकीम श्री कीर्ति बहादुर विष्ट (पदेन)
२.	सेक्रेटरी	-	श्री धन बहादुर चन्द
३.	स.सेक्रेटरी	-	,, भानुभक्त भट्ट
४.	कोषाध्यक्ष	-	,, शिवदत्त भट्ट
५.	सदस्य	-	,, खेमराज जोशी

६. „ - „ मदनमोहन खत्री
७. „ - „ रामदत्त बोकटी
८. „ - „ किसनलाल लेखक
९. „ - „ जयदत्त भट्ट
१० „ - हे.मा. „ जवाहर सिंह
११. „ - मा. „ गणेशदत्त लेखक
१२. „ - „ रामी चन्द
१३. „ - त. „ काशीराम पन्त
१४. „ - ठे. „ रामप्रसाद विष्ट
१५. „ - र. „ कर्ण बहादुर पाल

२०१५।०४।३१

सभापति - वडाहाकीम श्री उक्तम केशर जोशी (पदेन)
सदस्य - श्री उद्धवदेव भट्ट (मनोनित)

२०१६।०८।३०

सभापति :- वडाहाकीम श्री पुस्करनाथ उपाध्याय (पदेन)

२०१७।०६।२३

सभापति :- वडाहाकीम श्री मीन बहादुर श्रेष्ठ (पदेन)

२०१७।११।२६

सभापति :- वडाहाकीम श्री सत्य नारायण झा (पदेन)

२०२३।१२।३१

सभापति :- स.अ. श्री यमुना प्रसाद पौडेल
(नया व्यवस्था बमोजिम सभापतिको ठाउमा अध्यक्ष हुने)

२०२५।११।१४

अध्यक्ष :- श्री नन्द प्रसाद शर्मा (सहायक अञ्चलाधिश)

२०२५।११।१८ (नया सञ्चालक समितिको पुर्नगठन)

१. अध्यक्ष - श्री विन्देश्वर प्रसाद सिन्हा (पदेन) प्र.जि.अ.
२. सदस्य - श्री गणेशलाल शाह (खलंगाा गा.पं.) प्र.पञ्च
३. सदस्य - श्री गणेशदत्त लेखक (प्र.अ.)
४. सदस्य - श्री गोपालदत्त जोशी (शि.प्र.)
५. सदस्य - श्री धन बहादुर चन्द (चन्दादाताहरुबाट)
६. सदस्य - श्री मोतीराम गडकोटी („)

७. सदस्य - श्री रामदत्त बोकटी (छात्र संरक्षक)
८. सदस्य - श्री नन्द प्रसाद शर्मा (,,) सहायक अञ्चलाधिश
९. सदस्य - श्री हरिकृष्ण बोकटी (जिल्ला पञ्चायतबाट मनोनित)
१०. सदस्य - श्री टीकाराम भट्ट (,,)
११. सदस्य - श्री जनकराज जोशी (अञ्चल शिक्षा अधिकारीबाट मनोनित) जि.शि.नि.

२०२६।०३।०८ मा उपरोक्त समितिबाटै श्री टिकाराम भट्टलाई सचिवमा निर्वाचित गरियो ।

२०२६।०५।१३

अध्यक्ष :- प्र.जि.अ. श्री योगेन्द्रनाथ ओझा (पदेन)

२०२८।०१।०५

पदेन सदस्य खलंगा गा.पं.प्र.प. भोज बहादुर चन्द
(गणेशलाल शाहको ठाउँमा)

२०२८।०५।०७

अध्यक्ष श्री रामध्वज चन्द (पदेन व्यवस्था खारेज भएको सूचना अनुसार)

२०२८।०५।११ (शिक्षा ऐन २०२८ को व्यवस्था बमोजिम) विद्यालय सञ्चालक समितिको पुर्नगठन

१. अध्यक्ष - श्री रामध्वज चन्द
२. सचीव - श्री टिकाराम भट्ट (छात्र संरक्षक)
३. सदस्य - श्री रघुवीरशरण भट्ट (चन्दादाताबाट)
४. ,, - श्री हरिकृष्ण बोकटी
५. ,, - श्री शिवदत्त भट्ट (शिक्षक प्रतिनिधि)
६. ,, - श्री भोज बहादुर चन्द (गा.प.प्र.प.)
७. ,, - श्री गणेशदत्त लेखक (प्रधानाध्यापक)

२०३१।०४।२३ (सञ्चालक समिति पुर्नगठन)

१. अध्यक्ष - श्री रामध्वज चन्द
२. सचिव - श्री भोज बहादुर चन्द
३. सदस्य - श्री दिलाराम भट्ट (जि.शि.अ. बाट मनोनित)
४. ,, - श्री गणेशलाल शाह (जि.प.का.बाट मनोनित)
५. ,, - श्री डम्बरदत्त पाण्डेय (शिक्षक प्रतिनिधि)
६. ,, - श्री मोतीराम गढकोटी (चन्दाता)
७. ,, - श्री प. शिवदत्त भट्ट (छात्र संरक्षक)
८. ,, - श्री रामदत्त बोकटी (,,)
९. ,, - श्री गणेशदत्त लेखक (प्र.अ.)

२०३५।०५।२२ सहयोग समिति

१. अध्यक्ष - श्री हरीकृष्ण बोकटी
२. सदस्य सचीव - श्री गणेशदत्त लेखक प्र.अ.
३. सदस्य - श्री दिलाराम भट्ट

४. ,, - श्री जय बहादुर भण्डारी
५. ,, - श्री भीमदत्त पाण्डेय (प्र.पं.)
६. ,, - श्री सागर चन्द (शिक्षक प्रतिनिधि)
७. ,, - श्री भोज बहादुर चन्द
८. ,, - श्री धर्मानन्द भट्ट

२०३७।०५।२३

१. अध्यक्ष - श्री भीमदत्त पाण्डेय
२. सचिव - श्री गणेशदत्त लेखक
३. सदस्य - श्री दशरथसिंह खत्री
४. ,, - श्री दौलत चन्द
५. ,, - श्री दिलाराम भट्ट
६. ,, - श्री लक्ष्मणसिंह ठगुन्ना
७. ,, - श्री सागर चन्द

२०३८।०३।१४ नव गठित सञ्चालक समिति

१. अध्यक्ष - श्री दिलाराम भट्ट
२. सचिव - श्री डम्बरदत्त पाण्डेय
३. सदस्य - श्री भीमदत्त पाण्डेय
४. ,, - श्री तारा चन्द
५. ,, - श्री जय बहादु भण्डारी
६. ,, - श्री लक्ष्मणसिंह ठगुन्ना
७. ,, - श्री भगवानदास खत्री
८. ,, - श्री टेकसिंह कार्की (चन्दादाताबाट)
९. ,, - श्री लक्ष्मणसिंह कार्की (,,)
१०. ,, - श्री दानसिंह रावल (,,)

२०४१।०३।०२

१. अध्यक्ष - श्री भोज बहादुर चन्द
२. सदस्य सचिव - श्री डम्बरदत्त पाण्डेय
३. सदस्य - श्री दशरथसिंह खत्री
४. ,, - श्री रामसिंह कार्की
५. ,, - श्री गणेशदेव भट्ट
६. ,, - श्री लक्ष्मणसिंह कार्की
७. ,, - श्री दिलाराम भट्ट
८. ,, - श्री भीमदत्त पाण्डेय
९. ,, - श्री जय बहादुर भण्डारी

२०४४।०७।१३

१. अध्यक्ष - श्री भीमदत्त पाण्डेय
२. स.सचिव - श्री डम्बरदत्त पाण्डेय

३. सदस्य - श्री दिलाराम भट्ट
४. ,, - श्री सुदर्शन जोशी
५. ,, - श्री गणेश बहादुर भण्डारी
६. ,, - श्री मोहनचन्द्र गडकोटी
७. ,, - श्री मोहन थापा (मनोनित)
८. ,, - श्री गोकर्ण लेखक (मनोनित)
९. ,, - श्री लक्ष्मणसिंह कार्की

- २०४१०४२५ मा गोकर्ण लेखकको सट्टामा भोजसिंह खत्री

२०४७।०२।२७ तर्दथ सञ्चालक समिति

१. संयोजक - श्री विनयध्वज चन्द
२. सदस्य - श्री गणेशदत्त लेखक
३. ,, - श्री दिलाराम भट्ट
४. ,, - श्री केशव बहादुर चन्द
५. ,, - श्री मोहन थापा
६. ,, - श्री गणेश बहादुर भण्डारी
७. ,, - श्री तारादत्त भट्ट
८. ,, - श्री टिकाराम गहतराज
९. ,, - श्री सुदर्शन जोशी
१०. ,, - श्री भीमदत्त पाण्डेय
११. ,, - श्री महेशशरण भट्ट
१२. ,, - श्री शेरसिंह मौनी
१३. ,, - श्री प्रतापसिंह ठगुन्ना
१३. ,, - श्री शिवराज भट्ट
१४. सदस्य सचिव - श्री गोपालदत्त जोशी प्र.अ.

२०४८।०१।२२

१. अध्यक्ष - श्री भीमदत्त पाण्डेय
२. सदस्य - श्री दिलाराम भट्ट
३. ,, - श्री प्रतापसिंह ठगुन्ना
४. ,, - श्री शेरसिंह भण्डारी
५. ,, - श्री नारायण दत्त लेखक मनोनित - चन्दादाताबाट)
६. ,, - श्री लक्ष्मणसिंह बोहरा
७. सदस्य सचिव - श्री गोपालदत्त जोशी

२०५०।११।२५

१. अध्यक्ष - श्री भीमदत्त पाण्डेय
२. सदस्य - श्री प्रतापसिंह ठगुन्ना
३. ,, - श्री सागर चन्द

४.	,,	-	श्री दिलाराम भट्ट
५.	,,	-	श्री गणेश बहादुर भण्डारी
६.	,,	-	श्रीमती जानकी जोशी
७.	,,	-	श्री नारायणदत्त लेखक (अभिभावक प्रतिनिधि)
८.	,,	-	श्री जि.शि.का. प्रतिनिधि
९.	स.सचिव	-	श्री गोपालदत्त जोशी

२०५१।०८।२६

सदस्य सचिव :-श्री दिल्लीराज लेखक (प्र.अ. ले तोक्ने)

२०५१।०८।२६

श्री गोपालदत्त जोशीको सट्टा श्री गणेश बहादुर चन्द

२०५४।०१।०५

श्री गणेशदत्त लेखक (मनोनित)

२०५४।०८।२४

श्री किसन सिंह ठगुन्ना, पदेन (सम्बन्धित वडा अध्यक्ष)

२०५५।०४।२१

१.	अध्यक्ष	-	श्री मोहनचन्द्र गडकोटी
२.	सदस्य	-	श्री नारायण बहादु चन्द
३.	,,	-	श्री जि.शि.का. प्रतिनिधि (वि.नि.)
४.	,,	-	श्री दिल्लीराज लेखक (शिक्षक प्रतिनिधि)
५.	,,	-	श्री किसन सिंह ठगुन्ना (पदेन वार्ड अध्यक्ष)
६.	,,	-	श्रीमती विमला श्रेष्ठ (अभिभावकबाट)
७.	,,	-	श्रीमती माया भट्ट
८.	,,	-	श्री शेरसिंह भण्डारी
९.	स.सचिव	-	श्री गणेश बहादुर चन्द

२०५६।१२।१८

शिक्षक प्रतिनिधि : श्री हर्क बहादुर चन्द

२०५८।०२।०७

१.	अध्यक्ष	-	श्री प्रतापसिंह ठगुन्ना
२.	सदस्य	-	श्री भक्त बहादुर ठगुन्ना
३.	,,	-	श्री पूर्णानन्द लेखक
४.	,,	-	श्रीमती विमला श्रेष्ठ
५.	,,	-	श्री हर्क बहादुर चन्द
६.	,,	-	श्री किसनसिंह ठगुन्ना
७.	,,	-	श्री भोज बहादुर चन्द (संस्थापक, चन्दादाता)
८.	,,	-	श्री धनीराम लोहार (स्थानीय वुद्धिजिवी)
९.	,,	-	श्री दौलतसिंह थापा (उद्योगवाणिज्य संघ)
१०.	स.सचिव	-	श्री दिल्लीराज लेखक

स्थापना काल देखि हाल सम्मका प्र. अ. तथा प्राचार्यहरूको नामावली तथा कार्यावधी

१.	प्र.अ. श्री किसनसिंह थापा	२०११ ।०९।०१ -	२०११।०९।१४
२.	,, श्री जवाहरसिंह	२०११।०९।१५ -	२०१७।०३।१३
३.	,, श्री वंशीधर भट्ट	२०१७।०३।१४ -	२०२१।०१।०३
४	,, श्री गणेशदत्त लेखक	२०२१।०१।०४ -	२०३७।११।३०
५.	,, श्री डम्बरदत्त पाण्डेय	२०३७।१२।०१ -	२०४७।०८।२४
६.	,, श्री गोपालदत्त जोशी	२०४७।०८।२५ -	२०५१।०६।२९
७.	,, श्री गणेशबहादुर चन्द	२०४५१।०६।३० -	२०५६।०४।१५
८.	प्राचार्य श्री दिल्लीराज लेखक	२०५६।०४।१६ -	हाल सम्म

विद्यालयमा प्राप्त अभिलेख अनुसार विद्यालय स्थापना कालदेखि हालसम्म विद्यालयमा भएका उल्लेखनीय घटना एवं कार्य विवरण

१.	२०११ पौष १ गते	- विद्यालय स्थापना
२.	२०१२ बैशाख १५ गते	- विद्यालय हप्ताको एक दिन शनिवार बन्द हुने गरेको (यस पूर्व आइतवार बन्द हुने गर्दथ्यो)
३.	२०१२ चैत्र २४ गते	- स्कूल निरीक्षकबाछ प्रथम पटक विद्यालय निरीक्षण
४.	२०१३ पौष १७ गते	- बैतडी हाइस्कूलको अस्थायी स्वीकृति
५.	२०१४ बैशाख १७ गते	- विद्यालयमा श्री ५ महेन्द्रको सवारी
६.	२०१४	- नेपालको पहिलो शिक्षा योजना " नेपालमा शिक्षा " (२०११)का सल्लाहकार तथा अरेगन विश्व विद्यालयका प्रो.डा. ह्युग बी. उड द्वारा विद्यालय निरीक्षण
७.	२०१४ श्रावण १५ गते	- बैतडी हाइस्कूलको स्थायी स्वीकृति
८.	२०१५ बैशाख ५ गते	- विश्वेश्वरप्रसाद कोइरालाद्वारा विद्यालय निरीक्षण
९.	२०१६ मंसीर ५ गते	- नेपालकी प्रथम महिला मन्त्री श्रीमती द्वारिका देवी चन्दबाट विद्यालय नीरिक्षण
१०.	२०१७ जेष्ठ १ गते	- नवम् कक्षा शुरु भएको वर्ष

११. २०१७ कार्तिक ९ गते - विद्यालय भवन निर्माण समिति गठन एवं कार्य थालनी

१२. २०१७ कार्तिक १९ गते - विद्यालय निर्माणका लागि पहिलो पटक त्रिभुवन विकास कोषबाट रु ४,०००।- अनुदान प्राप्त

१३. २०१८ - प्रथम पटक एस.एल.सी.मा सम्मिलित भएको वर्ष

१४. २०२१ भाद्र १३ गते - विद्यालयको नामाकरण "वीरेन्द्र वहुउद्धेशीय विद्यालय नामाकरण गर्न राजदरवारमा विन्ति पत्र चढाएको

१५. २०२१ भाद्र २७ गते - श्री प्रमुख निजि सचिव राजदरवारबाट वीरेन्द्र वहुउद्धेश्य विद्यालय नामाकरण गरिएको स्वीकृति

१६. २०२१ भाद्र १३ गते - विद्यालयको पुरानो भवनलाई छात्रावासमा परणित गरिएको

१७. २०२१ भाद्र १३ गते - छात्रावासको नामाकरण कृष्णध्वज छात्रावास गरिएको

१८. २०२२ - जगन्नाथ बहुमुखी क्याम्पस स्थापनाको लागि पहल गरिएका

१९. २०३३ - वीरेन्द्र शिल्ड र भलिबल शिल्डमा विजयी भएर खेलकूदमा उत्कृष्ट स्थान प्राप्त

२०. २०३८कार्तिक १४ गत - विद्यालयले वार्षिक पत्रिकाको रुपमा वालदीपिका प्रकाशन गर्ने निर्णय गरेको

२१. २०३८ - विद्यार्थी कल्याण कोषको स्थापना

२२. २०४१ फागुन ९ गते - विद्यालय संस्थापक अध्यक्ष श्री धन बहादुर चन्दको निधन

२३. २०४५ असोज १९ गते - उच्च माध्यमिक परिषद संग सम्बन्धन लिनका लागि प्रथम प्रयास थालनी

२४. २०४६ पौष २४ गते - विद्यालयको पहलमा आफ्नै परिषर भित्र जगन्नाथ बहुमुखी क्याम्पसका स्थापना

२५. २०४२/०४३ र ०४३/४४- विद्यालयले रु ५०,०००।- को क्षेत्रीय पुरस्कारबाट पुरस्कृत

२६. २०५५ - उच्च मा.वि.तहको सम्बन्धनका लागि पुनः पहल

२७. २०५६ असार२५ गते - उ.मा.शि.प. संग उच्च माध्यमिक तहको विज्ञान संकायको लागि सम्बन्धन प्राप्त

२८. २०५८श्रावण ३ गते - उ.मा.शि.प.बाट वाणिज्य तथा शिक्षा संकाय संचालनको स्वीकृति

२९. २०५९ - व्यावसायिक तालीम तथा प्राविधिक शिक्षालय (CTEVT) बाट ANNEX कार्यक्रम अर्न्तगत सूचना प्रविधि १५ महिने संचालन स्वीकृति

३०. २०६० फागुन १२ - विद्यालयको ५० औं स्वर्ण महोत्सव समारोह

विद्यालयमा उपलब्ध अभिलेखका आधारमा संस्थापक विद्यार्थीहरूको तयार पारिएका नामावली (२०११)

१. श्री जनक बहादुर
२. श्री पुष्पराज
३. श्री वलदेव भट्ट
४. श्री किसनसिंह ठगुन्ना
५. श्री खेमराज भट्ट
६. श्री नैनसिंह थापा
७. श्री गणेशदेव
८. श्री हेमराज लेखक
९. श्री सत्य प्रकाश
१०. श्री रघुवीर चन्द
११. श्री देवीदत्त भट्ट
१२. श्री डिगम्बर लेखक
१३. श्री भरत बहादुर चन्द
१४. श्री भगीराम वड
१५. श्री देवसिंह मार्कण्ड
१६. श्री जयराम वड
१७. श्री कमला देवी खरेल
१८. श्री शंकर बहादुर स्वार
१९. श्री हरक बहादुर कार्की
२०. श्री भोज बहादुर चन्द
२१. श्री कमला कुमारी
२२. श्री टीकाराम भट्ट
२३. श्री गोविन्दमान श्रेष्ठ
२४. श्री दानीराम
२५. श्री वीर बहादुर
२६. श्री देवकी कुमारी
२७. श्री मोहनराम वड
२८. श्री लक्षीराम वड
२९. श्री प्रेमराम वड
३०. सुश्री मीरा कुमारी
३१. श्री मनोरथ भट्ट
३२. श्री गजेन्द्र बहादुर
३३. श्री गोपाल बहादुर
३४. श्री हिम्मत सिंह खत्री
३५. श्री धन बहादुर
३६. श्री ललित बहादुर
३७. श्री भानीराम
३८. श्री प्रेमराज
३९. श्री तर्कराज
४०. श्री तारादत्त भट्ट
४१. श्री लीलाधर वडू
४२. श्री तेजराज भट्ट
४३. श्री भानीराम
४४. श्री लक्षीराम
४५. श्री दिलाराम
४६. श्री लाल बहादुर
४७. श्री जनकलाल
४८. श्री चक्रदेव पाण्डेय
४९. श्री हरि प्रसाद
५०. श्री जयदेव
५१. श्री उद्धव मिस्त्री
५२. श्री बहादुर मिस्त्री
५३. श्री मधुसुदन
५४. श्री उद्धव बहादुर चन्द
५५. श्री जय बहादुर
५६. श्री दौलत सिंह
५७. श्री इश्वरी दत्त
५८. श्री प्रेम बहादुर
५९. श्री भानी सिंह
६०. श्री मोहनसिंह
६१. श्री ललित बहादुर
६२. श्री गणेश बहादुर बोहरा
६३. श्री बहादुर सिंह कोर
६४. श्री मोहनसिंह ठगुन्ना
६५. श्री भानीराम चुनारा
६६. श्री हरिकृष्ण लेखक
६७. श्री अकवर बहादुर
६८. श्री विशनसिंह ठगुन्ना
६९. श्री अम्बादत्त

विद्यालयमा प्राप्त अभिलेख अनुसार विद्यालय स्थापना भए देखि हाल सम्म विद्यालयमा सेवा पुऱ्याएका शिक्षक तथा कर्मचारीहरूको विवरण

शिक्षकहरू

सि.नं.	नाम	देखि	सम्म	ठेगाना
०१.	श्री किसन सिंह थापा	२०११	२०१५	पुजारागाउँ
०२.	श्री गणेशदत्त लेखक	२०११	२०३७	आइत, बैतडी
०३.	श्री टीकाराम लेखक	२०११	२०२९	आइत, बैतडी
०४.	श्री जवाहर सिंह	२०११	२०१८	ग्राम चहर,पिथौरागढ,भारत
०५.	श्री मनीराम लेखक	२०१२	२०१२	आइत, बैतडी
०६.	श्री गगनसिंह रावल	२०१२	२०१३	मार्कण्डगाउ, बैतडी
०७.	श्री खीम चन्द	२०१३	२०१३	पिथौरागढ, भारत
०८.	श्री मनीराम भट्ट	२०१३	२०१५	कुमाली, बैतडी
०९.	श्री गणेश बहादुर चन्द	२०१३, २०१९	२०१५, २०५६	सपराली, बैतडी
१०.	श्री तर्कराज लेखक	२०१३	२०१६	आइत, बैतडी
११.	श्री देवी प्रसाद ओझा	२०१३, २०१८	२०१५, २०१९	बमरडा, बैतडी
१२.	श्री दुर्गादत्त जोशी	२०१४	२०१४	सेरा बैतडी
१३.	श्री जनक प्रसाद भट्ट	२०१५	२०१५	भट्टगाउँ, बैतडी
१४.	श्री भरत चन्द	२०१५	२०१८	जुगाउने , बैतडी
१५.	श्री जयदेव लेखक	२०१६	२०१६	पल्लाचौडाली
१६.	श्री देवीदत्त भट्ट	२०१६	२०१६	कुमाली, बैतडी
१७.	श्री देवीदत्त भट्ट	२०१६	२०१८	लमगडा, बैतडी
१८.	श्री गोपालदत्त जोशी	२०१६	२०५३	मगरउ, बैतडी
१९.	श्री बंशीधर भट्ट	२०१७	२०२१	ग्राम-विशाड, पिथौरागढ,भारत
२०.	श्री देवीदत्त लेखक	२०१७	२०१७	आइत, बैतडी
२१.	श्री केदार दत्त भट्ट	२०१७	२०१८	पिथौरागढ, भारत
२२.	श्री विश्वराज भट्ट	२०१८	२०१९	पल्लाचौडाली, बैतडी
२३.	श्री घनानन्द भट्ट	२०१८	२०५८	खलंगा, बैतडी
२४.	श्री कुमुदचन्द्र उप्रेती	२०१८	२०२०	ग्राम-कुभ्कौली,पिथौरागढभारत
२५.	श्री आनसिंह सामन्त	२०१८	२०२०	ग्राम-अस्कोट, पिथौरागढभारत
२६.	श्री हेमराज लेखक	२०१९	२०३३	आइत, बैतडी
२७.	श्री हरिदत्त लेखक	२०२०	२०२०	पल्लाचौडाली, बैतडी
२८.	श्री डम्बरदत्त पाण्डेय	२०२०	२०४७	स्याडी, कपर्त, बैतडी
२९.	श्रीमती मीरा शर्मा	२०२०	२०२२	-
३०.	श्री शिवदत्त भट्ट	२०२०	२०५८	कुमाली, बैतडी
३१.	श्री गोपालदत्त जोशी	२०२०	२०२०	मगरउ, बैतडी
३२.	श्री हिम्मतसिंह खत्री	२०२१	२०२१	मडला, बैतडी
३३.	श्री विष्णुदत्त लेखक	२०२१	२०५८	आइत, बैतडी
३४.	श्री देवीदत्त भट्ट	२०२१	२०३५	बमरडा, बैतडी

सि.नं.	नाम	देखि	सम्म	ठेगाना
३५.	श्री रतनसिंह रावल	२०२१	२०३१	मार्कण्डगाउँ,बैतडी
३६.	श्री केशवनन्द जोशी	२०२२	२०२२	खलगाड, बैतडी
३७.	श्री महादेव भट्ट	२०२२	२०३२	कपिन्ना, बैतडी
३८.	श्री तर्कराज भट्ट	२०२३	२०२३	भट्टीगाउ, बैतडी
३९.	श्री चक्रदेव पाण्डेय	२०२३	२०२३	जर्ग, बैतडी
४०.	श्री रण बहादुर चन्द	२०२३	२०२३	सिमायल, बैतडी
४१.	श्री प्रेमसिंह बोहरा	२०२४	२०२८	धौलेली, बैतडी
४२.	श्री दिलाराम भट्ट	२०२५	२०२९	शाहीलेक, बैतडी
४३.	श्री सागर चन्द	२०२३	२०५१	खलंगा, बैतडी
४४.	श्री धर्मानन्द लेखक	२०२४	हाल सम्म	आइत, बैतडी
४५.	श्री गणेशदत्त लेखक	२०२५	२०२६	आइत, बैतडी
४६.	श्री लक्ष्मणसिंह बोहरा	२०२६	२०२६	बबेत, बैतडी
४७.	श्री भानीराम मिस्त्री	२०२६	२०२६	तोली, बैतडी
४८.	श्री विजयराज भट्ट	२०२७	२०२७	नौहाट, बैतडी
४९.	श्री दिल्ली राज लेखक	२०२७, २०४१	२०३२ हाल सम्म	आईत बैतडी
५०.	श्री नारायण दत्त जोशी	२०२७	२०२८	मगराउ बैतडी
५१.	श्री टिका दत्त भट्ट	२०२७	२०२८	रुपसे बैतडी
५२.	श्री हरी भक्त पाण्डेय	२०२८	२०३२	जर्ग , बैतडी
५३.	श्री हरीदत्त पाण्डेय	२०२९	२०४३	जर्ग, बैतडी
५४.	श्री पंचवीर थापा	२०३१	२०३१	सुतेगाड, बैतडी
५५.	श्री हरीदत्त लेखक	२०३२	२०३२	पल्लाचौडाली, बैतडी
५६.	श्री गोविन्ददेव भट्ट	२०३१, २०३८	२०३२, २०४०	पल्लाचौडाली, बैतडी
५७.	श्री पदम बहादुर चन्द	२०३२	२०३२	बस्कोट, बैतडी
५८.	श्री गंगादत्त भट्ट	२०३२	हाल सम्म	ग्राम-बलुवाकोट, पिथौरागढ,भारत
५९.	श्री रवीचरण श्रेष्ठ	२०३२	२०३३	ओखलढुङ्गा
६०.	श्री प्रयागमान श्रेष्ठ	२०३२	२०३२	
६१.	श्री विजय बहादुर अमात्य	२०३२	२०३२	
६२	श्रीमती विणाश्रेष्ठ	२०३२	२०३२	डोटी
६३.	श्री नारायण दत्त पाण्डेय	२०३२	२०३३	जर्ग, बैतडी
६४.	श्री गणेशसिंह विष्ट	२०३२	२०३३	वाराकोट, बैतडी
६५.	श्री दीवाकर अवस्थी	२०३३	२०३४	मूलखटाली, बैतडी
६६.	श्री अम्बादत्त पाण्डेय	२०३३	२०४३	जर्ग, बैतडी
६७.	श्री रंजीत चित्रकार	२०३३	२०३३	काठमाण्डौ
६८.	श्री मधुवन श्रेष्ठ	२०३३	२०३३	काठमाण्डौ
६९.	श्री गगनसिंह कुवर	२०३३	२०३५	नौहाट, बैतडी
७०.	श्री कृष्णकेशर श्रेष्ठ	२०३४	२०३४	
७१.	श्री उमा श्रेष्ठ	२०३४	२०३४	
७२.	श्री प्रतापसिंह ठगुन्ना	२०३४	२०४१	बाडीलेक, बैतडी
७३.	श्री लोकविक्रम थापा	२०३४	२०३७	भडतोला, बैतडी

सि.नं.	नाम	देखि	सम्म	ठेगाना
७४.	श्री महेशदत्त लेखक	२०३४	२०३७	आइत, बैतडी
७५.	श्री दामोदर जोशी	२०३४	२०३४	कर्पत, बैतडी
७६.	सुश्री महेन्द्रा चन्द	२०३४	२०३४	खलंगा, बैतडी
७७.	श्री शम्भुनाथ भा	२०३४	२०३५	
७८.	श्री मोहन न्योपाने	२०३५	२०३५	
७९.	श्री नर बहादुर चन्द	२०३५	२०४०	सपराली, बैतडी
८०.	श्री परमानन्द भट्ट	२०३५	२०५८	सुतेगाड, बैतडी
८१.	श्री हिम्मत बहादुर चन्द	२०३५, २०४६	२०४१,२०४७	साजीवाटा, बैतडी
८२.	श्री भानदेव बोकटी	२०३५	२०३५	भुलगाउँ,बैतडी
८३.	श्री भोजराज भट्ट	२०३५	२०३६	अला, बैतडी
८४.	श्री उद्धवसिंह ठगुन्ना	२०३५	२०४८	वाडीलेक, बैतडी
८५.	श्री चरणदत्त खालिया	२०३५	२०३५	चम्पावत, भारत
८६.	श्री प्रेमप्रकाश थापा	२०३६	२०३६	खलंगा, बैतडी
८७.	श्री मोहनचन्द्र लेखक	२०३६	२०३६	पल्लाचौडाली, बैतडी
८८.	श्री नारद भट्ट	२०३६	२०३६	कपन्ना, बैतडी
८९.	श्री जगदीशचन्द्र पंगरीया	२०३६	२०३६	चम्पावत, भारत
९०.	श्रीमती इन्दिरा सिंह	२०३७	२०३७	बझाड,
९१.	श्री पुष्पराज लेखक	२०३७	२०३९	आइत, बैतडी
९२.	श्री सुरेन्द्रदेव भट्ट	२०३७	२०३७	अला, बैतडी
९३.	श्री केशवदत्त जोशी	२०३८	२०३८	वोगाउँ,बैतडी
९४.	श्री भुवनराज पन्त	२०३८	२०३८	कुरला
९५.	सुश्री मीरा थापा	२०३८	२०४०	सुतेगाड, बैतडी
९६.	श्री दीपक प्रसाद लेखक	२०३८	२०३८	आइत, बैतडी
९७.	श्री गणेशदत्त लेखक	२०३८	हाल सम्म	आइत, बैतडी
९८.	श्री प्रेम बहादुर चन्द	२०३८	२०३८	फरतोला, बैतडी
९९.	श्री हरीश चन्द	२०३९	२०४१	जर्ग, बैतडी
१००.	श्रीमती गीरजेश चन्द	२०४०, २०४५	२०४०, २०४६	बस्कोट, बैतडी
१०१.	श्री हेमराज भट्ट	२०४०	२०४०	हाडासौ, बैतडी
१०२.	श्री यज्ञराज भट्ट	२०४०	२०४३	कुमाली, बैतडी
१०३.	श्री राजेन्द्रसिंह रावल	२०४१	२०४६	मार्कण्डगाउँ,बैतडी
१०४.	श्रीमती शान्ति चन्द	२०४२	हाल सम्म	खलंगा, बैतडी
१०५.	श्री प्रेमसिंह विष्ट	२०४२	२०४२	
१०६.	श्री उद्धवदेव भट्ट	२०४४	२०४५	भट्टीगाउँ,बैतडीञ
१०७.	श्री गजराम दमाई	२०४४	२०४४	सेलपाखा, बैतडी
१०८.	श्री योगेन्द्रराज भट्ट	२०४४	२०५०	मैनाली, बैतडी
१०९.	श्री दिल्लीराज भट्ट	२०४४	२०५१	कुमाली, बैतडी
११०.	श्री गणेशसिंह बोहरा	२०४४	हाल सम्म	बबेत, बैतडी
१११.	श्री गणेशमान श्रेष्ठ	२०४५	हाल सम्म	खलंगा, बैतडी
११२.	श्री तिलकबहादुर चन्द	२०४५	२०५१	जर्ग, बैतडी

सि.नं.	नाम	देखि	सम्म	ठेगाना
११३.	श्री हर्कबहादुर चन्द	२०४६	हाल सम्म	पल्लाचौडाली, बैतडी
११४.	श्री जगदीश प्रसाद लेखक	२०४६	२०४६	पल्लाचौडाली , बैतडी
११५.	श्री ईश्वरदत्त भट्ट	२०४७	हाल सम्म	अला, बैतडी
११६.	श्री नवीनचन्द्र पाण्डेय	२०४७	२०४७	शाहीलेक, बैतडी
११७.	श्री भानदेव बोकटी	२०४७	२०४७	भुलगाउँ,बैतडी
११८.	श्री कैलाशकुमार कनौजिया	२०४८	२०६०	खलंगा, बैतडी
११९.	श्री विनोदबहादुर चन्द	२०५३	हाल सम्म	सपराली, बैतडी
१२०.	श्री धर्मेन्द्र प्रसाद लेखक	२०४९	२०४९	आइत, बैतडी
१२१.	श्री सुरेन्द्रराम वड	२०५०	२०५०	बबेत, बैतडी
१२२.	सुश्री आशा के.सी.	२०५०	२०५०	खलंगा, बैतडी
१२३.	श्री भुवनेश्वरी पाल	२०५०	हाल सम्म	उकु, दार्चुला
१२४.	श्री दीपक प्रसाद भट्ट	२०५१	२०५२	देवलहाट, बैतडी
१२५.	श्री भानुभक्त भट्ट	२०५१	हाल सम्म	मैनाली, बैतडी
१२६.	श्री अमरसिंह ठगुन्ना	२०५१	२०५४	वाडीलेक, बैतडी
१२७.	श्रीमती पुष्पा कलौनी	२०५१	हाल सम्म	चौगाऊ, बैतडी
१२८.	श्रीमती विमला पाण्डेय	२०५२	२०५९	चिल्लेपानी, बैतडी
१२९.	श्री नवराज भट्ट	२०५४	हाल सम्म	नौहाट, बैतडी
१३०.	श्री खेमराज भट्ट	२०५४	हाल सम्म	नौहाट, बैतडी
१३१.	श्री नरेन्द्रराज ओझा	२०५६	हाल सम्म	ऐठपुर, महेन्द्रनगर
१३२.	श्री जगदीश चन्द	२०५६	"	फरतोला, बैतडी
१३३.	श्री ध्रुवबहादुर चन्द	२०५८	हाल सम्म	ज्यूताली, बैतडी
१३४.	श्री पूर्णदेव भट्ट	२०५९	हाल सम्म	नौहाट, बैतडी
१३५.	श्री लोकराज भट्ट	२०५९	हाल सम्म	पीपलकोट, बैतडी
१३६.	श्री दीपेन्द्र चन्द	२०५९	हाल सम्म	साजीवटा, बैतडी
१३७.	श्री गणेशदत्त अवस्थी	२०५९	२०६०	मूलखटाली, बैतडी
१३८.	श्री पदमराज भट्ट	२०५९	२०६०	सल्लेवासा, बैतडी
१३९.	श्री मोहनसिंह ठगुन्ना	२०५९	हाल सम्म	घोडाइ, बैतडी
१४०.	श्री चन्द्रमोहन तिवारी	२०६०	हाल सम्म	कुलाउ, बैतडी
१४१	श्री टेकराज लेखक	२०६०	हाल सम्म	आइत, बैतडी
	रा.वि.से.			

विदेशी स्वयंसेवक शिक्षकहरू

सि.नं.	नाम	अवधी	नागरिकता
०१.	जोन लेन	२०२३ - २०२४	अमेरिकन
०२	पौल हर्शवर्गर	२०२४ - २०२४	"
०३.	टम ज्याक्सन	२०३३ - २०३५	"
०४.	जेरी ब्लेक्ली	२०३६ - २०३८	"
०५.	क्रिस्टेण्ड रियालो	२०३८ - २०३९	"
०६.	लौरा होल्डर	२०४१ - २०४२	"
०७	ट्रेसी हेक्सन	२०४४ - २०४६	ब्रिटिश
०८.	वैन्जामिन मुनरो	२०५८ - २०६०	अष्ट्रेलियन

कर्मचारीहरू

सि.नं.	नाम, थर	पद	ठेगाना
०१.	श्री रामदत्त बोकटी	जु.क्लर्क	भूलगाऊ, बैतडी
०२.	श्री मोहनराम वड	सि.क्लर्क	बबेत , बैतडी
०३.	श्री चन्द्रसिंह बोहरा	जु.क्लर्क	बबेत, बैतडी
०४.	श्री चक्रदेव जोशी	बहिदार	मडाला, बैतडी
०५.	श्री जनकराज भट्ट	ना.सुब्बा	कुमाली, बैतडी
०६.	श्री रामदत्त भट्ट ✸	मुखिया	जर्ग, बैतडी
०७.	पौनसिंह थापा	पियन	शाहीलेक, बैतडी
०८.	श्री खडक दत्त भट्ट	पियन	देवलहाट, बैतडी
०९.	श्री उत्तमसिंह कुवर	पियन	नौहाट, बैतडी
१०.	श्री दानसिंह ठगुन्ना	पियन	वाडीलेक, बैतडी
११.	श्री कासी थापा	पियन	शाहीलेक, बैतडी
१२.	श्री दिलिपसिंह कार्की	पियन	विनासौं, बैतडी
१३.	श्री विसनसिंह बोहरा	पियन	विनासौं, बैतडी
१४.	श्री गौरी नाथ	पियन	दमरखोली, बैतडी
१५.	श्री तारासिंह ठगुन्ना	पियन	वाडीलेक, बैतडी
१६.	श्री रामसिंह कार्की	पियन	विनासौं, बैतडी
१७.	श्री टेक बहादुर ठगुन्ना	पियन	वाडीलेक, बैतडी
१८.	श्री मानसिंह कार्की ✸	पियन	विनासौं, बैतडी
१९.	श्री रमेशसिंह भण्डारी	पियन	
२०.	श्री विष्णुराज भट्ट	पियन	पल्लाचौडाली, बैतडी
२१.	श्री दलीराम बोकटी	पियन	रुपसे, बैतडी
२२.	श्री डम्बर बहादुर सिंह	पियन	
२३.	श्री गगीनाथ	पियन	वरकुराली, बैतडी
२४.	श्री धन बहादुर पुजारा	पियन	
२५.	जयराज जोशी	पियन	सित्तड, बैतडी
२६.	श्री गगनसिंह कार्की	पियन	विनासौं, बैतडी
२७.	श्री भीमदत्तपाण्डेय ✸	पियन	जर्ग, बैतडी
२८.	श्री अर्जुन नाथ	पियन	वरकुराली, बैतडी
२९.	श्री हरीदत्त पाण्डेय ✸	पियन	जर्ग, बैतडी

✸ *हाल कार्यरत कर्मचारीहरु*

अभिलेखहरू

।। श्री मङ्गल मूर्तयेनमः ।।

२०११ साल मार्ग १६ गतेका

अन्न दानात्परं नास्ति विद्या दानं ततोधिकम् ।
अन्नेन क्षणिका प्राप्ता यावज्जीवयति विद्यया ।।

बैतडी मा आज सम्म विद्या प्रचार को न्यूनता भैरहेको सबै जनाई नै हामफैकुरो छ । विद्याको यस अभाव लाई पूर्ति गर्नु पर्ने सर्व प्रथम विद्या प्रेमीमहानुभावहरूले आज निम्न लिखित बमोजिम को योजना तयार गरी आजैदेखिनै कार्य सञ्चालन गर्ने निधो गरियो ।

१ – बैतड़ी मा एक हाईस्कूल को स्थापना गर्ने कार्य गर्ने ।

२ – ईलाकामा चली रहेका अन्य स्कूल हरू तथा पाठशाला हरूलाई सुचारू रूपले चलाउने प्रयत्न गर्ने ।

उक्त हाईस्कूलको सञ्चालन को निमित्त निम्न लिखित व्यक्तिहरूको सञ्चालक समिती गठन गरियो र चन्दा दाता बाट चन्दा चल अचल सबै प्रकारको लिने कार्य पनी चालू गरियो । सञ्चालक समिती का सदस्य हरूका नाम पद :—

[illegible]	सभापति-सर्व प्रथम श्रीमान धनवहादुर चन्दजी बैहाट	१
[illegible]	सेक्रेटरी – श्रीमान सुप्रेम तेजबहादुर चन्द वैद्य वस्कोट	१
[illegible]	कोषाध्यक्ष- श्रीमान पं शिवदत्त भट्टजी वैद्य नोहाट	१
[illegible]	सदस्य- रत्न लवदेव भट्टजी वैद्य पलाचौराली	१
[illegible]	,, डा महादेव भट्टजी ऐ. ऐ	१
[illegible]	,, सु महावीर चन्दजी ओझा कुर्कुटे	१
[illegible]	,, पं तारादत्त जोशी वैद्य शेरा	१
[illegible]	,, – रामचन्द्र ओझा ऐ वमराड़ा	१
[illegible]	,, – पं महानन्द जोशीजी वैद्य शेरा	१
[illegible]	,, – रामीचन्दजी ऐ सिमायल	१
[illegible]	,, – सु रामी वोकटी वैद्य रूपसे हाट	१
[illegible]	,, – बहादुर सिं पुजारा ऐ पुजारा गाउं	१
[illegible]	प्रेमसिं धामी धम्मी गाउं बोल तपाली	१
[illegible]	,, – रा नन्दकृष्णभट्टजी वैद्य भट्टगाउं	१
[illegible]	हरिकृष्ण विष्ट बैतड़ी हड़ासो हुड़ाली	१
		१५

प.सं. १५८/०७३(२०)

नेपाल सरकार
शिक्षा विभाग



श्री जि.वी.का.इ. आ. नेपाल
काठमाडौं

मिति – ०७३/१/१८

वि — बैतडी हाई स्कूल बारे

श्रीमान,

यसै साथ रहेको यस कार्यालयको प.सं. ३३८ मिति ०७३।४।२५ को पत्र सम्बन्धमा उक्त बारे "कुन स्कूल हाई हुने भनेर सो नयाँ प्रष्ट नखुलेको र जि.वि. बैकाजिक पढाइको साट टिचर्स बेतनको बाँकी कुनै सञ्चालक समितिको निर्णय आदि पेश्मा नभएको तथा शिक्षकको कोरिकेन बैकाजिक को सर्तहरु रित पुऱ्याई पठाउने" भन्ने सम्बन्धमा सादर विदित गराइन्छ कि उक्त बखतका स्कूल निरीक्षक श्री केशवराज जोशी ज्यू यस कार्यालयमा पेश्मा गर्नु भएको स्कूल विवरणमा हेर्दा सिंचाईका बैतडी खर्कतगाका माछु भनेर हाई स्कूल हाई हुने भनी उल्लेख भएको देखिन्छ; साथै विवरणमा उक्त स्कूलको सञ्चालक समिति पाने छ, जसको सभापति धन बहादुर चन्द र सेक्रेटरी तेज बहादुर छन्त्र र सो स.व. को जम्मा सदस्य संख्या २२ छ भनेर देखिन्छ. साथै उक्त स्कूल सञ्चालनका रुपले भनेको छ भनेर पाने देखिन्छ. तर जि.वि. अनुसार हाई स्कूलमा १० कक्षा, यस पत्रमा केवल कक्षा ७ सम्म मात्र देखिन्छ ता पाने बैतडी जिल्लाका एक हाई स्कूल हुन सो आवश्यक र औचित्यपूर्ण कि हुन आउने औ दिगत्वको लिई शिक्षोन्नति गर्न चाहिने कुरा हो पाने हो समय बढेन भएबाट उक्त बैतडी खर्कतगा स्थाकि भन्ने स्थानमा हाई स्कूलको स्विकृति यथा शीघ्र भइदिन हुन पाने अनुरोध गरेको छु

आज्ञाकारी,
बन्दुदत्त कोइराला

कार्यालय —
जि हाई स्कूल स्थापनेका, स्कूल

नेपाल सरकार शिक्षा मन्त्यालय

स्कूल पुनर्गठन जाँच सैमिति

सं० सं०

स्थान बेनही

सदस्य:—

मिति 9/6/78

विषय:—

महोदय,

सर्वजनहितमा हाई स्कूल चलाउने प्रयास गर्नु भएकोमा सं. सं. का सभापतिज्यू श्री धनबहादुर मल्लजी, से.के.२ रोकी, अन्य सदस्यहरु र सहयोगी मित्रहरु लाई हार्दिक धन्यवाद दिदछौं । यसबाहेक तपाईं मिहेनत र ध्यान दी हाम्रोरिक्वामास को महत्व बढाउन विद्यार्थीहरूले प्रोत्साहन पाएको देख्दा हर्ष लाग्छ स्वभावैले हो. अहिले सम्म को कार्य को मूल्यांकन गरी हाई स्कूल को स्वीकृति दिनको हुन.

हाई स्कूल को अध्ययन व्यवस्थितरुप मा गराउन योग्य शुभचिन्तक (वी.ए-१ र वी.एस.सी-१) थपी कम्तिमम सैमाजिम नेपाल सरकार को क्रमः स्कूल सी को पाठ्यक्रम लागु गर्नु र हाई स्कूलको निमित्त चाहिने छात्र संख्या को पूर्ति गर्न टाढा २ बाट आउने विद्यार्थी को सुविधा र सहुलियत को निमित्त छात्रावास खोल्नु पर्ने पनि देखिन्छ. जनता को सहयोग र सहायता प्राप्त गरी सर्वजनहितमा यस स्थान मा जनता को श्रध्दा बढाउने र अध्यात्मिक अनुशासनमा राख्ने हेतुले आईदा विद्या मन्दिर स्थापना भएमा सरकार बाट कायम हुने आर्थिक सहायता दिन दिलाउन यथासक्य प्रयत्न गरिनेछ. "हुने बिरुवा को चिल्लोपात" भने झैं यो स्कूल को आदिम उज्वल हुने देख्दछु. यस स्कूल ले चाँडै ने उन्नति पथ का अग्रसर भएको सुन्न र देख्न पाउने पूर्ण आशा राखेको छु.

हाई स्कूल सञ्चालित गर्न स्कूल कोष को वर्तमान नाजुक अवस्था को साथ साथै स्थायी कोष पनि नभएको स्कूल को भविष्य को प्रगति र अस्तित्व माथि ठोस आधार का नभएको स्पष्ट छ. अतः स्कूल को भविष्य उन्नति ध्यानमा राखी स्थानीय गण्यमान्य सज्जन महानुभावहरू बाट स्थायी कोष को स्थापना को लागि (दिइएको) को स्थायी कीर्ति सम्भरुप प्रेस हाई स्कूल लाई निम्नानु गाउँ, जग्गिरोनुसार को चन्दा को झोला साथै अनन सम्पत्ति संमेत साथ जाहेर स्थानीय जनता का मुस्किल दान प्रथा अनि नजरी राख्नासक्नु ले आफ्नो दूरदर्शिता को परिचय दिने प्रयत्न गर्न अपिल गरेछ.

अन्तिममा पुनः उदारचित्त ले शिक्षादान का निमित्त अग्रसर हुनु भएको श्री धनबहादुर मल्लजी लाई हार्दिक धन्यवाद दिंदछु र यहाँलाई थप शुभ कार्य मा थप उत्साह र शक्ति प्राप्त होस भनी कामना गर्दछु

शिवराज उप्रेती
(हा.अ.बालदीपिका)

श्री

नेपाल सरकार,

शिक्षा बिभाग।

पत्रसंख्या :- ५५६।०१३ (क)

शिलगढी, डोटी, जोन ७

मिति ०१३।६।१७१२

डिभिजनल इन्सपेक्टर अफ स्कूल्स

आफिसबाट।

श्री सेक्रेटरी जी ... ...

बैतडि हाइस्कूल ... लाई

स्यालेक

प्राप्त पत्रसंख्या ... ... र मिति २०११। । । ।

विषय: स्विकृतिबारे

महाशय,


तपाइका स्कूलबारे डि पि आइ आ मा जोहर गर्दा हाइस्कूल गर्नुपर्ने भए अस्थायी गरी हाइस्कूलको स्विकृति गरि दिएकोछ शिक्षाविधानको मूल नियम बमोजिम अस्थायी को स्विकृति गरि दिनू होला भनेपनी डि पि आइ आ का प्रा प सं ५६५ इ मि ०१३।८।१२।३ का आदेशा नुसार हाल लाइ तपाइको स्कूललाइ योपत्र द्वारा हाइ स्कूलको स्थादि स्विकृति दिइएकोछ आर्को नि- शिक्षणमा पनि स्कूल संतोषजनक रुपले चलेको देखिए स्थायी स्विकृति र आर्थि कं सहायता को निमित्त सिफारिस पैजानेछ नेपाल सरकार शिक्षाविभाग बाट प्रवेशिका पाठ्यक्रम र शिक्षाविधान अनुसार राम्रो रुपले स्कूल चालु गर्नू होला. साथै भुक्तान भएको महिना महिनाको मास्केवारी दोश्रा महिना को ७ गते भित्र यस आफिसमा पठाउने गर्नू होला. शिक्षाविधानको अन्य मा दीइएको फार्मनं ७ बमोजिम को सामयीक रिपोर्ट फाराम भरी हरसाल आश्विं महिनामा एकपटक र चैत्र मैन्हा एकपटक दुइ पटक यस आफिसमा पठाउने गर्नू होला. स्कूलबापत रु पैसा शि. वि. अनुसार चलाउनू होला, सो नभइ भारतीय छात्रको हुनगय स्कूलले पास्को अफ स्विकृतिस्मोर झिकिनेछ।

भवदिय

चन्द्रदेव ओझ

डिभिजनल इन्सपेक्टर अफ स्कूल्स (डीई)

शिक्षा बिभाग।



डि.डाडी, डोटी, फ
मिति १४।४।०१

श्री सेक्रेटरीजी, बैतडी हाई
स्कूल, स्याबेक लाई

मिति २०११। । । ।

विषय: स्थायी स्वीकृति बारे।

महाशय, मेरो बैतडी हाईस्कूलले अस्थायी स्वीकृति पाएको मा स्थायी स्वीकृति पाउँ भनी मिति ४।४।०१४ मा स्कूल पुनर्गठन जाँच समितिमा निवेदन दिनुभएकोमा स्कूल चालु भैरहेकोले स्थायी स्वीकृति जेसरी पठाइदिनुहोला भनेर उक्त निवेदनमा श्री अ०डा० नीर्धराज उप्रेतीज्यूबाट मिति ०१४।४ मा नोक गरी यस आफिसमा पठाउनुभएको र यस स्कूलले मिति १३।८।११।२ मा यस आफिसबाट अस्थायी स्वीकृति पाएकोमा हाल स्कूल पुनर्गठन जाँच समितिका सिफारिशबाट स्कूल चलेको बुझिसकाले यस बैतडी हाई स्कूललाई स्थायी स्वीकृति गरिदिएकोछ। स्कूल शिक्षा ऐनका सबै नियम बमोजिम सञ्चालन गर्नु होला आर्थिक सहायताको निमित्त केन्द्रमा लेखि-

जानेछ।

भवदीय—
नाम: धरवीनाथ जोशी
[redacted]

श्री श्री श्री ५ महाराजी धिराजा महेन्द्र विर विक्रम शाहा देव का
हजुरमा धेतड़ी हाई स्कूल संचालन समिती ले चढ़ाया को

अभिनन्दन पत्र

प्रभुवर,

देश भर का प्रत्येक जिला मा सर्कार स्वयं सवारी भयेर आफना देशवासी का साथ निकट सम्पर्क राखी जानकारी प्राप्त गर्ने उद्देश्य हो भंने कर्ण गोचर भय देखी सर्कार को दर्शनार्थ जन जन को हृदय मा एक प्रकार को उत्साह उल्लास को लहर उमड़ी रहेको थीयो। पूर्वी पहाड़ को कठिन यात्रा निर्विघ्न साथ समाप्त गरी वक्सदा त शीघ्र ही आफना प्यारा राजा को शुभा-गमन को शुभ घड़ी दिन उतकंठा पूर्वक प्रतिक्षा गरी रहे का हामी मौसुफ का प्रजा ले आज आफनै समीप आफनै जिला गाउमा प्यारा नरेश को स्वागत दर्शन गर्न पाउदा भगवान विष्णु को दर्शन पाई जीवन सफल भय को संके का छौं प्रभु।

प्रजापत्सल,

मौसुफ का हृदय काल मा विदेशी राष्ट्र चीन, रूस जस्ता महान देश का साथ दौत्य सम्बन्ध हुनु, राष्ट्र [illegible] का साथ दिनो दिन घनिष्ठता बढ़दै जानु अरु अनेक राष्ट्र हरु साथ पनी मित्रता व [illegible] ार हुँदै जानु, देश का उन्नति को निमित्त पंच वर्षिय योजना खड़ा हुनु, विश्व-विद्यालय को न्यू जमाउनु, राष्ट्र बैंक को स्थापित हुनु र पहाड़ी कठिन यात्रा स्वयं मौसुफ बाट गरी वक्सी देशवासी को जानकारी प्राप्त गर्नु ले सर्कार एक दूरदर्शि, परीश्रमी, उदारशील, शिक्षा प्रेमी, अनुभवी र एक योग्य राष्ट्र नायक नरेश होई वक्सीन्छ।

राष्ट्र पिता,

मौसुफ को गत वर्ष देखी पूर्वी पश्चिमी तराई पहाड़ को भ्रमण को अनुभव ले सर्कार देशोन्नति तर्फ आकर्षित भई वक्से को बाटो, पुल, नहर बांध पैन, झुखमरी, अस्पताल, स्कूल हरु सहित मा उदारता देखाई वक्से को एक ज्वलन्त प्रमाण छ। अंत मा सर्कार को जए जय मनाउदै जनता बाट चलाई आए को अढ़ाई वर्षिय धेतड़ी हाई स्कूल पनी सर्कार बाट शीघ्र सुदृढ़ हुने आशा गर्दछ प्रभु जो हुकुम।

धेतड़ी हाई स्कूल संचालन समिती का सदस्य हरु ले चढ़ायां

धेतड़ी हाई स्कूल, श्यालेक
सम्वत २०१४ वैशाख [illegible] मा

उच्च माध्यमिक शिक्षा परिषद्

सानोठिमी, भक्तपुर,
नेपाल

सम्बन्धन संख्याः ४६९
च.नं.: २१/०५६/५६

फोन नं. ६३०५९८/६३१३६२
मितिः २०५६/९/२१

बिषयः सम्बन्धन प्रदान गरिएको।

श्री वीरेन्द्र बि.मा.वि.
डाँडाथोक न.पा.-१
साँफेबेंसी बैतडी ।

उच्च माध्यमिक शिक्षा परिषद्को मितिः २०५६/९/८ को निर्णयानुसार त्यस वीरेन्द्र बि.मा.वि. डाँडाथोक न.पा.-१, बैतडी लाई उच्च माध्यमिक तहको कक्षा संचालन गर्न तीन वर्षका लागि अस्थायी सम्बन्धन प्रदान गरिएको छ। परिषद्का नियम, विनियम तथा निर्देशनहरु पूर्ण रुपले पालना गरी शैक्षिक सत्र २०५६/०५७ देखि सुचारु रुपले कक्षा संचालन गर्नुहुन अनुरोध गरिन्छ।

(डा. उमाकान्त सिलवाल)
निर्देशक
सम्बन्धन तथा अनुगमन निर्देशनालय

बोधार्थः
श्री शिक्षा मन्त्रालय,
उच्च शिक्षा शाखा, केशरमहल, काठमाडौं।
श्री सुदूर पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय
डोटी, दिपायल ।
श्री त्रि.वि.वि. योजना महाशाखा, कीर्तिपुर।
श्री उच्च माध्यमिक शिक्षा परिषद्,
परीक्षा नियन्त्रण कार्यालय भक्तपुर
श्री जिल्ला शिक्षा कार्यालय,
बैतडी ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

(... ... ... महाशाखा

फोन: ६३०४०८, ६३०४०९
६३१४५८, ६३१४५९
फ्याक्स: ९७७-१-६३०४०९
पो.ब. ३५४६, काठमाडौं ।
सानोठिमी, भक्तपुर ।

मिति २०५८/१२/३०

पत्र संख्या :
च नं. :- ९२३०

विषय : छनौट गरिएकोबारे ।

उपरोक्त संबन्धमा श्री ५ को सरकारको बार्षिक कार्यक्रम अनुसार यस बर्ष प्रत्येक बिकास क्षेत्रबाट तीन तीनबटा साधारण माध्यमिक बिद्यालयहरु गरी जम्मा १५ वटा साधारण माध्यमिक बिद्यालयहरुमा प्राबिधिक शिक्षा तथा व्याबशायिक तालीम कार्यक्रम (ANNEX Programme) थप संचालन गर्ने नीति अनुरुप परिषदको मिति २०५८ चैत्र ९ गतेको निर्णय अनुसार सुदूर पाश्चिमाञ्चलबाट बिकास क्षेत्रबाट श्री विरेन्द्र माध्यमिक विद्यालय, गाईलेक, बैतडी लाई १५ बर्ष / महिने इन्फर्मेसन टेक्नोलोजी कार्यक्रम संचालन गर्न छनौट गरिएको व्यहोरा जानकारी गराईन्छ । परिषदको प्रचलित विनियमावली अनुसार तालीम कार्यक्रम संचालन गर्नुहुन अनुरोध गरिन्छ । Annex कार्यक्रम संचालन गर्ने अनुमति पाउनभएकोमा हार्दिक बधाई छ ।

सरोज देवकोटा
उपाध्यक्ष

बोधार्थ

१. श्री शिक्षा विभाग, सानो ठिमी, भक्तपुर
२. श्री क्षेत्रीय शिक्षा निर्देशनालय
३. श्री प्रशासन महाशाखा, प्रा. शि. ब्या. ता. प., सानो ठिमी, भक्तपुर
४. श्री स्तर निर्धारण महाशाखा, प्रा. शि. ब्या. ता. प., सानो ठिमी, भक्तपुर
५. श्री परीक्षा महाशाखा, प्रा. शि. ब्या. ता. प., सानो ठिमी, भक्तपुर
६. श्री सीप परीक्षण महाशाखा, प्रा. शि. ब्या. ता. प., सानो ठिमी, भक्तपुर
७. श्री पोलीटेक्निक महाशाखा, प्रा. शि. ब्या. ता. प., सानो ठिमी, भक्तपुर
८. श्री अनसन्धान तथा सूचना महाशाखा, प्रा. शि. ब्या. ता. प., सानो ठिमी, भक्तपुर
९. श्री पाठ्यक्रम महाशाखा, प्रा. शि. ब्या. ता. प., सानो ठिमी, भक्तपुर

निरीक्षण पुस्तिकाबाट

बैतडी- हरई स्कूल मा आज शिक्षक र विद्यार्थी हरु का साथ केही समय बिताउन पाउदा मलाई नयाँ ऊर्जा लाग्यो साथै हामीहरु प्रशांत मा आलागी उपहार मलाई दियौं; यसले प्रशांत मा बाटो अघाडि बिद्यमान रहन्छ भनेर गरे कोष। प्रशांत मलाई सफल बनाउन र मलाई पुरुष नगर्न बसाल शिक्षा को प्रचार आवश्यक छ। यस प्रदेश मा यस विद्यालय ले सफलता पूर्वक शिक्षा-प्रचार को कार्य गर्दै गर्न मलाई विश्वास छ। मेरो विश्वास को आधार यहाँ का उत्साही शिक्षक र विद्यार्थी हरु को उत्साह हो यो कठिनाई भरि हुदा पनि यस विद्यालय को उत्रोत्तर उन्नति को कामना गर्छु।

२.१.१८ निरीक्षक - मोहन

आज मो हार्दिक शुभ कामना आयोजना सफल होस भनि
मगल दिने औंकारेश्वर नेपाल सुपुत्र श्री भक्त
दशरथ चन्दजी को जन्म भूमि मा यो प्रकाश केन्द्र
(स्कुल) ले अवश्य नै अमर आत्माले छोड़े कार्यमा
थप प्रगति सतर्क रहने दिक तँवार पार्ने छ भनी
मेरो व्यक्तिगत अनुमान हो ।

धन्यवाद ।

आपको वाक्शक्ति
र अनुशासन बाट कुशल शिक्षकको कुशलता
झल्किने छ, । आजिवन पार्न सक्ने सहायता
पाउने विद्यालय आफ्नो लक्ष्यप्राप्तिमा सफल
हुने छ भनी मेरो विश्वास छ ।

यो शुभ उच्चारण गर्दछु । उन्नति
गरोस भनी मेरो शुभकामना र सहायता
थप सतत प्रयत्नशील मेरो कर्तव्य रहने छ ।

दीपा देवी ज्ञ
स्नातकोत्तर द्वितीय वर्ष संस्कृत
श्री मु.को.स.क्याम्पस
धनगढी ।

Nov 14, 1957

My visit to this school has indeed been impressive. The efforts that the community has made to provide education to its boys and girls is truly commendable.

Education is a privilege not cheaply bought. It is the bulwark of Democracy, which cannot survive without it.

I offer my fondest hopes for the continued success and growth of the school and my praise to those who have done so much to develop education in Baitadi

Hugh B. Wood
Educational Advisor
G.O.N/USOM - Kathmandu

निरीक्षण पुस्तिकाबाट उद्धृत गरिएका अंशहरू

(१)

आज यस बैतडी हाइस्कूलको निरिक्षण गर्दा मलाई अनुभव भयो कि यस स्कूलको पढाई तथा कार्य सञ्चालन र अनुशासन समेत सराहनीय छ। जिल्ला भरमा एक मात्र यो हाइस्कूल भएकोले सरकारको ध्यान स्कूल प्रति आकर्षित हुनु अत्यावश्यक छ। यसको स्वीकृति निमित्त सिफारिस गरिनेछ।

स्कूल निरीक्षक
मा. नवराज जोशी, २४।१२।२०१२

(२)

हाइस्कूलका लडकाहरुले देखाएको कार्यक्रमबाट प्रभावित भए। यस्तो केन्द्रमा पर्ने जिल्लाको सभ्य मनाउने ठाउँको सञ्चालन व्यवस्था जुन किसिमको अनुकरणीय हुनु पर्दथ्यो त्यो देखिएन। शिक्षक समुदायले सके सम्म प्रशंसनीय कार्य गरेको छ। हाईस्कूल कक्षाहरु खुलेर पनि हाईस्कूल टीचर र पाठ्यपुस्तकहरुको अभावले बन्द हुनु यो बैतडीका जनता र सञ्चालकहरुको निमित्त लाज लाग्ने कुरा हो।

अ.निरिक्षक
जगन्नाथ जोशी
२२ माघ २०१४

(३)

यो सिमानाका आखिरी स्कूललाई सर्कारी ध्यान विशेष दिनु जरुरीमात्र हैन अत्यन्त आवश्यक देखिन्छ। यस स्कुलले सीमानामा आफ्नो देश र राष्ट्रको गौरव राखेको छ।

कीर्ति बहादुर विष्ट
ब.हा.बैतडी गौंडा, २०१५ जेष्ठ १३ गत

(४)

नेपालमा शिक्षाको अति आवश्यक भएको बेलामा यस बैतडी हाइस्कूलले गरेको उद्यम देखि हर्षित हुनु नेपालीमात्रलाई स्वाभाविक कुरा छ। यस विद्याललयको उमङ्ग विचैमा मुर्झाउन नपावस भन्ने म अन्तरात्मा देखि प्रार्थना गर्दछु।

सुर्वणसमशेर जंग बहादुर राणा
चिफ इलेक्सन कमिशनर, २०१५।१०।२५। ई

(५)

यस स्कुलले अल्पकालमै निकै प्रगति गरेको देखेर अब हाम्रो जिल्लाको शुभारम्भ भयेको जस्तो मलाई अनुभव भयो। यसरी सबै क्षेत्रमा प्रगति पथको अनुशरण गर्दै गयौ भने हामी चाडै नै अरु छिमेकी देश सरह कदम बढाउन सक्नेछौ। विद्यानै प्रजातन्त्रको र उन्नतिको जरो हो र विद्यालयमा विद्या प्राप्तिका साथसाथै भावी सन्तानको चरित्र निर्माणको कार्य अत्यन्त महत्वपूर्ण कार्य छ। यस विषयको विशेष ख्याल राखी यस स्कूलले निष्ठावान्, गुणी, देशसेवी देशभक्त नेताको उत्पत्ति गर्न सक्ला भन्ने मलाई आशा छ।

रत्न बहादुर विष्ठ, क्षेत्री
न्यायाधिश, सर्वोच्च अदालत, नेपाल
२०१७ साल चैत्र १८ गते रोज ई

(६)

स्कूल पुस्तकालय जाँच गर्दा नेपाली पुस्तक १३०, अंग्रेजी २०४, तथा हिन्दी १७० कुल जम्मा ५०४ पुस्तकहरु पाएँ। तर यस स्कूल पुस्तकालयमा बालोपयोगी पुस्तकहरु एवं नेपाली साहित्यका प्रतिष्ठित रचनाहरुको अभाव पाएं। यस तर्फ ध्यान आकर्षित गरिन्छ।

डेपुटी अंचल शिक्षा अधिकार
महाकाली अञ्चल
२०२१।८।२५।

(७)

पुस्तकालयमा केवल ७१५ पुस्तकहरु हुनु हाइस्कूल पुस्तकालयको लागि बहुतै कम छ। त्यसमा पनि बालोपयोगी पुस्तकहरुको अभाव नै छ। पुस्तकालयको लागि अलग कोठा एवं अलग फर्निचरको व्यवस्था न भएकोले पुस्तकालयको राम्रो सञ्चालन पनि हुनसकेको छैन। पुस्तकालयको लागि अलग कोठाको व्यवस्था एवं फर्निचरको व्यवस्था हुन अत्यावश्यक छ।

भूगोलको पढाइमा नक्शाबाट काम लिनु जरुरी छ र नक्शा कै आधारमा पढाउन पनि जरुरीछ।

डे.इ. महाकाली अञ्चलाधि
२०२३।१।

(८)

स्कूलमा ध्यान दिनु पर्ने कुराहरु

१) स्कूलमा नेपाली बोल्ने र नेपाली पोशाक लगाउने
२) लामो विदामा कम्तिमा ७ दिन शिक्षक एवं छात्र-छात्राले साक्षरता अभियान सञ्चालन गर्ने

चन्द्रप्रकाश उपाध्या
अञ्चल शिक्षा अधिका
महाकाली अञ्चल, २०२५।१।२

(९)

हाल यस स्कूलमा भएको पुस्तकालय पनि सन्तोषजनक पायौं र खेलकूदको पनि राम्रो व्यवस्था पायौं त यस स्कूलमा छात्रा संख्या भन्ने विल्कुलै कम पायौं तसर्थ शिक्षक वर्गले नारी शिक्षा तर्फ पनि विशेष ध्या दिई छात्रा संख्या बढाउने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

शिवनाथ लामीछा
रामजंग था
ज.शि.सा.के. काठमाण्डौं, २०२५। साल भाद्र २८ ग

(१०)

Specially I gave much credit Mr. Dhan Bdr. Chand for his cooperation good feelin towards this school of one of the educationally backward areas lack cumminatiio and text book and other instruction material. I have full of that concerned departmer and authories will pay proper attention towards its progress.

Shyam Ra
Dhoj Josh
Kathmandu, Nepa

विद्यालयको एस.एल.सी. परीक्षा (नियमित समूह तर्फ) २०४० साल देखि २०५९ साल सम्म २० वर्षको परीक्षाफल विवरण

वर्ष	नियमित सम्मिलित	५ वर्षक्रे जम्मा उर्त्तीण प्रतिशत		वर्ष	नियमित सम्मिलित	५ वर्षक्रे जम्मा उर्त्तीण प्रतिशत
२०४०	११/ २३	३०		२०४५	१७ / ४८	३१
२०४१	२२ / ६५			२०४६	२९ / ६७	
२०४२	५ / ६०			२०४७	२२ / ५४	
२०४३	१५/ २३			२०४८	५ / ७८	
२०४४	११ / ४१			२०४९	२०/ ४९	
जम्मा	६४/ २१२			जम्मा	९३ / २९६	

वर्ष	नियमित सम्मिलित	५ वर्षक्रे जम्मा उर्त्तीण प्रतिशत		वर्ष	नियमित सम्मिलित	५ वर्षक्रे जम्मा उर्त्तीण प्रतिशत
२०५०	१०। ७०	२८		२०५५	२२ । ९९	२९
२०५१	२० । ७५			२०५६	२० । ९५	
२०५२	१५। ५६			२०५७	१३। ५१	
२०५३	१६। ५३			२०५८	४२। ६५	
२०५४	२५। ५८			२०५९	२४। १११	
जम्मा	८६। ३१२			जम्मा	१२१। ४२१	

द्रव्यष्ट : २०१८ साल देखि २०५९ सम्म एस.एल.सी. परीक्षामा जम्मा सम्मिलित २१०५ मध्ये ६५३ जनाले नियमित समूबाट तथा ११०७ जनाले एक्जेम्टेड र कम्पार्टमेण्टल समूहबाट उत्तीर्ण गरी जम्मा १७६० जनाले यस विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेका छन् जसमध्ये हाल सम्म नियमित समूहको परीक्षाफल ३१ प्रतिशत कायम रहेको छ।

"पुराना समस्याहरूलाई नयाँ दृष्टिकोणबाट केलाएर नयाँ प्रश्नहरू उठाउन तथा संभान्यताहरू खोज्नको लागि रचनात्मक परिकल्पना चाहिन्छ जसबाट नै विज्ञानको क्षेत्रमा वास्तविक प्रगति हुन्छ ।"

- अल्वर्ट आइन्स्टाइन

उच्च माध्यमिक तहको ११ र १२ कक्षाको हालसम्मको परीक्षाफल विवरण

कक्षा ११

वर्ष	नियमित सम्मिलित	नियमित उत्तीर्ण प्रतिशत	जम्मा पार्टियल उत्तीर्ण	जमा सम्मीलीत उत्तीर्ण	जम्मा पार्टियल उत्तीर्ण
२०५७	०।८	नील	-	०।८	नील
२०५८	५।११	४५	४।६	९।१७	५२
२०५९	१०।७६	१३	०।८	१०।८४	१२
२०६०	१२।१४२	८	९।६५	२१।२०८	१०

कक्षा १२

वर्ष	नियमित	नियमित उत्तीर्ण प्रतिशत	जम्मा पार्टियल उत्तीर्ण	जमा सम्मीलीत उत्तीर्ण	जम्मा पार्टियल उत्तीर्ण
२०५८	३।६	५०	-	३।६	५० %
२०५९	३।११	२७	०।३	३।१४	२१ %
२०६०	१३।७१	१८	०।५	१३।७६	१४ %

"प्रारम्भमा रोगलाई निको पार्न सजिलो हुन्छ तर पहिचान गर्न गाह्रो हुन्छ, तर जसै समय वित्दै जान्छ, प्रारम्भमै ध्यान दिएन वा उपचार गरिएन भने रोगको पहिचान गर्न सजिलो हुन्छ तर निको पार्न गाह्रो हुन्छ ।"

- मेकियावेली

" हिजोको स्नातक आज सिक्न छाड्छ र भोलि अशिक्षित हुन पुग्छ । "

" कुनै पनि कुरा हासिल हुनका लागि कार्यान्वयन आउनै पर्दछ । "

- पिटर ड्रकर

शैक्षिक क्षेत्रमा आमूल परिवर्तन गर्नु पर्ने कटु सत्य विद्यमान छ

विद्यालयको स्वर्ण जयन्तीको पुनीत सिलसिलामा सरस्वती पूजाको पुनीत अवसरमा २०६०।१०।१२ का दिन यस विद्यालयका पूर्व प्रधानाध्यापक एवं पूर्व कानून तथा न्याय सहायक मन्त्री श्री गणेशदत्त लेखक ज्यू संग लिइएको अन्तवार्ताः



☞ *तपाइ यस वीरेन्द्र उच्च माध्यमिक विद्यालयका संस्थापक शिक्षक हुनुका साथै विद्यालयमा लामो समय सम्म काम गर्ने अनुभवी एवं सफल प्रधानाध्यापकको रूपमा चिनिनु भएको छ । तपाइको विचारमा विद्यालय स्थापना कालमा मुख्यतः कुन कुन चुनौतीहरूको सामना गर्नु परेको थियो ? र विद्यालय सञ्चालनमा समकालीन समाजको जनभावना र जनसहभागिता कस्तो पाउनु भएको थियो ?*

☞ बैतडी जिल्लामा व्याप्त अशिक्षारुपी अन्धकारलाई पंछयाई ज्ञानरुपी दियो बाल्न २०११ सालमा जिल्लाका शिक्षाप्रमी महानुभावहरुको सत्प्रयासबाट बैतडी हाईस्कूलको नामले हालको वीरेन्द्र उ.मा.वि. को स्थापना भएको थियो । यस विद्यालयको स्थापना एवं सञ्चालनमा बैतडी जिल्लाका प्रतिष्ठित समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी तथा दूरदर्शी स्व. धनबहादुर चन्दजीले आफ्ना स्व. पूज्य बुवा किसनध्वज चन्दजीको जिल्लाको सर्वतोमुखी उत्थान गर्ने सतविचार एवं भावनालाई निरन्तरता प्रदान गर्न अग्रणी भूमिकाको निर्वाह गर्नु भएको थियो । स्व. किसनध्वज चन्द ज्यूले २००३ सालमा बैतडी सदरमुकाममा हाईस्कूल स्थापना, अस्पतालको स्थापना र खानेपानीको व्यवस्था गर्न तत्कालीन राणा सरकारबाट स्वीकृति पाउन विन्तीपत्र जाहेर गर्नु भएको थियो र उपर्युक्त तीनै योजनामा लाग्ने सम्पूर्ण खर्च आफूले व्यहोर्ने प्रतिवद्धता समेत सोही विन्तीपत्रमा उल्लेख गर्नु भएको थियो । तर तत्कालीन शासन व्यवस्थाको सोचाइ विकासको विपरीत भएकोले उपर्युक्त योजनाहरु सञ्चालन गर्ने स्वीकृति स्व. किसनध्वज चन्दजीले पाउन सक्नु भएन र २००६ सालमा उहाँको स्वर्गवास हुन गयो ।

दिवंगत बुवाको सत् विचारलाई निरन्तरता दिन स्व. धनबहादुर चन्दजीले श्री वीरेन्द्र उ.मा.वि. (तत्कालीन नाम बैतडी हाईस्कूल) को स्थापना बैतडीका शिक्षाप्रेमी जनसमुदायको सहयोगबाट गर्नु भएको थियो । २००१ साल पौष १ गतेका दिन शाहीलेकमा वैदिक रीतिले कक्षा १ देखि कक्षा ३ सम्मका विद्यार्थीहरुलाई वरिपरिका गाउँहरुबाट जम्मा गरी अध्यापन कार्य प्रारम्भ गरिएको र स्थापनाको दिन ३० जना विद्यार्थी २ जना शिक्षक म (गणेशदत्त लेखक) र श्री किसनसिंह थापाजीको उपस्थिति रहेको थियो ।

विद्यालय स्थापनार्थ जिल्लाका शिक्षाप्रेमी महानुभावहरुबाट आफ्नो क्षमता अनुसारको आर्थिक, भौतिक, वौद्धिक सबै प्रकारको सहयोग प्राप्त भएको थियो तर सबै भन्दा बढी सहयोग स्व. धनबहादुर चन्दजीको परिवारबाट विद्यालयले पाएकोमा विद्यालयसंग सम्बन्धित सबै वहाँको परिवारप्रति कृतज्ञ छन् र यसबारे जति प्रशंसा र आभार व्यक्त गरे पनि थोरै हुने मलाई लाग्छ । आर्थिक सहयोग संगै विद्यालयलाई चाहिएको लगभग १०० रोपनी जग्गा र आठकोठाको आफ्नो भवन समेत विद्यालयलाई

दान गर्नुका साथै आफ्नो जग्गामा भएका टुँडी सल्ला आदिका विद्यालयलाई आवश्यक काठ समेत दान गरी सो परिवारले ठूलो उदारता समाज सामु प्रस्तुत गर्दै सम्पन्न वर्गले क्षमता अनुसार विपन्न वर्गको उत्थान गर्न सहयोग गर्नु पर्छ भन्ने प्रेरणाको मूर्त रुप पनि यस उदाहरणले दर्शाएको छ ।

विद्यालय स्थापनाको समयमा मुख्यतः शिक्षाको महत्वको पूर्ण अभाव तत्कालीन समाजमा व्याप्त थियो । अभिभावकहरु आफ्ना बालबालिका स्कूल पठाउन गाह्रो मान्दथे । गाउँमा पटक पटक विद्यार्थी स्कूल पठाउन अनुरोध गर्नु पर्दथ्यो र सिजनल विद्यार्थी पाउन सकिन्थ्यो अर्थात खेतीपातीको कामको बेला विद्यार्थीहरुलाई पनि घरको कामा लगाउन अभिभावकहरु बढी रुचाउथे । प्रारम्भमा शिक्षा शुल्क ज्यादै कम थियो तापनि न्यून शुल्क तिर्न पनि धेरै जसोले नरुचाउने स्थितिको सामना गर्नु पर्दथ्यो । पाठ्यपुस्तक, पाठ्यक्रम पाउन पनि कठिन थियो । योग्य शिक्षक पाउन त झन कठिन थियो । मित्र देश भारतका शिक्षकहरु बोलाई अध्यापन कार्य गराउनु पर्दथ्यो । विदेशी शिक्षकहरुको सेवा स्थायी नहुनुको साथै भाषा सम्बन्धी समस्या टडकारोरुपमा सधै परिरहन्थ्यो । सामाजिक कुलतमा लागेका कतिपय व्यक्तिहरुको आक्रोशको सामना गर्नु पर्ने चुनौती पनि यत्रतत्र नभएको होइन । रुढीवादी र अन्धविश्वासीहरुले परम्पराको दुहाई दिदै सरल र सोझो जनसमुदायलाई कुलतमा डोऱ्याउने कुप्रवृत्तिको प्रतिवाद गर्नु पर्ने वाध्यता पनि कहिले काहीं परिनै रहन्थ्यो । यसको अतिरिक्त आर्थिक समस्या सदैव विकराल रुपमा उभिन्थ्यो । शिक्षकहरुको परिश्रमिक ज्यादै कम थियो । मासिक वेतन भुक्तानी हुदैन्थ्यो । महिनौ सम्म पारिश्रमिक पाउन प्रतीक्षा गर्नुपर्दथ्यो जसको परिणामस्वरुप कतिपय सेवारत शिक्षक बीच मै सेवा त्यागी अन्यत्र पलायन हुन्थे । यस्तै प्रकारका विविध समस्याहरुको सामना गर्दै प्राप्त जनसहयोगको केन्द्रविन्दुको केही मात्रामा निकट पुगेको अनुभव गरेको थिएँ ।

☞ ***स्थापना कालको प्रारम्भमा जिल्लाको एक मात्र हाइस्कूलको रूपमा चिनिएको यस विद्यालयले आफ्नो यात्राको ५० औं खुटकिलामा पाइला टेकेकोछ । यस विद्यालयको ५० वर्षले समाजलाई दिएको योगदान बारेमा चर्चा गरि दिनु हुन्छ कि ?***

✍ २०११ साल देखि २०१८ साल सम्म बैतडी जिल्लाको एकमात्र हाईस्कूलको रुपमा यो विद्यालयले आफ्नो काम गर्दै यथाशक्य शिक्षाको प्रचार प्रसारमा प्रयास गर्दै आएको थियो । २०१८ सालमा जिल्लाका केही निम्न माध्यमिक विद्यालयहरुले हाईस्कूलको स्वीकृति प्राप्त गरे पछि पनि सबै विद्यालयसंग पारस्परिक सहयोग, विचार विमर्श एवं मैत्रीपूर्ण सम्पर्क कायम राख्दै प्राप्त साधन स्रोतको सदुपयोग गर्नमा जनसहभागिता एवं मार्ग निर्देशन प्राप्त गर्ने निरन्तर प्रयास गरिएको थियो । अविरल रुपमा समाजसेवी, बुद्धिजीवी,बुजुर्गवर्ग तथा सर्वसाधारण जनसमुदायको सरसल्लाहको मनन चिन्तन गर्दै विद्यालयको प्रगतिको लागि भरपूर प्रयत्न गर्दागर्दै आंशिक उपलब्धि हासिल गर्न सकिएको थियो तापनि धेरै जसो कमीकमजोरी तत्कालीन विद्यालय र विद्यालय परिवारमा नभएका होइनन् । "कमी कमजोरीबाट हतोत्साही न भै तिनको निराकरणमा सदैव प्रयत्नरत हुनु पर्छ ।" भन्ने मनिषी उपदेशको अनुसरण गर्ने प्रयत्न गरिएको थियो र कतिसफलता मिलेको थियो भन्ने निर्क्यौल गर्ने काम समाजको हो र समाजले गरेको हुनु पर्छ । म सदैव "नहि सुप्तस्य सिंहस्य प्रविसन्ति मुखे मुगा :" को सिद्धान्तमा दृढ विश्वास राख्ने भएकेले यसै सिद्धान्त अनुसार काम गर्दै जाने व्यक्ति तथा संस्था अवश्य पनि एक दिन सफलत प्राप्त गर्न सक्दछ भन्ने सन्देश सबैमा सविनय अनुरोध गर्न चाहन्छु ।

☞ ***यस विद्यालयले अहिले सम्म विद्यालय स्तरको शिक्षालाई स्थानीय स्तरमा सर्वसुलभ पुऱ्याउन प्रयास गरेको तथा शिक्षाको प्रचार प्रसार गरी शिक्षाका अवसरहरूलाई पनि प्रशस्त गरेको त पाइन्छ । तर गुणस्तर कायम राखी गुणात्मकतालाई बढाउने दिशा तर्फ सन्तोषजनक उपलब्धि भएको देखिदैन ।***

एस.एल.सी. परीक्षाको नतिजाले पनि केहि हदसम्म यसलाई पुष्टि गर्दछ । तपाई यसमा के ठहर गर्नु हुन्छ ? यस दिशा तर्फ सुधारका लागि आगामी दिनहरूमा विद्यालयले के कस्तो भूमिका निर्वाह गर्नु वेश होला ?

विद्यालयले प्रदान गरेको शिक्षाले अवश्य पनि जनसमुदाय लाभान्वित भएको छ । यस विद्यालयको स्थापना पूर्व सामान्य शिक्षा प्राप्तिको लागि विदेशमा जानु पर्दथ्यो र विदेशमा शिक्षा प्राप्त गर्न एक प्रतिशत भन्दा पनि कम नै व्यक्ति सक्षम थिए । सामान्यतः बैतडी बासीको आर्थिक स्थिति अहिले पनि ज्यादै कमजोर छ र आजको ४०।५० वर्ष पहिलेको अवस्था झन सोचनीय थियो । सामान्य कृषि व्यावसायमा संलग्न रही न्यूनतम आवश्यकता पूर्ति गर्नुपर्दथ्यो र अहिले पनि गर्नु पर्ने वाध्यता छ । यस्तो दयनीय स्थितिमा जीवन यापन गर्ने समाजले विदेशमा गइ शिक्षा हासिल गर्न सक्ने अवस्था नै थिएन । देश भित्र बहिदार मुखिया र खरीदार उत्पादन गर्ने भाषा पाठशाला बाहेक अन्य शिक्षण संस्थाहरु सर्वसाधारणको लागि थिएनन् । यस कारणले यो शिक्षण संस्था प्रशंसनीय छ । गुणात्मकताको केही अभाव भएको व्यहोरा यथार्त हो र यसको लागि शैक्षिक क्षेत्रमा आमूल परिवर्तन गर्नु पर्ने कटु सत्य विद्यमान छ । खासगरी हाम्रो राष्ट्रिय शिक्षा पद्धतिमा विद्यमान विकृतिलाई सुकृति रुपी साबुनले पूर्णरुपले सफा गर्नु पर्ने आवश्यकता छ । हाम्रो शरीरमा भएको विभिन्न अंगहरुले विभिन्न काम स्वाभाविक रुपबाट गरिरहन्छन् । यदि आँखाको काम कानबाट गर्न वा गराउन खोजिएमा त्यो सम्भव हुदैन । त्यस्तै सबै वर्ग समुदाय तथा संस्थाहरुको कार्य क्षेत्र प्राकृतिक रुपबाटै निर्धारित छ । कर्म भूमिमा अवतरण हुनासाथ प्राणीले मात्र आफ्नो कार्य सम्पादन गर्न स्वाभाविक प्रेरणा पाउँदछ र तदनुसार काम गर्दछ । जति बेला यस सिद्धान्तको विपरीत जाने कोसिश गरिन्छ सोही समयमा विकृतिको प्रवेश र जथाभावीको बोलबाला कायम हुन्छ र ऐतिहासिक विश्लेषण अनुसार जसले सदैव सर्वत्र अधोगतिलाई नै निम्त्याएको तथ्य सबैको सामु छ । शिक्षादाता, शिक्षार्थी अभिभावक सबैले स्वस्थ चिन्तन तथा शान्त विवेक अँगाली सिंगो शैक्षिक क्षेत्रको गतिविधि बारे गहिरो चिन्तन मनन गर्नु पर्ने अपरिहार्यता अंगाल्नु पर्ने बेला आएको छ । यस्तै समाजका प्रसिद्ध बुद्धिजीवी, विचारक, विवेचक, शुभचिन्तक, राजनीतिज्ञ तथा नेतृत्व वर्गले पनि गुणात्मक शिक्षा प्राप्तिको वातावरण सिर्जना गर्नु पर्ने नितान्त आवश्यकता महसूस गरी तदनुसारको प्रेरणाबाट शैक्षिक क्षेत्र प्रेरित हुनु पर्ने अनिवार्यता आजको शैक्षिक समस्या समाधानको मूलमन्त्र हुनेछ । साथै यस वीरेन्द्र उ.मा.वि.को. शैक्षिकगुणात्मकता अभिवृद्धिको निमित्त अभिभावक, संचालक, विद्यार्थी तथा शिक्षक वर्गले गंभीरतापूर्वक विचार गरी आ-आफ्नो दायित्वको पूर्णरुपले परिपालना गर्दै अघि बढन सकिएमा निकट भविष्यमा गुणात्मक शिक्षा प्रदान गर्दै सन्तोषजनक परीक्षाफल प्राप्त गर्न विद्यालय सक्षम हुनेछ भन्नमा कुनै संदेह छैन जस्तो छ ।

विद्यालयमा सेवाक्रे लामो कार्य कालमा तपाईले विताएका मधुमय पलहरूलाई पनि सुम्सुम्याइ दिनुहुन्छ कि ?

२०११ साल पौष १ गते देखि २०१९साल सम्म शिक्षक, उप प्रधानाध्यापक तथा २०२० सालदेखि २०३७ साल फागुन महिना सम्म प्रधानाध्यापक भै श्री वीरेन्द्र मा.वि. मा काम गरेको समय मलाई सदा सर्वदा सुमधुर तथा आनन्ददायी स्मृति दर्शाउँछ । उक्त समय मेरो जीवनको सर्वोत्तम समय भएको मेरो अनुभवले बताउँछ । मैले विद्यालयमा काम गर्दा संचालक, अभिभावक, सहयोगी शिक्षक, विद्यार्थी,विद्यालयसंग सम्बन्धित सरकारी तथा गैर सरकारी संस्थाहरुसंग राम्रो सम्बन्धको साथै सहयोगको आदान प्रदान गर्ने सुअवसर पाएको थिएँ । यथाशक्य राम्रो परीक्षाफल प्राप्त गर्ने, विद्यार्थीहरुमा अनुशासन कायम गर्दै सुमार्गमा डोऱ्याउने प्रयासमा शिक्षक वर्गबाट सदैव सहयोग पाएकोले आंशिकरुपमै भए पनि उपर्युक्त कामा सफलता हासिल गरेको थिए । विद्यालयमा लामो अवधि सम्म काम गर्दा मैले

पाएको सहयोग एवं मार्ग निर्देशनको लागि सबै सहयोगदाता तथा मार्ग निर्देशकहरुलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र जानी नजानी म बाट हुन गएका त्रुटिहरुको लागि क्षमा याचना गर्दछु ।

☞ *एक्काइसौं शताब्दीको विद्यार्थीबाट समाजले के के आशाहरू गरेको छ होला ? सिंगो समाजले आजक विद्यार्थीबाट गरेका अपेक्षाहरूलाई पोषित गर्न एउटा आदर्श शिक्षक एवं जागरूक अभिभावकलाई के सन्देश दिनुहुन्छ ?*

✍ समयको दौडसंगै परिपक्वता गासिनु नैसर्गिक नियम हो । विश्व इतिहासको अध्ययन गर्दा पनि यस नियमको परिपुष्टि स्पष्टरुपले भएको पाइन्छ । प्राचीन, मध्यकालीन तथा आधुनिक शिक्षा प्रणालीक महत्व आ-आफ्नो स्थानमा यथार्थता प्रदान गर्न समर्थ छ तर प्रगतिशील समय भएकोले यस प्रगतिशीलता संग दाज्जिनु पनि समाजको उत्थानकोलागि अत्यावश्यक हुन्छ । आजको वैज्ञानिक युगमा शिक्षाको क्षेत्र व्यापकरुपले समाजको सर्वाङ्गिण विकास गर्ने उत्तरदायित्व बोकेको मेरुदण्ड हो र यसले आफूसंग सम्बन्धित सबैबाट यहि उद्देश्य पाउने आशा र विश्वास राखेको हुन्छ । शिक्ष सम्बन्धमा चर्चा गर्नु शिक्षक, विद्यार्थी र अभिभावकलाई गनिने गरिन्छ तर शिक्षा क्षेत्र यति व्यापक विस्तृत छ कि यो संग प्रत्यक्ष अप्रत्यक्ष रुपमा सम्बन्ध भएको समाजको प्रत्येक व्यक्ति, संघ, संस्था समुदाय गासिएको हुन्छ । एककाइसौ शताब्दीको विद्यार्थी वर्गबाट मानव कल्याणको आशा आजव समाजले राखेको छ । मानव कल्याणर्थ विद्यार्थी वर्गले सचरित्र, सत्मार्ग, संस्कृति र सभ्यताव अनुयायी, राष्ट्र र राष्ट्रियताका पोषक, संकीर्णता र स्वार्थ परायणयुक्त देशहित र जनकल्याण मार्गम स्वयं द्रुतगतिले हिडदै सम्पूर्ण समाजलाई सत्मार्ग र परोपकारी बाटोमा हिडाउने उत्तरदायित्व विद्यार्थ वर्गले अंगाली (परोपकार, पुण्याय पापाय परपीडनम्) को उच्च आर्दशको अनुसरण गरेको समाज हेर्न चाहि रहेको छ । मुख्यतः हाम्रो देशमा स्वर्थताको व्यापकता पाइन्छ । "मेरो गोरुको बाह्रै टक्का भन्ने हटधर्मितालाई निष्पक्ष रुपले नहेरी दिएको सबैले सबै क्षेत्रमा पाउने छन् । तर यो हाम्रो दुर्भाग नै हो कि हाम्रा सबै क्षेत्रका अग्रिम पंक्तिमा विराजमान महानुभावहरुले यसबारे मनन, चिन्तन कहि पनि गरी दिनु भएको पाइदैन बरु आफ्नो स्वार्थपूर्ण भनाई बलात अरुमा थोपर्ने गरिन्छ । यस प्रवृत्तिको वशीभूत समाजका पथ प्रदशकहरुको सोचाइको परिमार्जन गरी स्वच्छ , पवित्र र जनकल्याणका भावनाको सिजक, परिपोषक विद्यार्थी वर्ग भएको हेर्ने इच्छा आजको समाजले एककाइसौं शताब्दीव विद्यार्थी वर्गबाट चाहेको छ ।

विद्यार्थी वर्गको चारित्रिक विकास अभिभावक वर्गको शिक्षा प्रचार प्रसारमा उत्साहपूर्ण योगदान विकृतिको निराकरण , सत्विचारहरुको अभिवृद्धि तथा शिक्षाले दिने सबे प्रकारका स्वच्छ , पुनीत निष्पक्ष र सर्वतोमुखी कल्याणकारी मार्गमा हिडने र हिडाउने र स्वयं पनि हिडने आर्दशको मूर्तरुपम शिक्षक वर्गले अविरलरुपमा प्रयासरत भएको देख्न पाउने आशा आजको समाजले शिक्षक वर्गबा राखेको छ र अभिभावक वर्गबाट पनि शिक्षाले दिने फलदायी उद्देश्यपूर्तिमा मानसिक, आर्थिक त शारीरिक योगदान समय समयमा शैक्षिक क्षेत्रले पाइरहनु पर्छ । अन्तमा

"विद्याददाति विनयं, विनयाद्यातिपात्रताम् ।
पात्रत्वाद्धनमाप्नोति धनात् धर्मस्ततः सुखम् ।"

को सारगर्भित सिद्धान्तलाई हाम्रो शैक्षिक जगतले अँगाल्न सकी तदनुरुपको शिक्षा प्रदान गर्न सफल होस् भनी ईश्वरसंग प्रार्थना गर्दछु । ●

स्मृतिका पानाहरूबाट

हेमराज लेखक

समय बलवान छ । समय बेगवान छ । अस्ति जस्तै लाग्छ आजको वीरेन्द्र उच्च माध्यमिक विद्यालय खुलेको । वैदिक विधिविधान अनुसार सामान्य उदघाटन समारोह बीच बैतडी हाई स्कूलको नामले २०११ साल पौष १ गते यो विद्यालय खुलेको थियो । सो विद्यालयमा आजको दाँजोमा थोरै विद्यार्थीहरु थिए । प्रायः प्रत्येक कक्षामा ८ /१० जना मात्र भए पनि एकै चोटि कक्षा ५ सम्म स्कूल खोलिएको थियो । व्यवस्थापकहरुले नाम भने बैतडी हाईस्कूल भनी नामाकरण गरेका थिए । यस पंक्तिकारका लेखक विद्यालय खुलेको पहिलो दिन देखि नै कक्षा ५ का विद्यार्थी थिए । स्वर्गीय टीकाराम लेखकले संचालन गरेको गाँउको निजी कक्षाहरुमा अध्ययनरत लेखक सहितका सम्पूर्ण विद्यार्थी र शिक्षक सहित नयाँ खुलेको जिल्लाको ऐतिहासिक विद्यालयमा हाजिर हुन विद्यालयका संस्थापक चिर स्मरणीय स्व. धनबहादुर चन्दजीको उर्दी थियो । पौष २ गते सबै विद्यार्थीहरु र शिक्षक श्री लेखक पंक्तिवद्ध भई राष्ट्रिय झण्डा बोकी बैतडी हाईस्कूलमा गाभिन आएका थिए । त्यो रमाइलो समझना लेखकको मानस पटलमा ताजा नै छ । वितेको अवधिमा यस विद्यालयको उज्यालो प्रकाशमा हुर्केका थुप्रै थुप्रै व्यक्तित्वहरुले जीवनका विभिन्न क्षेत्रमा अगुवाइ गरिरहेका छन । यही विद्यालयको संस्कारमा हुर्केका तमाम विद्यार्थीहरुले महाकाली अञ्चलका चारै जिल्लाका विद्यालयहरुमा शिक्षक भई सो संस्कारलाइ निरन्तरता दिई रहेका छन ।

अहिले विद्यालयको छात्रावास नजिकै रहेको पीपल चौतारी, चौतारी संगै रहेको सानो घरका कोठाहरु तथा छात्राबास बनाएकै ठांउमा रहेको पुरानो पसलका (हाल सो पसल भत्काएर सोही स्थानमा नंया छात्राबास बनाएको) स-साना कोठाहरुमा त्यसताका कक्षाहरु संचालन हुन्थे । आज विद्यालयले थुप्रै साना- ठूला विद्यालय भवनहरुको निर्माण गरी स्वर्ण जयन्ती मनाउन पाएकोमा लेखकको हृदय ज्यादै हर्षित भएको छ । यस अवधिमा शैक्षिक क्षेत्रमा गरेको प्रगति समेत उल्लेखनीय छ ।

आज विद्यालयको मुख्य भवन रहेकै ठाउँमा यतिकै अग्लो डांडो रहेको थियो । त्यस डाँडोमा स्थानीय देवता स्थापना गरेर पुजा गर्ने गर्थे । त्यो डाँडा सम्याएर अहिले विद्यमान रहेको विद्यालय भवन स्वर्गीय श्री धन वहादुर चन्दजीले आफ्नै निगरानीमा बनाउनुएको थियो । आज स्थानीयवासीहरु सरस्वतीको मन्दिरको रुपमा विद्यमान यस विद्यालयको सोही श्रद्धाले प्रवेश गर्दछन् । यस विद्यालयलाई यस अवस्थामा पुऱ्याउनमा सम्पूर्ण जिल्लावासीका साथै सरकारी तहबाट समेत महत्वपूर्ण योगदान भएको छ । प्रारम्भका दिनहरुमा यस विद्यालय संचालक समितिको अध्यक्षमा स्वयं तत्कालीन वडा हाकिम हुने गरेकाले सरकारी पक्षबाट हुन सक्ने आर्थिक, भौतिक र प्राविधिक सहयोग यथासम्भव यस विद्यालयले प्राप्त गर्ने गरेको थियो । यस क्रममा तत्कालिन वडा हाकिम सम्माननीय सत्यनारायण

झाको विशेष सम्झना आउँछ। उहाँकै कार्यकालमा यस विद्यालयको नाम विद्यालय खुलेको एक दशक पछि तत्कालीन युवराजाधिराज श्री ५ वीरेन्द्रको नाउँबाट नामाकरण गरिएको हो।

भारतीय पाठ्यक्रम,पाठयपुस्तक र शिक्षकहरुको प्रभाव कायम रहेको प्रारम्भका दिनहरुमा शिक्षण माध्यम पनि हिन्दी भाषा हुने गरेको वर्तमान परिस्थितिमा सबैलाई नौलो लाग्न सक्छ। तर यातायात दूरसञ्चारको हिसावले आजको दाँजोमा पचास बर्ष पहिलेको बैतडी राजधानी काठमाण्डौंबाट अत्यन्त टाढा थियो। भारतसितको खुल्ला सिमाना र सीमा पारीका शिक्षण संस्थाहरुले यस दुर्गमतालाई कम गर्न निकै सघाउ पुऱ्याएका थिए। त्यसको प्रभावले भारतीय विद्यालय र विश्वविद्यालयहरुमा माथिल्लो तहको पढाइ गर्न जानेहरुको संख्या उल्लेखनीय हुने गर्दथ्यो। यो क्रम अझै पनि चालु रहेकै छ।

विद्यालय व्यवस्थापनका प्रारम्भिक दिनहरुमा यस विद्यालयका प्रथम प्रधानाध्यापक भारतीय मूलक श्री जवाहरसिंह र केहि बर्षपछि स्व श्री बंसीधर भट्टको योगदान बिशेष रहेको छ। श्री सिंह विद्यालयको बार्षिकोत्सव ज्यादै धूमधामसंग मनाउने गरेको परिपाटीले विद्यालयको स्थानीय समुदायसंगको सम्बन्ध प्रगाढ गर्नमा ठूलो योगदान गरेको देखिएको छ। त्यसैगरी ज्यादै सरल स्वभावका धनी श्री भट्टले प्रधानाध्यापकले गर्नु पर्ने कार्यहरु मध्ये शिक्षकहरुको कक्षा अवलोकन त्यस पश्चात शिक्षकहरुलाई दिने गरेको निर्देशन र सल्लाह सुझावले राम्रो परम्परा स्थापना गरेक सम्झना आउँछ।

सन् साठीको दशकमा अधिराज्यव्यापी रुपमा बहुउद्देश्यीय (multipurpose education) व विस्तार गर्ने श्री ५ को सरकार शिक्षा मन्त्रालयको कार्यक्रम अनुसार यस विद्यालयलाई पनि छनौ गरिएको थियो र यसको नामाकरण बहुउद्देश्यीय विद्यालय भनि परिवर्तन गरिएको थियो। यस क्रम एकातिर यस विद्यालयको शिक्षकहरुले राष्ट्रिय र अन्तरराष्ट्रिय तालीमहरु प्राप्त गर्ने अवसर प्राप्त ग भने अर्कोतिर बार्षिक आर्थिक सहायता जम्मा रु ७ हजार २ सय पाइरहेको ठाउँमा तीन जन शिक्षकहरुको तलव अनुदान सरकारी नीति अनुरुप मासिक दुई सय पचासका दरले प्राप्त गर्न थालेव थिए। त्यसका साथै केही नयाँ कार्यशाला भवनहरु निर्माण भए र व्यावसायिक शिक्षाको पठन पाठ प्रारम्भ गरिएको थियो। यसको प्रभाव अद्यापि देखिन्छ। औद्योगिक शिक्षा, सचिवालय विज्ञान र कुखु पालन सम्बन्धमा विद्यार्थीहरुलाई सरसल्लाह र निर्देशन दिन निर्देशन र सल्लाह सेवाको (G.C व्यवस्था अहिलेकै परिप्रेक्ष्यमा पनि ज्यादै अग्रगामी फड्कोको रुपमा हेर्न सकिन्छ। अझै पनि नेपालव सीमित स्कूलहरुमा मात्रै निर्देशन र सल्लाह सेवाको प्रावधान रहेको देखिन्छ। आज यी सबै व्यवस्थाह यस विद्यालयमा छैनन् तर खाँचो ज्यादै खड्केको छ।

विद्यालय विकासका प्रारम्भिक दिनहरुमा चाहे त्यो स्थानीय सुतेगाडको जंगलबाट सल्लाका दली ढुवानीमा होस् वा गौरीहाट (अन्तिम बस विसौनी) र पछि झूलाघाट (अन्तिम बस विसौनी भारतबाट कक्षाको फर्निचर र खेलकूद विकासका लागि टेबुल टेनिसको बोर्डको ढुवानीमा होस

विद्यार्थीहरु तथा समय समयमा संचालित अन्य तालीमका प्रौढ सहभागीहरुबाट भएको योगदानको मीठो सम्झना आउँछ । विकास निर्माणमा सहयोगी भावनाको दिलैदेखि विकास भएको खण्डमा कति थोरै आर्थिक स्रोतको लगानीबाट पनि कति सम्मको निर्माण हुन सक्ने रहेछ भन्ने कुराको उदाहरण यो विद्यालयले त्यसबेला दिन सकेको थियो । आज पनि त्यो भावना यथावत् जागृत रहेको पाउँदा छाती गर्वले फुलेर आउँछ ।

शिक्षाले व्यक्तिको अन्तर्निहित सम्भावनाहरुको पूर्ण विकास गर्नमा सहयोग पुऱ्याउँछ । यसरी सहयोग पुऱ्याउने कार्य कक्षा कोठामा किताबका पाना वाचन गरेर मात्र पूर्ण हुँदैन । यसका लागि विद्यालयले कक्षाकोठा बाहिर पनि विद्यार्थीहरुलाई विभिन्न कार्यकलापमा सँलग्न गराउनु आवश्यक छ । विद्यालयले आफ्नो वार्षिक कार्यक्रम बनाउँदा किताबमा उल्लेख गरिएको पाठ्य वस्तुको पठन पाठन सम्पन्न गर्नुको साथै सप्ताहान्तमा वा स्थानीय विदाको बेलामा पाठ्यक्रममा उल्लेख भएका विषयवस्तु संग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित सामाजिक कार्यहरुमा संलग्न गराउने कार्यक्रम राख्नु वाञ्छनीय हुन्छ । विद्यार्थीहरु कक्षाकोठाबाट बाहिर आउन पनि ज्यादै मन पराउँछन् । उनीहरुको यस उत्प्रेरणा (motivation) को राम्रो उपयोग गर्न सकेमा तिनीहरुको व्यक्तित्व विकासमा ठूलो मद्दत पुग्दछ ।

सामाजिक कार्यमा संलग्न हुने उदाहरणका रुपमा स्वास्थ्य सेवालाई लिन सकिन्छ । हाम्रो जस्तो समाजमा अझै हामीले सन्तोषजनक रुपमा स्वास्थ्य सेवा पुऱ्याउन सकेका छैनौ । यस कार्यमा विद्यालयले मद्दत गर्नुपर्दछ । स्वास्थ्य शिक्षा विषयसंग सम्बन्ध गाँसेर स्थानीय स्वास्थ्यकर्मीहरुको यसमा सहयोग याचना गर्नु उपयोगी हुनेछ । उचित वातावरणको सृजना भएमा स्वास्थ्य कर्मीहरु पनि यस कार्यमा सहयोग गर्न तत्पर र हर्षित हुनेछन् । यसका लागि विधाथीहरुको आवधिक स्वास्थ्य जाँच का साथै विधार्थीहरुको परिवारिक सदस्यहरुको लागि समेत स्वास्थ्य शिविर वर्षको ३।४ पटक आयोजना गर्न सकिन्छ । माथिल्लो कक्षाका विद्यार्थीहरु यस कार्यमा स्वास्थ्य कर्मीहरुलाई राम्ररी सघाउन सक्दछन् र स्वास्थ्य सम्बन्धी विभिन्न कुराहरु प्रत्यक्ष सिक्न सक्दछन् । विभिन्न क्लब तथा समितिहरुको निर्माण गरी यस्ता कार्यहरु संचालनमा सघाउ पुग्न सक्दछ । विद्यालयमा सञ्चालन भैरहेको जुनियर रेडक्रस सर्कल यही सेरोफेरोमा कार्यरत छ । कार्यक्रमहरुको समुचित चीरफाड मात्र आवश्यक हुन सक्दछ ।

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय बैतडीलाई यस विद्यालयको स्वर्ण जयन्तीको उपलक्ष्यमा लाख लाख शुभकामना !

मातासरी सुख दिन्या कुन चीज छ जान्नू ।
विद्यै छ त्यस्तो अरू कौन खाज्नू ।।

- आदिकवि भानुभक्त आचार्यको प्रश्नोत्तर कविताबाट

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय : केही पुराना संस्मरण

आत्माराम ओझा

बैतडीको सदरमुकाम क्षेत्र शाहीलेकमा खोलिएको हाईस्कूलको सायद प्रथम वार्षिकोत्सव थियो। त्यसबेलाका हेडमास्टर श्री जवारहरसिंह संग गडी बजारमा भेट हुँदा वहाँले वार्षिकोत्सवसमारोहमा सुनाउन लेख्नु भएको एउटा हिन्दी दोहा चौपाइमा लेखेको रचना संशोधन गरी दिन निमित्त मलाई दिनु भयो। श्री जवाहरसिंह शिक्षित व्यक्ति भए पनि मेरो दृष्टिमा त्यो रचना राम्रो लागेन र मैले त्यस रचनालाई संशोधन गर्नुभन्दा अर्को रचना लेखिदिन्छु भने पछि वहाँले आफ्नो रचनाको भावार्थ झल्कने गरी हिन्दी दोहा चौपाईमा नै लेखिदिनू भन्नुभएपछि मैले तदनुसार हिन्दी दोहा चौपाइमा नै रचना गरी दिए। त्यस रचनालाई स्थानीय प्रसिद्ध गायक स्व. मदनमोहन खत्रीले त्यस समारोहमा हार्मोनियम वाजा बजाइ गाएर सुनाउनु भयो। उपस्थित व्यक्तिहरुमा स्व. धनबहादुर चन्दका अतिरिक्त स्थानीय हाकीम कर्मचारीहरु तथा जनता भद्रभलादमीहरु हुनुहुन्थ्यो। उपरोक्त रचना श्री धनबहादुर चन्दले हाईस्कूल स्थापनामा देखाउनु भएको उदारताको प्रशंसामा समर्पित थियो। त्यस रचनाको एउटा दोहा स्मरण रहेकाले उल्लेख गर्दछु जुन यस प्रकार छ।

ज्यों तरुवर छाया निरखि पथिक करहिं विश्राम।
ऐसे श्रीमन् से सदा होगा जग कल्याण॥

यस अघि २००५।०६ साल तिर म काठमाडौंमा घरेलुको विद्यार्थी थिएँ। डिट्ठा किसनध्वज चन्द काठमाडौं आउनु भएको छ भन्ने थाहा पाई वहाँ बस्नुभएको पानीपोखरी दरवारमा गै वहाँसंग भेट गरें। आफू कमै उमेरको भए पनि वहाँले मप्रति स्नेह र सम्मान प्रदान गर्नुभयो। साथै वहाँले बैतडी सदरमुकाममा पानी पुऱ्याइदिने काम र एउटा हाईस्कूल पनि खोलि दिन्छु तर बैतडी सदरमुकामको नाम "किसनध्वजचन्द नगर" राख्ने आदेश पाऊँ भनि तत्कालीन श्री ३ मा विन्तीपत्र पठाउन लेख्नु भएको रहेछ र विन्तीपत्रको व्यहोरा मलाइ पनि पढेर सुनाउनु भयो र कस्तो लाग्यो भनी सोध्नु भयो। मेरो प्रतिक्रिया दिन सक्ने उमेर र ज्ञान नभए पनि मैले ठीक छ भनेर भने तर त्यस विन्तीपत्रको कार्यान्वयन हुन सकेन त्यतिकै हरायो।

उपरोक्त अनुसार हाईस्कूल खोल्ने समेत चर्चा श्री किसनध्वज चन्दज्यूले आफ्ना छोराहरुसंग अवश्य नै गर्नु भएको थियो होला र स्वर्गीय पिताको इच्छाअनुसार वहाँको ज्येष्ठ सुपुत्र श्री धनबहादुर चन्दले हाईस्कूल स्थापनाको लागि चाहिने भौतिक पूर्वाधार चल अचल सम्पत्तिको व्यवस्था गरी हाईस्कूल खोलि दिनुभएकाले त्यस भेगका विद्यार्थीहरुले शैक्षिक उन्नति गर्ने मौकाप्राप्त गरे अन्यथा बैतडी जिल्लाको यो भेग अमर शहीद दशरथचन्दको जन्मस्थली भएर पनि राजनीतिक शून्य रहेको हुनाले हाइस्कूल कहिले खुल्थ्यो वा खुल्दैनथ्यो भन्न नसकिने थियो।

आफ्ना समयमा आफ्ना प्रभाव क्षेत्रभित्र शक्ति अनुसारको मान प्रतिष्ठा पाउन सक्ने कतिपय व्यक्ति हुन सक्छन् तर सम्पूर्ण समाजको कल्याणकारी कार्य गर्ने स्व. धनबहादुर चन्दजस्ता महान व्यक्ति वीरलै हुन्छन् जसको अवसान पछि पनि सुकीर्ति कायम रहन सक्छ। यस्ता व्यक्ति प्रतिको कृतज्ञता प्रकट गर्नु सभ्य समाजको पनि कर्तव्य हुन जान्छ। स्व. श्री धनबहादुर चन्दज्यूले जलमल प्रदान गरी रोप्नु भएको विरुवा रुपी हाईस्कूल सुयोग्य संरक्षण र सञ्चालनले गर्दा फूली फली बैतडी क्षेत्रका प्रमुख शिक्षालयको रुपमा स्थापित हुन सकेको छ र शिक्षा क्षेत्र नयाँ पुराना विविध विधाहरुमा उन्नति गर्दै जानेछ भन्ने आशाको साथै यस स्वर्णजयन्ती महोत्सवको शुभ अवसरमा यँही नै शुभकामना पनि छ।

२०११ साल अघिको बैतडीको शैक्षिक स्थिति र शैक्षिक क्षेत्रमा गरिएका प्रयासहरू

डा देवीप्रसाद ओझा

डोटी राज्यको स्थापनाकालदेखिनै यस क्षेत्रका जनता मध्ये केही व्यक्तिहरु निश्चित रुपमा शिक्षित थिए भन्ने कुरा डोटी राज्यको इतिहास पुरुष भनिने नागीमल्ल ठाकुरको काल शाके १३०६-१३३३ पछि देखि नै प्राप्त भैरहने गरेका ताम्रपत्रहरुमा उल्लेखित भाषा, लिपि र लेखनशैलीबाट स्पष्ट हुने गर्दछ । त्यस कालमा आम जनताले शिक्षापाउन सक्ने किसिमले अवसर उपलब्ध गराउने कुनै व्यवस्था भने निश्चित रुपमा थिएन होला तै पनि वाहुन, पुरोहित, राजदरबारिया, ज्योतिषी तथा काजी आदि भै काम गर्ने व्यक्तिहरुले भने शिक्षित हुनु पर्ने जनधारणा रहेको हुँदाँ त्यसको लागि प्राचीन गुरुकुल पद्धतिद्वारा घर–घरमा भएपनि पढाई गरिने व्यवस्था भने मिलाइएको थियो । विशेष गरी बाहुनहरुले आ–आफ्नो घरमानै आफ्ना सन्तान तथा इच्छुक अरु बालकहरुलाई समेत ज्योतिषी कर्म काण्ड तथा अन्य साक्षरताको शिक्षा दिने व्यवस्था मिलाएका हुन्थे । गाउँघरमा चलेको परम्परा अनुसार बाहुनहरुको काम पठन पाठन ज्योतिषी कार्मकाण्ड तर्फ संलग्न रहने भन्ने निश्चित भैरहने हुँदा पछि सम्म यो मान्यता रहीरहेको थियो । गोरखाशासनकालको प्रारम्भमा यस परम्परागत सोचाइले केही नयाँ धारणाहरुलाई जन्माएको हुँदा बाहुन बाहेक सरकारी सेवामा काम गर्ने अरुले पनि सरकारी काम काजका लागि शिक्षित हुने तर्फ ध्यान दिन लागेका थिए । त्यसको बाबजूद पनि सबै वर्गले शिक्षा पाउने किसिमको व्यवस्था वा संस्थागत प्रक्रियाले भने यो कालमा पनि जन्म लिने मौका पाएको देखिदैन ।

सन १७९० देखिका २५ वर्ष सम्म कुमाऊँ र डोटीमा गोरखाली शासकहरुले एकै प्रकारको शासन व्यवस्था चलाएको हुँदा यी दुबै प्रदेशहरुको बीच अन्य सम्बन्धहरुमा विकटता आए जस्तै शिक्षा विकासको क्षेत्रमा पनि केही नयाँ सम्बन्धहरुको स्थापनाले पनि यहाँको समाजले शिक्षा प्रसारको संथागत पक्रिया संग परिचित हुने अवसर पाएका थिए । सन १८१५ पछि कुमाऊँमा अंग्रेजहरुको शासनकाल अन्तर्गत शिक्षालाई संस्थागत गर्ने कार्य तेजीका साथ प्रारम्भ भै अनेक स्थानहरुमा स्कूल खुलेका थिए । यी स्कूलहरुमा गै शिक्षा ग्रहण गर्न तर्फ त्यहाँका ब्राऽमण तथा क्षेत्रीहरुको ध्यान गए पछि कुमायूँको अल्मोडा, पिथौरागढ, नैनीताल तथा अन्य ससाना ठाउँहरुका साथै काशी, प्रयाग,हरिद्वार र मथुरा आदि विद्याका केन्द्रहरुमा गएर शिक्षा ग्रहण गर्ने परम्पराले यतातिरको समाजको एक अभिन्न रुप लिएको थियो । घरमा पढाईने पुरानो शिक्षा पद्धति पनि यति बेला कायमै रहेको हुँदा शिक्षा प्रासारका लागि स्कूलहरु जस्ता संस्थाको विकासमा यती बेलाका यीदुबै शिक्षा ग्रहण गर्ने पद्धतिहरुको महत्वपूर्ण योगदान दियेको देखिन्छ । त्यति बेला सम्म कुमायू तर्फ अंग्रेजी शिक्षा दिने स्कूलहरु खुलेका र अंग्रेजी भाषाको महत्व पनि बढेकोले सरकारी नौकरीमा प्रवेश पाउन पनि अंग्रेजी शिक्षा तर्फ समाजको रुचि बढेको थियो । नेपालमा पनि प्रारम्भिक राणा शासन कालमा नै जंगबहादर राणाले अंग्रेजी शिक्षाको महत्व बुझेर वि.सं. १९१०-१५ को बीच मिस्टर रोज नामक एक अंग्रेजलाई अंग्रेजी पढाउन नियुक्ति गरी दरवार हाईस्कूलको आधारशिला पनि राखेका थिए । राणाहरुसंग वैवाहिक तथा शासकीय सम्बन्ध राख्ने गरेका यतातिरका मानिसहरुको ध्यान यसै कारणले पनि अंग्रेजी शिक्षा तर्फजानु स्वाभाविकै थियो । पछि पछि गएर केही उदार नीति लिएका राणाहरुले सबैले शिक्षा पाऊन भन्ने उद्देश्य राखेर सामान्य ऐन श्रेस्ता र हिसाब सम्मको शिक्षा दिने भाषा पाठशालाहरु खोल्ने काम गरे । यसको प्रभाव काठमाण्डौबाट अलि ढिलो नै भए पनि बैतडीमा पनि पस्यो र वि.सं. १९७० मा बैतडीमा पहिलो पल्ट चन्द्रभाषा पाठशालाको नाउँले संस्थागत शिक्षा दिने इतिहासको रचना गर्दै स्कूल खुल्यो । यै क्रममा बैतडी जिल्लाका अन्य स्थानहरुमा पनि भाषा पाठशालाहरु खुल्ने सिलसिलामा मार्माको लामावगर, बैतडीको गुरुखोला र दार्चुलाको खलंगामा पनि भाषा पाठशालाहरु खोलिएको हुँदा यी भाषापाठशालाहरुले समाजलाई शिक्षा प्रति रुचि जगाउने काममा महत्वपूर्ण भूमिका खेलेको देखिन आउँछ । यसै क्रममा २००७ साल आश्विन्य ६

गतेको सनदले दार्चुलामा खोलिने भनिएको उच्च शिक्षा दिने आधारहाईस्कूललाई केही कारणहरुले गर्दा बैतडीको पुर्चौडी हाटमा खोलिए पछि बैतडीमा पहिलो पल्ट प्राइमरी स्तरभन्दा माथिल्लो स्तरको शिक्षा दिने शिक्षण संस्था खोलिने इतिहास प्रारम्भ भएको थियो। २००७ सालसम्म यसरी प्राइमरी शिक्षा भाषा पाठशालाहरुको माध्यमबाट पाउने र उच्च शिक्षाको लागि भारत तर्फ जाने परम्पराहरुलाई केही सीमित वर्ग र जातका सीमित मानिसहरुले धान्ने गरेको भए पनि यसै परम्परागत शिक्षा पद्धतिले पनि आगामी दिनहरुमा बैतडीमा शिक्षा प्रसारका लागि आधारभूत जनमानसिकताको अनुकूलधरातल निर्माण गर्ने काम गरेको पाइन्छ। २००६ सालको प्रारम्भतिर लेकमको देथलामा र बैतडी सदरमुकामको खलंगामा घरेलुस्कूलहरु खुलेका थिए। यी स्कूलहरुले आजभोलिको प्रथमिक ट्रेडस्कूलकै जस्तो पाठ्यक्रमको आधारमा कपडा बुनाईको साथसाथै सामान्य शिक्षा पनि दिने व्यवस्था मिलाएको हुँदा घरेलु उद्यमको शिक्षाको परिचय पनि यहाँ भएको देखिन आउँछ।

२००७ साल माघ महिनामा शसस्त्र क्रानीति गरी राणा शासनको अन्त र प्रजातान्त्रिक शासन व्यवस्थाको शुरुवात बैतडीमा आएको मुक्तिसेनाले गरेको थियो। प्रजातान्त्रिक अधिकारहरुको बहाली भए पछि गठित जिल्ला जनसरकारले त्यति बेला अरु क्षेत्र भन्दा शिक्षाको क्षेत्रमा बढी ध्यान दिएको हुँदा तत्कालमै लगभग ४-५ महिना भित्रनै २५ वटा जति नयाँ स्कूलहरु बैतडी जिल्लामा खुलेका थिए। स्थानीय क्रानीतिकारी सरकारले गठन गरेका अरु विभाग मन्त्रालयभन्दा शिक्षा विभाग मन्त्रालयमा अली पढेलेखेका शिक्षा प्रेमीहरुको भूमिका रहेकोले स्कूलहरु चाडै खोलिने प्रक्रियाले गतिपाएको देखिन्छ। त्यति बेलाका क्रानीतिकारी जिल्ला सरकारको मातहत काम गर्ने शिक्षा विभाग मंन्त्रालयमा मंन्त्री स्व. मनोरथ पन्तका साथै स्व. मदनमोहन खत्री, स्व. तेज बहादुर चन्द, स्व. कृष्ण मट्ट तथा स्व. रामचन्द्र ओझा आदि शिक्षित र शिक्षा प्रेमी व्यक्तिहरुले सहायक भएर काम गरेका थिए। त्यति बेला खुलेका स्कूल र तिनमा नियुक्त भएका अध्यापकहरु निम्नलिखित अनुसार देखिन्छन्। ४-५ स्कूलहरुको रेकर्ड भेटीएन।

सी.नं.	स्कूलको नाम	खुलेको मिति	अध्यापक
०१.	श्रीकोट खोचलेक अ.प्रा.स्कूल	२००७।११।१७	श्री विष्णुदत्त भट्ट
०२.	पाटन अ.प्रा.स्कूल	२००७।११।१२	श्री पूर्णानन्द पन्त, श्री अर्जुन चन्द
०३.	गुरुखोला अ.प्रा.स्कूल	२००७।११।१२	श्री भवानी प्रसाद भट्ट
०४.	लेकम गाजरी अ.प्रा.स्कूल	२००७।११।१६	श्री हरिकृष्ण भट्ट
०५.	दार्चुला खलंगा अ.प्रा.स्कूल	२००७।११।२०	श्री लोकमणी भट्ट, श्री भुवनशकंर अवस्थी
०६.	लेकम उकू अ.प्रा पाठशाला	२००७।११।२०	श्री रुद्रीदत्त अवस्थी
०७.	बमराडा अ.प्रा.स्कूल	२००७।१२।१	श्री हरीहरानन्द ब्रह्मचारी
०८.	बाराकोट आइतेबुगां अ.प्रा.स्कूल	२००७।१२।१	श्री त्रिलोक चन्द्र चिलकोटी, श्री हरिभत्त विष्ट
०९.	देथला घरेलु अ.प्रा.स्कूल	२००६ मा	श्री रणबहादुर सिंह
१०.	डिलेश्वरी आधार हाईस्कूल हाट	२००४ मा	श्री डम्बर बहादुर बम
११.	खलंगाा बैतडी अ.प्रा.स्कूल	२००७।११।१२	श्री लक्ष्मी दत्त भट्ट
१२.	बैतडी सेरा संस्कृत पाठशाला	२००७।१२।२	श्री इन्द्रदेव शास्त्री
१३.	दत्त पाठशाला लेकम	२००७।१२।१७	श्री शिव प्रसाद भट्ट
१४.	पर्लेकखोला अ.प्रा.स्कूल, लटक्वाली	२००८।२।२१।२	श्री ठाकुर दत्त जोशी
१५.	लेकम कोटगाऊ मकन्ना प्रा.वि.	२००८,२।२५	श्री जोगा सिंह खत्री
१६.	थालीगडा बैतडी अ.प्रा.स्कूल	२००७।१२।१३	श्री जोगा सिंह खत्री (सरुवा)
१७.	लिस्किटा अ.प्रा.स्कूल त.स्व.	२००८।१।२५।३	श्री खडक बहादुर चन्द
१८.	कोटीला बस्कोट अ.प्रा.स्कूल	२००७।१२।३	श्री कासी सिंह कार्की
१९.	देहीमाण्डौ अ.प्रा.स्कूल बैतडी	२००८।२।२२	श्री प्रमानन्द जोशी
२०.	उ.स्व. गाँजरी अ.प्रा.स्कूल	२००७।१२।१७	श्री केशव दत्त भट्ट
२१.	बैतडी खलंगा घरेलु स्कूल	२००६ सालमा	श्री आत्माराम ओझा
२२.	रानीबुङ्गा अ.प्रा.स्कूल	२००७।१२।६।३	श्री जमनसिंह भलमुनी, श्री बहादुर सिंह थापा (दादाजी)

यसरी विगत युगौ वित्दा सम्म पनि ३-४ स्कूलहरु मात्र रहेको बैतडी जिल्लामा ४-५ महिना भित्रै २५ ओटा स्कूल खुल्नाले शिक्षा प्रति जनचेतनाको अभिवृद्धि र सक्रिय सहभागिता पनि ऽवात्तै बढेको देखिने गर्दथ्यो । यसैलाई ध्यानमा राखी तत्कालीन जिल्ला क्रान्तिकारी सरकारले उच्च शिक्षा अर्थात प्राइमरी भन्दा दोस्रो उच्चस्तरको निम्नमाध्यमिक स्कूल कहाँ कहाँ खोल्नु पर्छ ? प्रतिवेदन पेश गर्ने भनी शिक्षा विभाग मन्त्रालयमा काम गर्ने स्व. रामचन्द्र ओझालाई खटाएर शिक्षा विस्तारको आफ्नो रुचि र प्रतिवद्धतालाई सार्वजनिक पनि गरेको पाइन्छ । स्व. राम चन्द्र ओझाले आफ्नो प्रतिवेदनमा तत्कालै बैतडीको खलंगा र बाराकोट हाल दार्चुलाको देथला र खलंगा बैतडीको त.स्व. गाँजरी र पाटन गरी ६ वटा मिडिल स्कूल र दुई वर्ष पछि बैतडीको खलंगामा हाईस्कूलको स्थापना हुनु पर्ने आफ्नो राय लेखेर रिपोर्ट पेश गरेको देखिन्छ । २००८ साल आश्विन महिनामा स्थानीय जनसरकार विघटन भै केन्द्रीय नागरिक शासन लागू भए पछि यो सबै कुराहरु तत्कालनै कार्यान्वयन हुने स्थिति रहेको थिएन ।

प्रजातन्त्र प्राप्तभए पछि नागरिक अधिकारहरुको अभ्यास र परिचय पनि आम जनता बीच तेजीका साथ विस्तार हुने पक्रिया प्रारम्भ भएको थियो । यस वातारणले शिक्षा विस्तारको क्षेत्रमा पनि समाजमा सोचिने, कार्यक्रम बन्ने र कार्यान्वयन हुने गरी संस्थाहरुको गठन भै रहेको पाइन्थ्यो । त्यसै कारणले बैतडीको कुना काप्चा सम्म पनि स्कूल खुल्ने अभियानमा तेजी आएको देखिने गर्दथ्यो । त्यति बेलासम्म भारत तिर गइ शिक्षा ग्रहण गर्नेहरुको संख्यामा पनि वृद्धि भएको हुँदा केही मात्रामा शिक्षकहरुको आवश्यकता पनि स्थानीय तहमा नै पूर्ति हुने वातावरण बन्ने गरेको थियो । २०११ साल मार्ग १३ गतेका दिन स्थानीय विद्या प्रेमीहरुले श्री धन बहादुर चन्दको सभापतित्वमा विद्याप्रसारको न्यूनतालाई हटाउने उद्देश्यले बैठक गरी योजना तयार पारेको अभिलेखलाई अध्ययन गर्दा त्यती बेला बैतडीमा हाईस्कूल स्थापनागर्ने र यो बाहेकको इलाकामा चलीरहेका अन्य स्कूल तथा पाठशालालाई सुचारु रुपले चलाउने प्रयत्न गर्नेभन्ने निर्णय भएको कुरा यस कथनको प्रमुख उदाहरण हो । यस बैठकमा हाईस्कूल सञ्चालन गर्न स्व. धन बहादुर चन्दको सभापतित्वमा १५ सदस्यीय समिति गठन भएको थियो । सेक्रेटरी सुपरिटेन्डेन्ट श्री तेज बहादुर चन्द र कोषध्यक्ष श्री शिवदत्त भट्ट रहेको यस सञ्चालक समितिमा सर्वश्री लवदेव भट्ट, महादेव भट्ट, महावीर चन्द, , तारा दत्त जोशी, रामचन्द्र ओझा, पं.महानन्द जोशी, रामी चन्द, रामी बोकटी, बहादुरसिंह पुजारा, प्रेमसिंहधामी (धामीगाऊ), नन्दकृष्ण भट्ट, र हरिकृष्ण विष्ट सदस्य थिये । मुख्य कुरा यस समितिले सदरमुकाममा हाईस्कूल स्थापना गर्नुको साथै जिल्लाका अन्य स्थानमा खुलेका स्कूल पाठशालाहरुलाई पनि सुचारु रुपले सञ्चालन गर्ने सोच दिएकोलाई तत्कालिनजिम्मेवार नागरिकहरुले विद्याप्रसारका लागि व्यापक सहभागिता दिने मानसिकता राख्ने गरेको प्रमुख उदाहरण मान्न सकिन्छ । यसै दिनको निर्णय बमोजिम २०११ साल पौष १ गते बैतडी हाईस्कूलको जन्म भयो र पहिलो हाइस्कूलको रुपमा गठन भएको यस हाईस्कूलले भविष्यका दिनहरुमा जिल्ला भरि उच्च शिक्षा प्रसारका लागि चाहिने प्रेरणा अभिभावकत्व र पथप्रदशनको पनि भूमिका निर्वाह गरेको देखिन आउछ । यसरी यो समितिले दुबै निर्णय कार्यान्वयन गरेको ठहर्छ ।

आफ्नो बुवा स्व. रामचन्द्र ओझाको सक्रियता पनि यो स्कूलको सञ्चालनमा धेरै दिन सम्म रहेको कारणले मेरो भावनात्मक स्नेह यो स्कूल संग रही रहेकै बेला मैले स्वयं पनि २०१४ साल तिर केही दिन यो स्कूलमा अध्यापनगरेको हुँदा यो सम्बन्ध अरु प्रगाढ र आत्मीयतामा पनि परिणत भएको ठान्दछु । पिथौरागढ तिरका जवाहरसिंह डसीला भन्ने व्यक्ति त्यती बेला हेडमास्टर हुनुहुन्थ्यो । आज पछाडी फर्केर हेर्दा त्यो कालमा अत्यधिक स्नेह, सद्भावना र सहयोग राखीएकै परिवारका सदस्यहरु जस्तै सुख दुखमा सहभागी रहने गरेका मेरा साथका अध्यापकहरुको सम्झना आउँदा मेरो मन अत्यधिक द्रवित र भावविऽवल पनि हुने गर्दछ । ती मध्ये सरल व्यक्तित्वका धनी टीकाराम लेखक र जीवनलाई सहज ढंगले जिउने कलामा पारगंत डम्बरदत्त

पाण्डेको संम्झना बाहेक उनीहरु हाम्रो बीच छैनन् । मैले क ख र ए बी सी देखि आरम्भ गराएको मेरो प्रिय शिष्य स्व.सागर चन्द, स्व. लक्ष्मणसिंह बोहराको सम्झना आउदा पनि म अत्यधिक रित्तोपन महसूस गर्ने गर्दछु । जीवनमा अनेक सुखदुख, उतारचढाव, हाँसो र आँसुको लामो जीवन यात्रा पार गरेर अहिले म जीवन यात्राको गन्तव्यको अनीतिम मंजीलको धेरै निकट पुगी सकेको बेला विगतलाई सम्झदा धेरै कुराहरु विसिएको जस्तो पनि महसूस गर्दछु । तर बैतडी हाईस्कूलमा विताएका आफ्नो जीवनको १८-१९ वर्षको उमेरको त्यो रमाइलो सम्झना भने भुल्न चाहेर पनि भुल्न सकेको हुदैन । आज बैतडी हाईस्कूलले आफ्नो स्थापनकालको ५० वर्ष पुरा गरेकोमा झनझन मेरो मन आऽलादित, गौरवान्वित र प्रेमासक्त भै आफ्नो सम्पूर्ण निष्ठा र संवेदनशीलताकासाथ यसको उत्तरोत्तर प्रगति र यश वृद्धिका लागि शुभेच्छा प्रकट गरेर आत्मसन्तोष ग्रहण गर्दछु । यसलाई यस स्थिति सम्म पुऱ्याउने सबै सहयोगीहरुलाई धन्यवाद पनि दिन्छु । ●

आकांक्षा

जगदिश क्षेत्री

जहाँ, मेची महाकाली आफ्नो मस्त यात्रामा, बगी रहे होलान,
त्यहाँ, कञ्चन पानी संगै मलाई स्वप्नील संसार, पौड्न देऊं ।१।
जहाँ, ईतिहासका पन्ना-पन्नामा वीरताका, डोवहरु होलान,
त्यहाँ, वीररसको स्थायित्वका कथा र कविता, वाचन गर्न देऊ ।२।
जहाँ, बुद्ध जनक सीता भृकुटीतारा पृथ्वीतलमा, पादारोपण गरे होलान्,
त्यहाँ, दत्त चित्त भई राम राज्यको कल्पना र सृजना गर्न देऊ ।३।
जहाँ, पृथ्वीनारायण, भीमसेन, अमर सिंह, भक्ति थापा जस्ता युग पुरुष, पैदा भए होलान,
त्यहाँ, समुन्नत, समृद्ध समाज अनि ईतिहासको, जर्गेना गर्न देऊ ।४।
जहाँ, सगरमाथाले देशको सगौरव गाथा, उभ्याएको होस्
त्यहाँ, स्वाधीनताको अनुपम दृष्यन्त अनि, गोर्खालीको धाक जमाउन देऊ ।५।
जहाँ, असारे गीत, पञ्चै बाजाले किसानहरु काममा लीन होलान्
त्यहाँ, माना छरी मुरी फलाउने कल्पनामा, असारे हुन देऊ ।६।
जहाँ, स्वच्छ वनपाखा, कञ्चनजंघा, अपि, सैपाल, लहरै हाँसि रहे होलान,
त्यहाँ, मेरी जननी जन्मभुमी लाई युगौं युग, हास्न र हंसाउन देंऊ ।७।
जहाँ, जातीय विविधतामा पनि एकताको माला गांसीएको होस्
त्यहाँ, समानता,स्वतन्त्रता अनि भाईचाराको भावना उत्पन्न गर्न देऊ ।८।
जहाँ, मेरो देशनै मुटु हो, मुटु ने देश हो,
त्यहाँ, म भित्र देश छ, देश भित्र म छु ।९।
जहाँ, ममतामयी स्वर्गको खानी, जन्म भूमिमा रम्न सकूँ
त्यहाँ, एक पल्ट मरे पनि पुनः जन्म प्राप्त गर्न सकुं

स्वर्णजयन्तीको हार्दिक मंगलकामना

ले. आनन्ददेव भट्ट



श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीको ५० औं वर्ष प्रवेशको ऐतिहासिक अवसरमा त्यस उ.मा.वि.बाट २०३८ साल देखि प्रकाशित हुदै आएको "बालदीपिका" शैक्षिक-साहित्यिक पत्रिकाको स्वर्ण महोत्सव विशेषाङ्कको रुपमा प्रकाशित गर्ने निर्णय थाहा पाएर अत्यन्त खुशी लागेको छ। त्यसका निम्ति हार्दिक बधाइ एवं मंगलमय शुभकामना व्यक्त गर्दछु।

बैतडीमै जन्मी हुर्की, विवाह वन्धनमा बाँधिनु भएका मेरा स्वर्गीय बुवा र आमा-सर्वोच्च अदालतका न्यायाधीश श्री जयदेव भट्ट र श्रीमती हीरादेवी भट्टबाट म जुम्ला खलङ्गामा जन्मी पाल्पा र काठमाण्डौ पुगेर १६ वर्षको उमेरमा बल्ल म जानेर बैतडी पुगेको थिए। परिस्थितिवश त्यसपछि मेरो जीवन बैतडीमा बित्न नपाए पनि २०४६ साल सम्ममा म २।३ पल्ट बैतडी पुगी फर्केको थिए। तर २०४७, २०४८ र २०५० सालमा सचेत सजग रुपबाटै मैले केही समय बैतडीको सामाजिक - राजनैतिक जीवनसित एकाकार हुने मौका पाए। त्यही सम्पर्कले हुनु पर्छ, पछि म २०५१ वैशाख देखि २०५६ चैत्र सम्म लगातार ६ वर्ष म बैतडीमा बसे र त्यहाँको जनजीवनमा एकाकार हुने अवसर पाएँ। त्यसै बेला मेरो श्री वीरेन्द्र उ.मा.वि.सित केही नजीकको सम्बन्ध कायम हुन गएको हो।

बैतडीसित २०४७ सालदेखि सचेत रुपमा सम्पर्क भएदेखि मैले त्यस उ.मा.वि.का साथै जिल्लाका विभिन्न गा.वि.स.मा रहेका कैयन मा.वि., नि.मा.वि. र प्रा.वि.हरुमा विद्यार्थीहरुलाई सम्बोधन गरेको छु। त्यस बेला मेरो मुख्य विषय वस्तु सधैनै विद्यार्थीले पाठ्यक्रम अनुसारको अध्ययन र अन्य वाहिरी अध्ययन गर्ने, विद्यालयभित्रका अतिरिक्त क्रियाकलापहरुमा भाग लिने, अनि आफ्नो फुर्सद र सामर्थ्यले दिए अनुसार समाजका चाडपर्व, मेलापात, स्वास्थ्य सेवा, वादविवाद प्रतियोगिता, साहित्यिक गोष्ठी, साँस्कृतिक कार्यक्रम आदिमा सक्रिय भई आफ्नो प्रतिभाको पर्याप्त विकास गर्न अग्रसर हुनु पर्दछ भन्ने नै हुन्थ्यो। यस्ता कुराले उनीहरुको चरित्र निर्माण गर्न, अध्ययनशीलतालाई बढाउन, साहित्य सिर्जना तर्फ लाग्न, वक्तृत्वता शक्ति बढाउन र समाजको प्रत्यक्ष सेवा गरी लोकोपकारी भाव बढाउन बढी मद्दत गर्दथ्यो भन्ने लाग्यो। अनुशासन र कर्तव्य पराएणतामा विशेष जोड दिने हुनाले विद्यार्थीहरुलाई ती गुणहरुको विकास गर्न बढी भावना जाग्न सक्थ्यो भन्ने गर्थे।

त्यस्तै मैले प्रत्येक स्कूलमा शिक्षकवर्गहरुसित कुरा गर्दा उहाँहरुको अध्ययन सम्बन्धी अनुभवको कुरा गर्दै उहाँहरुले आफुले अध्यापनगर्ने विषयबाहेक स्वअध्ययनका क्षेत्रमा कुन कुन विषय बढी चाख लाग्दा छन् र उहाँहरुले आफूले पाए सम्मका किताब, पत्रपत्रिकाको अध्ययन गर्दा सामान्यतया साताको कति पल्ट सम्म पढ्न फुर्सद निक्लन्छ भनी सोध्ने गर्दथे। साथै ती शिक्षकहरु जो बढी अध्ययन प्रिय हुनुहुन्थ्यो उहाँहरुलाई सभा सोसाइटीमा मौका पर्दा आफ्ना विचारहरु राम्ररी व्यक्त गर्ने र अझ तिनै विचारहरुलाई लेखमा परिणत गर्न विशेष जोड दिन्थे। खास गरी हाम्रो ग्रामीण जीवनमा अध्ययनका निम्ति राम्रा किताब र पत्रपत्रिका नपाइने हुनाले आफ्नो निजी पुस्तकालय बलियो र व्यापक बनाउने र सकेसम्म गाउँगाउँमै स्कूलमा पुस्तकालयको विकास गर्ने प्रयत्न गर्ने र सानै भए पनि निजी पुस्तकालय निर्माण गर्न तर्फ पनि प्रयत्नशील

हुनै पर्छ । यस तिर सबैले ध्यान दिएमा १/ २ दशकमा केही न केही राम्रा पुस्तकहरु जम्मा हुन सक्छन् । त्यसै हिसाबले म कुनै पनि गाउँ र शहरका शिक्षित , बुद्धिजीवी, समाजसेवी, शिक्षक, कर्मचारी, व्यापारी, उद्यमी र क्याम्पसमा पढ्ने विद्यार्थीहरुलाई के अनुरोध गर्थे भने हाम्रो बौद्धिक विकासको निम्ति हामीले समाजसित एकाकार हुनै पर्दछ । त्यसको अर्थ हुन्छ : समाजका विभिन्न विचारका मानिस सित अन्तरक्रिया गर्नु । सधै भरि, सबै कुरामा , जसरी भए पनि मेरै कुरोमात्र माथि पर्नु पर्दछ भन्ने धारणा राखेमा समाजमा साझा सहमति वा अत्यधिक बहुमतिको निर्माण हुने मौकै पर्दैन । यसले हाम्रो समाजका प्रत्येक सदस्यमा संकीर्णता , अनावश्यक बैमनस्य, असमझदारी, एकहोरो चिन्तन र तर्कशैली आदिको विकास भई समाजमा ज्यादा विग्रह उत्पन्न हुन्छ । समाज प्रजातन्त्रतिर होइन अधिनायकतातिर उन्मुख हुन्छ । विशेष गरी समाजका कुनै पनि विकास निर्माणका क्षेत्रमा आफ्नै कुरामात्र अरु वा सबैले मानिदिनु पर्दछ भन्नु भन्दा पनि अलिकति आफूले पनि अर्काको वा समाजको कुरा मानिदिनै पर्छ भन्ने भावना राख्नु राम्रो हुन्छ । म ठान्छु यस दृष्टिकोण र कार्यशैलीले प्रजातन्त्र, जनमुखीचिन्तन र व्यवहारलाई विकसित गर्न सघाउँछ ।

श्री वीरेन्द्र उच्च मा.वि.को स्मृति र त्यस प्रतिको प्रेम मेरो हृदयमा हरियै छ । त्यसको उत्तरोत्तर उन्नति प्रगतिका निम्ति पुनः हार्दिक कामना व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद ।

हिमाली सौन्दर्य

भान सिंह ऐरी

लाग्दछ मलाई रमाइलो यो नेपाली भूमी ।
हिमाली चुली टुप्पोमा डाँफे चरी घुमी ॥
डाँफे चरी मुनाल कस्तुरी र मृग ।
यो हिमचुली राख्दछ हाम्रो गौरव ॥
शंकरजीको बासस्थान यै हिमचुलीका डाँडा ।
विश्वका सामु झल्कने यि हिमाली डाँडा ॥
हाम्रो मातृभूमी यै राम्रो हिमाल ।
उत्तर सगरमाथा क्या राम्रो नेपाल ॥
हाम्रो भाषा सस्कृति विश्वमा चिनिने ।
सगरमाथा शिखरले संसार देखिने ॥
हिमाल चुलि हासेमा क्या राम्रो देखिने ।
हिम शिखर चढेमा स्वर्ग नै पूगिने ॥
यहि हाम्रो मातृभुमि क्या राम्रो हिमचुलि ।
यहि घुम्दछन कस्तुरी यहि गुराँस फुलि ॥
लाग्दछ मलाई रमाईलो यहि नेपाली थलोमा ।
देशको विकास गरौ सबै यहि नै छ भलो ॥

श्री वीरेन्द्र उ. मा.वि. शाहीलेक वैतडी
कक्षा १२ शिक्षा संकाय

संवैधानिक निकायहरुको संक्षिप्त परिचय

प्रा. डा. भीमदेव भट्ट



नेपाल अधिराज्यको संविधान २०४७ ले विभिन्न सम्वैधानिक निकायहरुको व्यवस्था गरेको छ। राज्य संचालनका सिलसिलामा यी स्वायत्त निकायहरुको आफ्नै महत्व र विशिष्ट स्थान छ। सम्बन्धित क्षेत्रको काम गर्न तोकिएका निकायलाइ आवश्यक पर्ने विशेष अधिकारको समेत वोधगरी यी निकायको गठन गरिएको हो। यस अर्थमा यस्ता सम्वैधानिक निकायहरु व्यवस्थापिका , कार्यपालिका अथवा न्यायपालिका अंगका रुपमा नरही स्वतन्त्र अस्तित्व कायम गरी कार्य गर्दछ। अर्को शब्दमा लेख्दा यी नियमहरु श्री ५ को सरकारका लाईन एजेन्सी (line agency) होइनन्। अपितु राज्य व्यवस्था संचालनमा सरकारलाई प्रत्यक्ष परोक्ष सघाइरहेका हुन्छन्। नेपालको संविधान २०४७ ले तोके अनुसार देहाएका संवैधानिक अंगहरु कार्यरत छन्।

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२. महालेखा परीक्षाक
३. लोक सेवा आयोग
४. निर्वाचन आयोग
५. महान्यायाधिवक्ता

सर्वप्रथम सरलीकरणका लागि उपरोक्त सम्वैधानिक निकायमा पाइने एक रुपताका सम्बन्धमा जानकारी हासिल गरी अन्य पृथक वुँदा के रहेछन् र सम्बन्धित निकायलाइ के कस्तो काम कर्तब्य र अधिकार सुम्पिएको रहेछ भन्ने बारे जानकारी प्राप्त गरेमा सवै निकायको परिचय अवगत हुनेछ।

अख्तियार दुरपयोग अनुसन्धान आयोग , महालेखा परीक्षाक , लोकसेवा आयोग र निर्वाचन आयोगको गठन प्रक्रिया र अन्य केही प्रावधान समान छन्। ती हुन :-

१. श्री ५ महाराजाधिराज सरकारबाट संवैधानिक परिषदको सिफारिसमा उपरोक्त चारवटै निकायको प्रमुख र आवश्यकता अनुसारका सदस्यहरुको नियुक्ति गरिबक्सन्छ।
२. सबै निकायका प्रमुख र सदस्यहरुको पदावधि ६ वर्ष तोकिएको छ।
३. उपरोक्त सबै प्रमुख र सदस्यहरुको उमेर ६५ वर्ष पुरा भएपछि कोहीपनि आफ्नो पदमा वहाल रहन नसक्ने प्रावधान छ।
४. उल्लिखित सवै पदमा नियुक्त हुनका लागि सम्बन्धित उमेदवारले ४५ वर्ष उमेर पुरा गरेको हुनुपर्छ।
५. सबै निकायका प्रमुख र सदस्यलाइ सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाउन सकिने छ।
६. नियक्त हुनुभन्दा तत्काल अगाडि कुनै राजनीतिक दलको सदस्य नरहेको हुनुपर्दछ।
७. उपरोक्त निकायका प्रमुख र सदस्य पदमा नियुक्त पाएका व्यक्तिहरु पदावधि समाप्त भएपछि अन्य सरकारी सेवामा नियुक्त हुन प्रतिबन्ध लगाइएको छ।
८. सम्बन्धित सबै निकायले आफ्नो वार्षिक प्रतिवेदन तयार गरी श्री ५ समक्ष चढाउने र मौसुफबाट सो प्रतिवेदन संसदमा राख्न लगाइबक्सने प्रावधान छ।

तर माहान्यायाधिवक्ताका सम्बन्धमा देहायको व्यवस्था गरिएको पाइन्छ।

१. श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसमा निजको नियक्ति गरिबक्सिन्छ।

२. श्री ५ को ईच्छा अनुसारको अवधि सम्ममात्र निजको पदावधि कायम रहन्छ ।
३. श्री ५ बाट प्रधानमन्त्रीको सिफरीसमा निजलाइ पदमुक्त गर्न सकिबक्सिन्छ ।
४. महान्यायाधिवक्ताले आफु गरेको काम तथा नेपाल अधिराज्यमा भएका अपराध सम्बन्धी विवरण सहितको प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्ने छ र श्री ५ को सरकारले सो प्रतिवेदन ससंद समक्ष राख्न लगाउने प्रावधान छ ।

यसै गरी विभिन्न सम्बैधानिक निकायमा पाइने भिन्नताका सम्बन्धमा समेत जानकारी लिनु उपयुक्त हुनेछ। ती भिन्नता देहायअनुसार छन् ।

१. लोक सेवा आयोगमा नियुक्त गरिने अध्यक्ष र सदस्यको शैक्षिक योग्यता स्नातकोत्तर (M.A) हुनु जरुरी छ । जवकि अन्य सम्बैधानिक अगंमा नियुक्त गरिने व्यक्तित्वका लागि यो योग्यता स्नातक (B.A) निर्धारण गरिएको छ ।
२. महान्यायाधिवक्ताको लागि चाहिने योग्यता सर्वोच्च अदालतका न्यायाधीश सरह निर्धारण गरिएको छ।
३. महालेखापरीक्षाक र महान्यायाधिवक्ताको पदमा क्रमशः एक एक जना मात्र नियुक्त गरिन्छन् । निजको काममा सघाउ पुऱ्याउन अन्य सरकारी उच्च कर्मचारी प्रयोग गरिन्छन् । तर अख्तियार दरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र निर्वाचन आयोगमा प्रमुखका साथै अन्य सदस्य समेत नियुक्त गरिन्छ ।
४. लोक सेवा आयोगका प्रमुखलाइ "अध्यक्ष" तथा अन्य सदस्यलाइ "सदस्य" को संज्ञाले परिचित गराइएको छ भने निर्वाचन आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख र सदस्यहरुलाइ क्रमशः "प्रमुख आयुक्त" र "आयुक्तको सज्ञांले परिचित गराइएको छ ।

काम कर्तब्य र अधिकार

नेपाल अधिराज्यको संविधान २०४७ मा उल्लेखित विभिन्न संवैधानिक अगंले निर्वाह गर्ने कार्य भिन्न स्वरुपका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देशमा विद्यमान अख्तियारको दुरुपयोग, भ्रष्ट्राचार आदि विविध विषयमा पहरेदारको कार्य गर्दछ भने महालेखापरीक्षाकको विभागले सरकारले जारी गरेको बजेट अनुरुप खर्च भयो भएन, यसको सदुपयोग कस्तो रऽयो भन्ने बारे लेखा जोखा गर्दछ । त्यसैगरी लोकसेवा आयोगले सरकारलाइ चाहिने कर्मचारी छनौट गर्ने , पदोन्नतिका लागि सिफारिस गर्ने आदि कार्य गर्दछ भने निर्वाचन आयोगको काम मतदाता परिचय पत्र तयार गर्ने र निर्वाचन सम्बन्धी रहेको छ । यसै गरी महान्यायाधिवक्ताको प्रमुख काम श्री ५ को सरकारलाइ कानूनी सल्लाह प्रदान गर्नु हो । यी विविध निकायले सम्पन्न गर्नुपर्ने काम कर्तब्य र अधिकार संविधानको विभिन्न भाग र दफामा चर्चा गरिएकाछन् । तिनको छोटो विवरण देहायमा प्रस्तुत छ ।

१ अख्तियार दुरूपयोग अनुसन्धान आयोग

नेपाल अधिराज्यको संविधान २०४७ (यसपछि संविधान) को भाग १२ मा अख्तियार दुरुपयोग अनुसंधान आयोग बारे उल्लेख गरिएको छ । संविधानको धारा ९८ मा आयोगको काम कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था छ । ती हुन :–

(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसंधान आयोगले कानुन बमोजिम अनुसंधान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर यस आयोगले देहायका पदाधिकारीका सम्बन्धमा कारवाही गर्न बन्देज लगाएको छ :–

(क) त्यस्तो कारवाहीका सम्बन्धमा यस संविधानद्वारा छुट्टै व्यवस्था गरिएको पदाधिकारी , र

(ख) सैनिक ऐन बमोजिम कारवाही हुने पदाधिकारी ।

(२) उपरोक्त अनुसार अख्तियार दुरुपयोग भए गरिएको देखिएमा आयोगले निजलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाहीका लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्ने छ ।

(३) यस क्रममा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भष्ट्राचार मानिने कुनै काम गरेको देखिएमा आयोगले त्यस्ता व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने छ ।

(४) यस संविधानको अधीनमा रही आयोगको काम कर्तव्य अधिकार तथा कार्यविधि कानुनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

(५) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम कर्तव्य र अधिकार मध्ये कुनै काम कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(६) आयोगले आफुले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ मा चढाउने र मौसुफबाट सो प्रतिवेदन ससंद समक्ष राख्न लगाइ बक्सने छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अन्यथा व्यवस्था गरे बाहेक अनुचित कार्य वा भ्रष्टाचार सम्बन्धी कार्यको अनुसन्धान तहकिकात गरी आवश्यक कारवाही गर्ने निकायको रुपमा २०५३ साल असोज ८ गते सर्वोच्च अदालतको विशेष इजलाशमा भएको महत्वपूर्ण फैसला अनुरुप यसको क्षेत्राधिकार व्यापक पारिएको छ । यस आयोगको क्षेत्रीय, अञ्चल तथा जिल्लास्तरीय कुनै पनि कार्यालय नभएकोले यसको आफूमा निहित मिश्रित अधिकारहरु तोकिएको सर्तमा प्रयोग गर्न पाउने गरी प्रमुख जिल्ला अधिकारी र विशेष प्रहरी विभागलाइ समेत सुम्पिएको छ । आयोगमा प्रमुख आयुक्त र आवश्यकता अनुसार अन्य आयुक्त रहने व्यवस्था छ । वर्तमान अवस्थामा (आषाढ २०५८) प्रमुख आयुक्त र अन्य तीन जना आयुक्तहरु कार्यरत हुनुहुन्छ । आयोगले अनुसंधान गरी ठहर गरेका मुद्दाहरु पुनरावेदन अदालतमा निर्णयका लागि पेश गरिन्छ । यदि पुनरावेदन अदालतले प्रतिवादीको पक्षमा फैसला गरेमा आयोगले सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्ने कानुनी प्रवधान छ ।

२. महालेखापरीक्षाक

संविधानको भाग १३ मा महालेखापरीक्षाक सम्बन्धी व्यवस्था गरीएको छ । महालेखापरीक्षाकको काम कर्तव्य र अधिकार धारा १०० मा देहाय अनुसार उल्लेख गरेको पाइन्छ :-

१) सर्वोच्च अदालत, संसद, राज परिषद, अख्तियार दुरुपयोग अनुसन्धान, महालेखापरीक्षाक, लोकसेवा आयोग, निर्वाचन आयोग तथा अन्य संवैधानिक निकायको कार्यालय र शाही नेपाली सेना एवं नेपाल प्रहरी लगायत सबै सरकारी कार्यालय र अदालतको लेखा कानुन द्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्य दक्षता, प्रभावकारीता र औचित्य समेतको बिचार गरी महालेखा परीक्षाकबाट लेखा परीक्षाण हुनेछ ।

२) पचास प्रतिशत भन्दा बढी सेयर वा जायजेथामा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षाणको लागि लेखापरीक्षाक नियुक्त गर्दा महालेखापरीक्षाक संग परामर्श गरिने

छ। त्यस्तो संगठित संस्थाको लेखा परीक्षाण गर्दा अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा महालेखापरीक्षाकले आवश्यक निर्देशन दिन सक्नेछ।

३) महालेखा परीक्षाक र निजका सहायकहरुलाई आफ्नो कामको सिलसिलामा लेखा सम्बन्धी कागज पत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ। सो अनुसार महालेखा परीक्षाक वा निजको सहायकले माग गरेको जुन सकै कागज पत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

४) लेखापरीक्षाण गरिने लेखा सम्बन्धी कानुनका अधीनमा रही महालेखापरीक्षाक द्वारा तोकीएको ढांचामा राखिनेछ।

५) माथि वुँदा नं १ मा उल्लेखित भएका कार्यालयको लेखाका अतिरिक्त अन्यकुनै कार्यालय वा संस्थाको लेखा महालेखापरीक्षाकले परीक्षाण गर्नु पर्ने गरी कानुन द्वारा व्यवस्था गर्न सकिने छ।

६) महालेखापरीक्षाकले आफूले गरेको कामको बार्षिक प्रतिवेदन श्री ५ समक्ष चढाउने र सो प्रतिवेदन श्री ५ बाट संसद समक्ष राख्न लगाइबक्सने छ।

आषाढ २०५८ को जानकारी अनुसार महालेखापरीक्षाकको विभागमा एक जना प्रमुख, ३ जना उप महालेखापरीक्षाक र १२ जना नायब महालेखापरीक्षाकको दरबन्दी कायम गरिएको छ। यस विभागले अधिराज्यभर छरिएर रहेका सम्पूर्ण सरकारी एवं अन्य थुप्रै कार्यालयको लेखापरीक्षाण कार्य गर्नुपर्ने भएकाले यसको कार्य बृहत् छ। तर पनि यस विभागले आफ्नो क्षेत्रीय, अञ्चल वा जिल्लास्तरीय कार्यालय स्थापना गरेको छैन। केन्द्रबाट नै डोर खटिएर गएका पदाधिकारीले जिल्ला र विदेशस्थित नियोगको लेखापरीक्षाण गर्दै आएका छन्। महालेखापरीक्षाकको कार्यालयबाट अन्तिम लेखापरीक्षाणको कार्य सम्पन्न गरीएतापनि कोष तथा लेखापरीक्षाणको कार्यालयबाट नियमित रुपमा सञ्चालन गरिएको आन्तरिक लेखापरीक्षाणबाट सम्बन्धित क्षेत्रको कार्यमा निकै सघाउ पुगेको यथार्थ नकार्न मिल्दैन।

३ लोकसेवा आयोग

संविधानको भाग १४ मा लोकसेवा आयोग सम्बन्धी उल्लेख छ। संविधानको धारा १०२ मा यसको काम कर्तव्य र अधिकारको विवरण दिइएको छ। ती प्रावधान देहाय अनुसार छन् :-

(१) निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरु सञ्चालन गर्न लोकसेवा आयोगको कर्तव्य हुनेछ।

(२) निजामती सेवााको निवृत्तिभरण पाउने पदमा लोकसेवा आयोगको परामर्शविना स्थायी नियुक्ति गरिने छैन।

(३) देहायका विषयमा लोकसेवा आयोगको परामर्श लिनु पर्नेछ :–

(क) निजामती सेवाको शर्त सम्बन्धी कानुनको बिषयमा,

(ख) निजामती सेवा वा पदमा नियुक्ति,बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको बिषयमा,

(ग) निजामती सेवामा ६ महिना भन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको बिषय ,

(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उमेदवारको उपयुक्तताको विषय ,

(ङ) लोकसेवा आयोगले परामर्श लिन नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोकसेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने बिषयमा र

(च) कुनै पनि निजामती कर्मचारीलाई दिईने विभागीय सजायको विषयमा ।

(४) माथि बुदा न. (३) मा उल्लेखित विभिन्न विषयमा जुनसुकै कुरा लेखिएको भएता पनि यस संविधानको धारा ९४ बमोजिम न्याय सेवा आयोगको अधिकार क्षेत्र भित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।

(५) लोकसेवा आयोगले आफ्नो काम कर्तव्य र अधिकार मध्ये कुनै काम कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्य हरुको समिति वा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

(६) यस संविधानको अधीनमा रही लोकसेवा आयोगले अन्य काम कर्तव्य र कार्याविधि कानुन द्वारा निर्धारित भए वमोजिम हुनेछ ।

(७) प्रत्येक बर्ष आयोगले आफुले गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी श्री ५ समक्ष चढाउने छ र श्री ५ बाट सो प्रतिवेदन संसद समक्ष राख्न लगाईबक्सनेछ ।

लोकसेवा आयोगको कार्य संचालनका लागि श्री ५ को सरकारको २१ भाद्र २०५० को निर्णय अनुसार अध्यक्षका अतिरिक्त अन्य ४ जना सदस्य रहने व्यवस्था मिलाइएको छ । आयोगले आफ्नो कार्य सञ्चालन गर्ने सिलसिलामा विकेन्द्रीकरणको सिद्धान्त अनुरुप पाँचवटै क्षेत्रीय विकास केन्द्रमा एक एक वटा क्षेत्रीय निर्देशनालय स्थापना गरेको छ । त्यसैगरी अधिराज्यका ९ अञ्चल क्रमश (१) मेचि (२) सगरमाथा (३) जनकपुर (४) नारायणी (५) लुम्बिनी (६) धवलागिरी (७) राप्ती (८) कर्णाली र (९) महाकाली अञ्चल कार्यालय खोली श्री ५ को सरकारको निजामति सेवा अन्तरगत पर्ने राजपत्र अनङ्कित कर्मचारीहरुको परीक्षा लिने कार्य सम्पन्न गर्दै आएको पाइन्छ ।

४ निर्वाचन आयोग

संविधानको भाग १५ मा निर्वाचन आयोग सम्बन्धी र दफा १०४ मा उक्त आयोगको काम कर्तब्य र अधिकार सम्बन्धी उल्लेख छ । आयोगको काम कर्तब्य र अधिकार देहाय अनुसार छ :-

(१) यो संविधान र अन्य कानुनको अधिनमा रही संसद तथा गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरुको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । यो प्रयोजनको लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ ।

(२) संसद सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन पुरा नहुदै कुनै उम्मेदवार संविधानको धारा ४७ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय निर्वाचन आयोगले गर्नेछ ।

स्पष्टीकरण संविधानको धारा ४७ ले संसदको सदस्य हुनका लागि देहायको योग्यता निर्धारण गरेको छ ।

(क) नेपालको नागरिक हुनुपर्दछ ,

(ख) प्रतिनिधि सभाको लागि २५ वर्ष र राष्ट्रिय सभाको लागि ३५ वर्ष उमेर पुरा भएको,

(ग) कुनै कानुनले अयोग्य हुनुहुदैन र

(घ) कुनै लाभको पद धारण गरेको हुनुहुदैन ।

(३) निर्वाचन आयोगले आफ्नो काम कर्तब्य र अधिकार मध्ये कुनै काम कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त , निर्वाचन आयुक्त वा श्री ५ को सरकारको कर्मचारीलाइ तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(४) यस संविधानको अधीनमा रही निर्वाचन आयोगका अन्य काम कर्तब्य र कार्याविधि कानुन द्वारा निर्धारित भए बमोजिम हुनेछ ।

निर्वाचन आयोगमा वर्तमान अवस्थामा (आषाड २०५८) मा प्रमुख आयुक्त र अन्य तीन जना आयुक्तहरु कार्यरत हुनुहुन्छ । आयुक्तहरुको संख्या थप घट गर्न सकिने प्रावधान छ । यस आयोगले आफूलाइ सुम्पिएको कार्यका सिलसिलामा प्रत्येक निर्वाचन क्षेत्र भित्र पर्ने मतदाताहरुको नामावली तयार गर्नु पर्ने भएकोले क्रमशः यसले आफ्नो कार्यालय जिल्ला स्तरमा पनि विस्तार गर्दै आएको छ । आ.व. २०५७/ ५८ को अन्तसम्ममा आयोगले जम्मा ३० जिल्लामा आफ्नो शाखा कार्यालय खोली उपरोक्त कार्य गर्दै आएको छ र भविष्यमा यस्ता कार्यालय ७५ वै जिल्लामा स्थापना गर्ने लक्ष राखेको छ । मतदाताको नामावली अद्यावधिक गर्ने सिलसिलामा आयोगले गाउँ विकास समिति , नगरपालिकाका कर्मचारीहरुको समेत सहयोग लिनुपर्ने भएकाले त्यस्ता कर्मचारीलाई जिल्लास्तरमा परिचयात्मक प्रशिक्षण (orientation training) दिने कार्य समेत गरेको छ । राष्ट्रिय एवं स्थानीय निर्वाचन सम्पन्न गर्ने सिलसिलामा आयोगले निजामती कर्मचारीका साथै प्रहरी जवानको समेत उपयोग अत्यधिक मात्रामा गर्दै आएको छ । यस्ता कार्यमा सम्बन्धित सबै क्षेत्रको समन्वय र सहयोग अपरिहार्य छ ।

५ महान्यायाधिवक्ता

संविधानको भाग १६ मा महान्यायाधिवक्ताको व्यवस्था छ । श्री ५ बाट प्रधानमंन्त्रीको सिफारिसमा यो पद नियुक्त गरिन्छ । महान्यायाधिवक्ताको काम कर्तव्य र अधिकार संविधानको धारा ११० मा देहाय अनुसार उल्लेख छन :-

(१) महान्यायाधिवक्ता श्री ५ को सरकारको मुख्य कानुनी सल्लाहकार हुनेछ । संवैधानिक एवं कानुनी बिषयमा श्री ५ को सरकार र श्री ५ को सरकारले तोकिदिएको अन्य अधिकारलाई राय सल्लाह दिनु निजको कर्तव्य हुनेछ ।

(२) श्री ५ को सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरुबाट श्री ५ को सरकारको प्रतिनिधित्व गरिने छ । कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष श्री ५ को सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अनतिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ ।

(३) माथि उल्लेखीत काम कर्तव्य र अधिकारका अतिरिक्त महान्यायाधिवक्ताको काम कर्तव्य र अधिकार यो संविधान र अन्य कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

(४) आफ्नो पदीय कर्तव्यको पालन गर्दा महान्यायाधिवक्तालाई नेपाल अधिराज्यको जुनसुकै अदालत, कार्यालय र पदाधिकारीका समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(५) महान्यायाधिवक्ताले यो धारा बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्नेछ ।

(६) महान्यायाधिवक्ताले यो संविधान र अन्य कानुन बमोजिम आफूले गरेको काम तथा नेपाल अधिराज्यमा भएका अपराध सम्बन्धी विवरण सहितको प्रतिवेदन प्रत्येक बर्ष तयार गरी श्री ५ को सरकारमा पेश गर्नेछ र श्री ५ को सरकारले सो प्रतिवेदन संसद समक्ष राख्न लगाउनेछ ।

महान्यायाधिवक्ताको कार्यालयमा आषाढ २०५८ सालमा महान्यायाधिवक्ताका साथै अन्य ४ जना नायब महान्यायाधिवक्ता र ६ जना सह न्यायाधिवक्ताको दरबन्दी कायम छ । सरकारवादी मुद्दामा बहस पैरवी गर्न अधिराज्यका १६ वटै पुनरावेदन अदालतमा यो सेवा उपलब्ध छ । श्री ५ को सरकारलाई कानुनी सल्लाह दिने पक्षबाट केन्द्रीय तहमा महान्यायाधिवक्ताको भूमिका अहं देखिन्छ ।

कर्मचारी र बजेट व्यवस्था

माथि दिइएका सबै संवैधानिक निकायको कार्य संचालनका लागि चाहिने सचिव लगायत अन्य आवश्यक कर्मचारीहरु श्री ५ को सरकारले निजामति सेवाबाट आपूर्ति गराएको छ भने सम्पूर्ण बजेटको व्यवस्था पनि राष्ट्रिय तहबाट गरिएको छ । तर अपवाद स्वरुप महालेखापरीक्षाकको विभाग अन्तर्गतका अधिकृत र कर्मचारीका लागि छुट्टै सेवाको गठन गरिएको छ । त्यस्ता कर्मचारीको नियुक्ती र सेवाका अन्य शर्तहरु लेखापरीक्षाण ऐन अन्तरगत बनेका नियममा व्यवस्था गरिएका छन । स्वतन्त्र निकायमा कामगर्ने कर्मचारीहरु निजामति सेवाबाट आपूर्ति गरिनु , निजहरुको सरुवा बढुवा निजामति सेवा ऐन अन्तरगत हुने गरेबाट केही प्राविधिक समस्या नआइपरेको पनि होइनन् । तसर्थ यी विविध संवैधानिक सेवामा काम गर्ने कर्मचारीहरु पनि महालेखापरीक्षाकको विभागमा जस्तै छुट्टै व्यवस्था गरिनु उपयुक्त देखिन्छ । यी निकायहरुलाइ उपलब्ध गराइएको वजेट अकंमा समेत वृद्धिको माग भैरहेको छ । कामका सिलसिलामा आवश्यक पर्ने उपकरण र अन्य न्युनतम सुविधाकै अभावमा यी निकायहरुको प्रभावकारितामा असर नपर्ने गरी वजेट व्यवस्था हुनु पर्दछ ।

अन्तमा

संवैधानिक निकायहरुले निर्वाह गर्ने कार्य परामर्शात्मक (Advisory), विश्लेषणात्मक (Analytical) नियामक (Requlative) तथा निर्देशनात्मक (Directive) हो । अपितु दण्डात्मक (punative) होइन । यद्यपि परोक्ष ढगंले कारवाहीमा परेमा सम्बन्धित व्यक्ति वा संस्था दण्डित पनि हुन सक्दछन् । त्यसैले सर्वप्रथम यस्ता निकायलाइ स्वस्फुर्त ढगंले सञ्चालन गर्न आवश्यक पर्ने साधन सुविधाको उपलब्धताका सम्बन्धमा विशेष ध्यान पुऱ्याउनु जरुरी छ । साथै यी निकायहरुले राज्य सञ्चालनमा विशेष भूमिका निर्वाह गर्ने भएकाले यीनिहरुले दिएको सुझाव सल्लाहमा ध्यान पुऱ्याउनु राष्ट्रको दायित्व हो । यी निकायले औंल्याएका सम्बन्धित विषयमा कमी त्रुटिहरु सुधार्ने, कसूरदारलाइ कसूर अनुरुप दण्डको भागी बनाउने अथवा प्रस्तुत सुझावको कार्यान्वयन गर्ने तर्फ सम्बन्धित सबैको ध्यान आकर्षण हुनु पर्दछ । यसका साथै संविधानको भावना अनुरुप सबै निकायको अस्तित्व बोध गर्ने गर्न लगाउने र राजनीतिक पूर्वाग्रहबाट टाढा राख्ने सम्बन्धमा राष्ट्रिय तहमै पहल गरिनु पर्दछ । यी निकायले गरेका निर्णयहरु , प्रस्तुत गरेका नजीरहरु उपमा योग्य हुनुपर्दछ । व्यक्ति विशेषको निर्णय एवं व्यवहारले सम्पूर्ण संस्थाको छविमानै अनुकूल प्रतिुल प्रभाव पार्ने भएकाले यस्ता संवैधानिक निकायका प्रमुख एवं सदस्यको चयन गर्दा विशेष ध्यान पऱ्याउनु पर्दछ र राष्ट्रिय ख्याति आर्जन गरेका व्यक्ति व्यक्तित्वलाइ मात्र ध्यान दिइनु पर्दछ । यसो भएमा मात्र यी निकायहरुको स्थान संविधानको पानामा साथै जनमानसमा समेत सुरक्षित रहने छ । ●

राजनीतिबाट शिक्षा क्षेत्र दुष्प्रभावित हुनु हुँदैन

डा. मुकुन्द कलौनी

देशको विकास र सभ्य समाजको निर्माणको लागि शिक्षा क्षेत्रको जति महत्व अरु कुनै विषयको हुन सक्दैन । विवेकको मुख्य आधार नै शिक्षा हो । विद्यालय क्याम्पसबाट मात्र मानिस शिक्षा आर्जन गर्छ भन्ने कुरा पनि होइन तर आधुनिक विश्व व्यवस्थाको विभिन्न अंगको रुपमा आज औपचारिक शिक्षाको नै बढी महत्व देखिन थालेको छ । परिमाणस्वरुप शिक्षालयहरुको स्थापना विकास एवं तिनम अध्ययन गर्नेहरुको संख्या दिन प्रति दिन बढदै गइरहेको छ । शिक्षा नै गरीवको सम्पत्ति हो भन्ने नारा दि अत्युक्ति नहोला । आफूसंग उचित शिक्षा भए मात्र मानिसको जीविकोपार्जन हुन सक्ने, मानिस ज्ञानी बन्ने उसको सामाजिक हैसियत बढने र संक्षिप्त रुपले भन्ने हो भने शिक्षाले मानिसको व्यक्तित्व विकासम महत्वपूर्ण भूमिका खेल्छ ।

शिक्षा जत्तिकै महत्वपूर्ण तत्व राजनीति पनि हो । राज्य संचालन को नीति नै राजनीति हो । राज्य संचालनको यो प्रक्रिया शान्त रुपले चल्नु पर्दछ । रानीतिको अर्थ निस्तब्धता पटक्कै चुप्प लागेर बस्नु पनि होइन । राजनीति शक्तिको लागि संघर्ष हो जसमा संघर्षरत पक्षहरु बीच सहयोग विरोध दुईटै चलिरहेक हुन्छन, । सहयोग एकोहरो भयो भने विवाद अथवा संघर्ष हुदैन , विवाद अथवा संघर्ष अथवा मत मतान्त भएन भने विकास पनि हुदैन । मानसिक भौतिक सबै खाले विकासको लागि विचार मन्थन हुन्छ, वा विवाद पनि हुन्छ । एउटै व्यक्ति भित्र पनि कुनै एउटा कार्य गर्नको लागि अनेक थरी विचार उत्पन्न भैरहेक हुन्छन, व्यक्तिको विवेकले के गर्ने के नगर्ने विषय छुट्टयाउछ । समाज र राष्ट्र संचालनको लागि त्यो प्रक्रिय अली विस्तृत र गम्भीर हुन्छ , फरक व्यक्ति मात्र हो । व्यक्तिको शरीर भित्र विरोधी तत्वहरु (यथा विराम आदि) हावी भै हाले सकारात्मक भन्दा पनि नकारात्मक कुराहरु देखिन थाले भने त्यो शरीर धेरै दिन सम टिक्दैन । त्यस्तै प्रकारले समाज संचालनको लागि सम्बन्धित पक्षहरुमा कुनै कार्य सम्पादन गर्नु पर सकारात्मक र नकारात्मक दुइटै पक्षहरु देखा पर्न सक्छन, जुन पक्षको बहुमत हुन्छ , कार्य त्यो अनुसार हु जान्छ । सघर्ष भनेको हिंसात्मक होइन शान्तिपूर्ण सह-अस्तित्वमा यो आधारित रहन्छ । यो प्रकिया राजनीति हो । राज्य संचालन राजनीतिबाट हुन्छ राजनीतिको अभावमा गृहयुद्ध हुन्छ । युद्ध हुन्छ, खुनी संघ हुन्छ भने यसलाई राजनीति अन्तरर्गत समावेश गरिदैन ।

शिक्षा र राजनीतिबारे अलिकति चर्चा गरेपछि हामी शिक्षा क्षेत्र राजनीतिबाट कसरी प्रभावित र दुष्प्रभावि हुन्छ त ? भन्ने सम्बन्धमा यहाँनिर के तथ्यमा पुग्छौ भने राज्य भित्रका सबै सघं संस्था संगठनहरु राजनी भन्दा टाढा रहन सक्दैनन् । यहाँसम्म कि समाज संचालका नियमहरु समेत राज्यबाट निर्मित हुन थालेक छन, राजनीतिको सदुपयोग हुनु पर्दछ । राजनीतिले सधै विगार नै गर्छ भन्ने कुरो होइन । उदाहरणको लाग दाइजो प्रथा माथि प्रतिबन्ध लगाउने, वहुविवाहमा रोक, १४ वर्ष भन्दा कम उमेरमा बालबालिकाहरुला कठोर श्रम हुने काममा न लगाउन पाइने, कमजोर वर्गहरुमाथि हुने गरेका अत्याचारहरुलाई रोक्नुको लाग बनाइने कडां कानून र कामदारहरु लैंगिक र अन्य असमानताहरुको समाप्तिको लागि उठाइने कदमह राज्यले (राजनीति) उठाएका सकारात्मक पाइलाहरु हुन् । शिक्षा क्षेत्र का हेर्ने हो भने राणाकालमा शिक्षि नै हुन पाइदैन्थ्यो । काठमाण्डौमा पुस्तकालय खोले बापत बालकृष्ण सम लगायतकालाइ दण्ड दिइएक थियो । साहित्य पक्राशनमा रोकको उदाहरण "मकैको खेती " माथि लगाइएको प्रतिबन्ध र त्यस पुस्तकक लेखक सुब्बा कृष्णलाल अधिकारीलाइ राणाशासकले दिएको दण्ड र अधिकारीको जेलमा नै मृत्यु भएक घटनालाइ लिन सकिन्छ । राणा प्रधानमन्त्री पद्मम समशेरका केही सुधारात्मक कदमहरुको परिणाम स्वरु

कैयन् पाठशालाहरु खुलेका थिए । देशको राजनीतिमा भएको परिर्वतनको परिणाम स्वरुप देश भरिमा सात सालको क्रान्तिको लगत्तै पछि हजारौको संख्यामा विद्यालयहरु खुलेका थिए ।

देशमा जस्तो किसिमको राजनीतिक व्यवस्था हुन्छ , जस्ता किसिमका सरकारहरु हुन्छन । तिनको नीतिहरुको प्रत्यक्ष असर देशको शिक्षा व्यवस्थामा पर्छ । प्रत्येक राजनीतिक व्यवस्थाले आफुलाइ चाहे अनुसारको राजनीतिक संस्कृतिको निर्माणको लागि शिक्षा व्यवस्थालाई तयार गरिएको हुन्छ । पाठ्यक्रम त्यसै हिसावले तयार हुन्छन । पञ्चायती व्यवस्थामा पञ्चायती व्यवस्थालाई सुदृढ पार्ने किसिमले पाठ्यक्रम राखेको हुन्थ्यो । शिक्षकहरुलाई त्यस्तै प्रकारका निर्देशन हुन्थे । राष्ट्रिय दिवसहरुमा विद्यार्थीहरुलाई सहभागी गराउंदा त्यस्तै प्रकारका नाराहरु भन्न लगाउथे । बहुदलीय व्यवस्थामा शिक्षा क्षेत्रका जातिको प्रगती अरु कुनै क्षेत्रमा हुन सकेन भन्नु गलत हुने छैन । व्यापक संख्यामा विद्यालयहरु, क्याम्पसहरु खुलेका छन । सरकारी हस्तक्षेप पहिलेभन्दा अपेक्षाकृत रुपमा कम भएको छ । किनभने यस अवधिमा निजीकरणको प्रकिया अघि सारिएको छ र दलीय राजनीतिले शक्ति सन्तुलनको स्थिति पनि देखा परेको छ । तै पनि सरसर्ती हेर्दा पञ्चायती व्यवस्था भन्दा सरकारी हस्तक्षेप, राजनीतिक हस्तक्षेपमा वृद्धि भैरहेको जस्तो देखीन्छ । यसको कारण के हो भने अहिले पत्रपत्रिकाहरुको संख्यामा वृद्धि भएको छ र उनीहरुको प्रकृति पनि स्वतन्त्र किसिमको छ । पत्रपत्रिकाहरु शिक्षा क्षेत्रबारे लेख्नुमा केही कन्जुस्याइ गरिरहेका छैनन । विद्यालयहरुको संख्यामा वृद्धि भैरहेकोले समस्याहरुमा पनि वृद्धि हुनु स्वभाविक हो । तै पनि शिक्षा क्षेत्र सुचारु रुपले संचालन नै भैरहेको छ भन्ने कुरा चाहिं छैन । शिक्षा क्षेत्रमा देखा परिरहेका राननीतिक विकृतिहरु र समाधानबारे केही सुझावहरु यसरी प्रस्तुत गर्न सकिन्छन् :-

१. कक्षा १२ सम्मका विद्यार्थीहरुलाई राजनीतिक दलहरुमा भातृ संगठनहरुको सदस्यता दिनु हुदैन । विद्यार्थीहरुलाई समूहगत जीवनको महत्वबारे जानकारी दिनको लागि अन्तरसदनात्मक कार्यक्रमहरुको आयोजना गरिनु पर्दछ । विद्यार्थीहरुलाई नागरिक शिक्षा दिइनु पर्दछ । यसको लागि कक्षाहरुमा अथ्वा बिद्यालय स्तरीय संसद, मन्त्रीमण्डल र तिनको कार्यपद्धतिबारे शिक्षकहरुद्वारा कार्यक्रमहरु प्रायोजित गरिनु पर्दछन । यसले गर्दा विद्यार्थीहरुमा रचनात्मक कार्य गर्ने सोचाइमा वृद्धि हुनेछ र सक्रिय राजनीतिक गतीविधिहरुमा भाग लिए कस्तो पो हुन्थ्यो जस्तो सोचाइ छोडी पढाईतिर उनीहरुको ध्यान केन्द्रित हुनेछ । राजनीति घृणा गर्ने चीज होइन तर अहिले पढाई गर्ने, सैद्धान्तिक ज्ञान प्राप्त गर्नुपर्दछ, जस्तो भावना बालबालिकाहरुमा विकसित गरिनुपर्दछ । स्नातक कक्षादेखि वयस्क भएपछि गरिने राजनीतिक व्यवहारले देशलाई सवल नेतृत्व प्रदान हुनेछ र विद्यार्थीहरुको अध्ययनमा बिघ्न पनि पुग्ने छैन ।

२. देशमा राजनीतिक परिवर्तन हुने गर्दछन । यो स्वभाविक प्रकिया हो । यसको शिक्षा क्षेत्रमा दुष्प्रभाव पर्न दिनु हूदैन । यसको लागि सत्ताधारी र विपक्षीहरुमा दृढ इच्छा शक्ति हुनुपर्दछ । विद्यार्थीहरुलाई जिन्दाबाद-मुर्दाबाद सम्म सीमित राख्ने प्रयास गर्नु हुदैन । जबकि अहिले खुला राजनीतिक व्यवस्था छ । यस्तो अवस्थामा राजनीतिक दलहरु आफ्नो नीति, कार्यक्रमहरु र बिचारधाराहरुलाई जनता सामु मंचीय कार्यक्रम अथवा अन्य तमाम माध्यमहरुले प्रस्तुत गर्न सक्छन भने उनीहरुले विद्यार्थीहरुलाई सत्ताको भरानो चढ्ने माध्यम बनाउन कदापि उचित हुदैन ।

३. नेपाल बन्द अथवा शिक्षण संस्थाहरु बन्द जस्ता कार्यक्रमहरु दलहरुले गर्नु हुदैन । विद्यार्थीको कोर्स पुरा भएको हूदैन । उनीहरुले तिर्ने शुल्कको बराबर पनि सिक्न पाइरहेका हुदैनन् । पढ्न नपाए खाली समयमा समयको दुरुपयोग हुने हुँदा विद्यार्थीहरु कुलतमा फस्ने सम्भावना हुन्छ । अकस्मात बिद्यालयको छुट्टी भए दुर्घटनामा पर्ने त्यति नै सम्भावना रहन्छ । यसकारण राजनीति अर्थात सत्ताको खेलबाट विद्यार्थीहरुलाई मुक्त राख्नुपर्दछ ।

४. हिंसाको सम्भावना हुने जुलुस, प्रदर्शनहरुमा विद्यार्थीहरुलाई सामिल गराइन्छ भने विद्यार्थीको मनमा राजनीति प्रति झनै घृणाको भाव उत्पन्न हुन्छ जुन कि राष्ट्रको भविष्यको लागि उचित हुदैन । राजनीति घृणाको बस्तु होइन बरु यसका केही मर्यादाहरु, सीमाहरु हुन्छन भन्ने भाव विद्यार्थीमा जगाउनु सके देशमा सुयोग्य नागरिक, सभ्य नागरिक समाज र जिम्मेवार नेतृत्व तयार हुन जान्छ । यस कुरालाई हामी यसरी पनि लिन सक्छौ जस्तो कि एउटा निश्चित आयु सीमा र अवस्था पार गरी बरी बिहे गरिन्छ, १५ वर्ष अवस्थामा बच्चा जन्माउनु सोच्नु उचित होईन, त्यो कुरा २५ बर्ष पुरा भएपछि उचित लाग्छ, त्यस्तै प्रकारले सक्रिय राजनीतिमा सैद्धान्तिक ज्ञान प्राप्त भएपछि मात्रै लाग्न उचित हुन्छ ।

५. हिंसाको वातावरण चारैतिर ब्याप्त छ । बाल-बालिकाहरुमा रक्सी,मासु,तास आदि प्रति वितृष्णा भावना जगाउनुमा शिक्षक,प्रधानाध्यापकको अहम् भूमिका हुनु पर्ने हो । मासु खादा मानिसमा करुणा भावना हराउँछ, दयालु बन्नु पर्छ जस्तो भावना नानीहरुमा विकसित गराउनु पर्दछ । यसको लागि शिक्षक सात्विक प्रवृत्तिको हुनु पर्दछ । चंचल , चटुवा र भ्रष्ट शिक्षकहरुबाट आर्दश उदाहरण प्रस्तुत हुन सक्दैन । नानीहरुमा दयाको भावना विकसित गराउन सकेमा भविष्यमा समाजमा शानीति स्थापित हुनेछ । करुणा भावना भएका व्यक्तिहरु हिंसात्मक राजनीति गर्न सक्दैनन् । देश एक बर्ष,दुई वर्षको लागि मात्र हुदैन । देशको सुन्दर भविष्यको लागि आर्दश,नैतिकवान छात्र-छात्राहरुको आज आवश्यकता छ ।

६. शिक्षा क्षेत्र राजनीतिबाट कत्तिको दुष्प्रभावित छ त ?भन्ने कुराको प्रमाण २०५२ सालमा भएको शिक्षक छनौट परीक्षाको परिणाम अहिले सम्म पनि पूर्ण रुपमा न आउन सक्नु हो। तैपनि थापा सरकारले यस विषयमा लिएको निर्णय स्वगतयोग्य नै मान्नुपर्दछ । शिक्षकहरुले आफ्नो एक मात्र धर्म शिक्षण पेशालाई मान्नु पर्दछ । राजनीतिक ब्यक्तिहरुको पछाडि दगुर्ने वा राजनीतिक दलहरुको सदस्यता लिई शिक्षक संघ,शिक्षक संगठन,शिक्षक परिषद् को सदस्य हुनु भन्दा विशुद्ध पेशागत हक हितको दृष्टिकोणले एउटै संस्था भित्र आवद्ध रहनु वेश हुनेछ । स्वयं कुनै राजनीतिक दलको पिछलग्गु भएको शिक्षकबाट निष्पक्ष रुपमा अध्यापन कार्य सम्पन्न गर्न सकिन्छ भन्ने कुरामा सन्देह नै रहने छ । यर्सथ शिक्षकहरुले पढाईको स्तर माथि कसरी पुऱ्याउने, विद्यार्थीहरुको परीक्षा परिमाण कसरी सुधार्ने तर्फ राजनीति प्रतिको रुचि भन्दा बढी ध्यान पुऱ्याउनु नै श्रेयस्कर हुनेछ ।

अन्तमा ,राजनीति नभई नहुने कुरा हो, समाज संचालन, राज्य संचालनको लागि राजनीति अपरिहार्य तत्व हो । शिक्षा नभई मानिस जीवनको कुनै मुल्य नै छैन, भने पनि हुन्छ । यसर्थ राजनीतिलाई सही र सकारात्मक दिशातर्फ डोऱ्याउनु सकेमा यसको नकारात्मक पक्षको प्रभावबाट शिक्षा क्षेत्रलाई बचाउन सकिन्छ । अन्य क्षेत्रहरु झै शिक्षा क्षेत्र पनि राजनीति बाट प्रभावित होला नै, तर दुष्प्रभावित नहोस,भन्नु खोजिएको छ । यसको लागि इमान्दार राजनीतिक कार्यकर्ता,इमानदार शिक्षक र जिम्मेवार अभिभावकहरुको आवश्यकता छ । द्वन्द्वको स्थितिबाट विद्यार्थीलाई कसरी बचाउन सकिन्छ,फेरि पनि यो बिषयमा सबै मिली सोचौं । ●

हाम्रो भित्र कता-कता हृदयमा साक्षी कनै हुन्छ रे
नीचा काम नगर भनेर पहिला आवाज त्यो दिन्छ रे ।
पर्दा जीवनको खस्यो जव अनि लम्बा वही फुन्छ रे
आफ्नै आँसु झिकी कुर्कम अघिको आफै तँ धो भन्छ रे ।

- कविशिरोमणी लेखनाथ पौड्याल

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय : अवधारणा, औचित्य र आवश्यकता

प्रा. डा. करवीरसिंह खत्री

शिक्षा मानवको प्रकाश पुञ्ज हो । जसले मानिसलाई अज्ञानताबाट ज्ञानतिर र अँध्यारोबाट उज्यालो तिर लैजान्छ । शिक्षाले मानिसलाई चेतनशील, विवेकशील, सिर्जनशील, विश्लेषक र अन्वेषक बनाई जीवनको उद्देश्य एवं आदर्शलाई सार्थक बनाइ दिन्छ । शिक्षाले मानिसलाई आत्मविश्वास, आत्मबल र आत्मसम्मान प्रदान गर्दै भौतिक र मानसिक बन्धनबाट मुक्ति दिलाउछ । शिक्षाको अभावले गर्दा नै विगतमा मानिस शोषित, अवहेलित र पीडित अवस्थामा रहन बाध्य भएका थिए भने शिक्षाको व्यापकता संगसगैं मानव सभ्यता, संस्कृति र आधुनिकताको विकास सम्भव हुन गयो । त्यसैले आजको प्रजातान्त्रिक अवस्थामा सर्वाधिक चासोको विषय पनि शिक्षा नीति नै हुने गरेको पाइन्छ ।

शिक्षाको पूर्ण अर्थ भनेको नै दक्ष मानवस्रोत सिर्जना गर्नु हो जसवाट देश र समाजको चौतर्फी विकास हुन जान्छ । यस्तो किसिमको विविध क्षेत्रका लागि आवश्यक उच्चस्तरीय दक्ष मानवस्रोत उत्पादन गर्ने सर्वोत्तम र सर्वोच्च संस्था विश्वविद्यालय नै भएको तथ्य निर्विवाद छ । विश्वविद्यालय भनेको शैक्षिक क्रियाकलापको यस्तो थलो हो जहाँ उच्च बौद्धिक चिन्तन,वैचारिक मन्थन, ज्ञानविज्ञानको अध्ययन र अन्वेषणबाट सत्यको खोजी हुन्छ । उच्च शिक्षाको सम्वाहकका रुपमा स्थापित विश्वविद्यालयहरु ज्ञानज्योतिका प्रतिमूर्ती नै हुन जसका क्रियाकलापबाट समाजका हरेक क्षेत्र प्रभावित र आलोकित हुन गई मानव कल्याणकारी सभ्यता र संस्कृतिको निर्माण एवम् सर्वाङ्गीण विकास हुन जान्छ । त्यसैले भनिएको पनि छ "मानव सभ्यताको आधार शिक्षा हो र उच्च शैक्षिक क्रीडास्थल विश्वविद्यालय हो" । आधुनिक विश्वविद्यालयले देशको वस्तुस्थिति एवम् समस्यासंग परिचित देश विकासका लागि उपयोगी विज्ञान प्रविधि लगायत विविध क्षेत्रमा उच्चस्तरीय दक्षताप्राप्त मानवस्रोत उत्पादन गर्दै समाज र राष्ट्रलाई सम्पन्नता र समृद्धितिर डोऱ्याउँदै लैजाने गर्दछ ।

आज सूचना प्रविधिको क्षेत्रमा हुन गएको तीव्र विकासको प्रभाव शैक्षिक प्रणालीमा पनि गएको देखिदै छ जसले गर्दा व्यापार क्षेत्र जस्तै शिक्षामा पनि अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको थालनी हुन गएको छ । आज विकसित मुलुकमा विश्वविद्यालयहरुले विदेशी विद्यार्थीहरुलाई आकर्षित गर्नुका साथै विकाशोन्मुख देशहरुमा बजार खोज्दैछन् । त्यसैले आजको विश्वविद्यालयको शिक्षा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरको हुनुपर्ने आवश्यक भई सकेको छ । तसर्थ "स्तरीय शिक्षा आजको आवश्यकता" को भनाइलाई चरितार्थ गर्ने गुणात्मक र समयसापेक्ष शिक्षा प्रदान गरी शिक्षालाई राष्ट्रनिर्माणका मूल्यवान पक्षका रुपमा लिनु सम्बन्धित सबै पक्षको कर्तव्य हुन आएको छ ।

२०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना पश्चात् नेपालमा उच्च शिक्षाको संस्थागत विकाशमा तीव्रता आयो तर मुलुकको सर्म्पूण उच्च शिक्षाको भार एकल विश्वविद्यालयको पद्धतिमा निर्भर रहन गएकोले यसको व्यवस्थापन जटिल हुदै गयो । यसैले २०३९ सालमा गठित "शाही उच्च शिक्षा आयोग" ले उच्च शिक्षामा समसामयिक सुधार ल्याउन २०४० सालमा प्रस्तुत गरेको प्रतिवेदनमा मूलरुपमा बहुविश्वविद्यालयको अवधारणा सहितको सुझाव पेश गऱ्यो । यसैको फलस्वरुप २०४३ सालमा संस्कृत शिक्षा तर्फ केन्द्रित रहने गरी " महेन्द्र संस्कृत विश्वविद्यालय " को स्थापना गरियो ।

२०४६ सालमा प्रजातन्त्र पुनर्वहाली पश्चात् शिक्षामा पनि उदारीकरण र निजीकरणको नीति अवलम्बन गरियो । २०४९ सालमा समस्त शिक्षामा नै रुपान्तरण गर्ने "राष्ट्रिय शिक्षा आयोग " गठन गरियो । सो

आयोगको प्रस्तुत गरेको प्रतिवेदनले उच्च शिक्षालाइ गुणात्मक र प्रतिस्पर्धी बनाउन बहुविश्वविद्यालयको अवधारणालाई निरन्तरता दिदै सरकारी दायित्व घटाउन निजी क्षेत्रको सहभागितामा पनि विश्वविद्यालय खोल्ने सुझाव पेश गऱ्यो । यसैको फलस्वरुप निजी स्तरमा "काठमाण्डौ विश्वविद्यालय " को स्थापना हुन गयो । यसै अवधारणा अनुरुप जननिर्वाचित नेपाली काँग्रेसको सरकारले उच्च शिक्षाको क्षेत्रमा देखिन आएको असन्तुलन र असमानता हटाउन प्रत्येक विकास क्षेत्रमा विश्वविद्यालय खोल्दै जाने लक्ष्य अघि सार्‌यो । सोही लक्ष्य अनुरुप हाल पुर्वाञ्चल र पोखरा विश्वविद्यालय स्थापित भइसकेका छन भने कृषि विश्वविद्यालय सम्बन्धित सोच बिचाराधीन रहेको र केही अन्य विश्वविद्यालयहरु निजी स्तरमा खुल्ने क्रममा देखिदैं छन् ।

२०४६ साल पश्चात देशमा अवलम्बन गरिएको बहुविश्वविद्यालयको नीति सँगै सुदूर पश्चिमाञ्चलका बुद्धीजीबी, शिक्षाप्रेमी, विद्यार्थी, अभीभावक, जनप्रतीनिधी, समाजसेवी लगायत सम्पूर्ण जनमानसमा "सुदुरपश्चिमाअञ्चल विश्वविद्यालय " को अवधारणाबारे सोचविचार,उत्साह र आशाको शुभारम्भ हुन गयो । यसै बेला २०५० को अन्त्यतिर त्रिभुवन विश्वविद्यालयको विश्वबैंकसँगको सम्झौताबाट प्राप्त हुने २ करोड अमेरिकी डलरको ऋण सहयोग र श्री ५को सरकारबाट उपलब्ध गराइने ३१ लाख अमेरिकी डलर बराबरको अनुदानबाट उच्च शिक्षामा समसामयिक सुधारका साथै क्षेत्रीय विश्वविद्यालय विकसित गर्दै जाने नीति अवलम्बन गऱ्यो । यस नीति अन्तर्गत प्रत्येक विकास क्षेत्रमा एउटा क्याम्पसलाई क्लष्टर /लिड क्याम्पसमा बिकसित गर्दै १० बर्षमा सोही क्याम्पसलाई विश्वविद्यालयमा परिणत गर्ने लक्ष्य राखियो । २०५०-५१ तिर क्लस्टर कार्यक्रम अन्तर्गत सुदुर पश्चिमाञ्चलमा सिद्धनाथ विज्ञान क्याम्पसलाई छनौट गरी सम्भाव्यता अध्ययनको शुभारम्भ हुन गयो । सो अवसरमा त्रि.वि.वि "उच्च शिक्षा परियोजना " बाट उपलब्ध हुन आउने आर्थिक सहयोगसँगै आन्तरिक र स्थानीय स्रोत परिचालनका साथै जनसहयोगबाट आवश्यक पूर्वाधार जुटाउँदै जान स्थानीय जनसमुदायबाट निकै उत्साह र उमंगकासाथ प्रतिबद्धता व्यक्त हुन आएको थियो । तर २०५१ को मध्यतिर एमालेको अल्पमतको सरकार सत्तामा आए पछि त्रिभुवन विश्वविद्यालयको नेत्तृत्वमा गरिएको फेरबदलबाट प्रस्तावित क्लष्टर कार्यक्रम पनि प्रभावित हुन गयो । पछि क्लष्टर कार्यक्रमको सट्टा विभिन्न १८ वटा क्याम्पसहरुलाई मर्मत सम्भारका साथै विभिन्न भौतिक र शैक्षिक सुविधा सुदृढीकरण गर्न केही रकम बाँडफाड गरियो । जसमध्ये करीब २ लाख अमेरिकी डलर बराबरको रकम सिद्धनाथ विज्ञान क्याम्पसले पनि प्राप्त गरेको थियो । यसरी क्लष्टर लीड कार्यक्रम हुन गएको परिवर्तनबाट सुदूर पश्चिमाञ्चल विश्वविद्यालयको अवधारणामा आएको गति अवरुद्ध हुन गयो ।

२०५१ सालमा एमाले सत्तामा रहेको बेला कैलालीको टिकापुरमा कृषि विश्वविद्यालयका स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न एउटा कार्यदल गठन गरियो । २०५२ सालमा पुनः नेपाली काग्रेंस सत्तामा आएपछि सो कार्यदलको प्रतिवेदन सार्वजनिक हुन सकेन तर तत्कालीन प्रधानमन्त्री श्री शेर वहादुर देउवाज्युबाट टीकापुरमा स्वीकृत "कृषि-वन विश्वविद्यालय" खोल्ने चर्चा हुन थाल्यो । पछि सरकारको प्रयाप्त लगानि भई आवश्यक पुर्वाधारको संरचना तयार भईसकेकोले रामपुरमा नै कृषि विश्वविद्यालय खोल्न उपयुक्त देखिन आएकोले टीकापुरमा कृषि क्याम्पस स्थापना गर्ने सोच आयो ।

यसरी सुदूर पश्चिमाञ्चल विश्वविद्यालयको स्थापना सन्बन्धमा २०५० साल देखि औपचारिक अनौपचारिक सोच, उत्सुकता र आकांक्षाको विकाश भई सम्भावनाहरु पहिल्याउने प्रयास भइरहेकै अबस्थामा २०५७ साल बैशाखमा शिक्षा मन्त्रालयद्वारा ततकाल स्थापित भईसकेको पूर्वाञ्चल र पोखरा विश्वबिद्यालय संचालन गर्न आवश्यक नीतिका साथै विचाराधिन सु.प.विश्वविद्यालयको स्वरुपबारे उपयुक्त सुझाव प्रतिवेदन पेस गर्न एउटा " उच्च शिक्षा कार्यक्रम " गठन गरियो । यसै सन्दर्भमा २०५७ साल मंसिर १६ गते सिद्धनाथ विज्ञान

क्याम्पसमा तत्कालीन शिक्षा राज्यमन्त्रीज्युको समुपस्थितिमा यस क्षेत्रका सांसद, जि.वि.स. सभापति, बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यार्थी, अभिभावक, समाजसेवी, स्थानीय सघं संस्था तथा राजनीतिक दलका प्रतिनिधिहरुको सहभागितामा अन्तरक्रीया छलफल कार्यक्रमको आयोजना गरिएको थियो । उक्त भेलामा उपस्थित सहभागिहरु निकै उत्साह र उमंगसाथ छलफल गरि निम्न निस्कर्षमा सर्वसम्मत भएका थिए ।

१. प्रस्थावित विश्वविद्यालयको नाम :"सुदूर पश्चिमाञ्चल विश्वविद्यालय" हुनु पर्ने,
२. विश्वविद्यालय पूर्ण सरकारी हुनुपर्ने र यसको सम्पूर्ण आर्थिक भार श्री ५ को सरकारले वेहोर्नु पर्ने ।
३. प्रत्येक जिल्लामा कम्तीमा एउटा आँगिक क्याम्पस हुनु पर्ने ,
४. सु. प. का. सबै क्याम्पस यसै विश्वविद्यालय अर्न्तगत संञ्चालन हुनु पर्ने ।

यस कार्यलाई मूर्तरुप दिन तत्कालीन शिक्षाराज्य मन्त्री ज्यु को संयोजकत्वमा यस क्षेत्रका सबै सांसद, जि.वि.स. सभापति, प्रमुख जिल्ला अधिकारी, नगर प्रमुख, नगर विकास समिति अध्यक्ष, क्याम्पस प्रमुख लगायत स्थानीय संघ संस्था तथा राजनीतिक दलका प्रतीनिधीहरु सहितको एउटा तदर्थ समिति पनि गठन गरिएको थियो । त्यसै छलफलका क्रममा कञ्चनपुर जि. वि. स. समितिले सु. प. विश्वविद्यालय स्थापनाका लागि रु. १ करोड , सेती अञ्चलका सबै पहाडी जिल्लाहरुको उपलब्ध गराउने आर्थिक सहयोग बराबर एक्लै कैलाली जि. वि. समितिले व्यहोर्ने तथा महेन्द्रनगर नगर विकास समितिले आवश्यक जग्गा उपलब्ध गराउने प्रतिबद्धता समेत व्यक्त हुन आएका थिए ।

२०५८ सालमा शेरबहादुर देउवा नेपाली काग्रेसको सरकारको नेतृत्वमा आए पछि भारतीय सहयोगमा कैलालीको गेटामा सूचना प्रविधि अध्ययन संस्थान(Institute of Information Technology) खोल्ने विषयमा पनि चर्चा हुन थालेको थियो तर हाल सम्म उक्त सोचले औपचारिकता लिन सकेको छैन । यसरी अहीले सम्म सरकारको सहयोगमा एउटा पनि उच्च शिक्षण संस्था नखोलिनुबाट सरकार त्यस क्षेत्रको विकास प्रति उदासीन रहदै आएको स्पष्ट हुन आउँछ । सरकारको नगण्य लगानी र उपेक्षाका कारण आज पनि अत्याधुनिक ज्ञान विज्ञान र प्रविधिको पठन–पाठनको अभावले गर्दा सुदूर पश्चिमाञ्चल अन्य क्षेत्र संग प्रतिस्पर्धा गर्न सक्षम हुन सकेको छैन र यही दुर्भाग्यपूर्ण नियतिले गर्दा यो क्षेत्र विकसित हुन सकेको छैन ।

हाल यस क्षेत्रको उच्च शिक्षाको अवस्था हेर्दा त्रि.वि.वि. का ३ वटा आंङ्गिक र १३ वटा सम्बन्धन प्राप्त , २ वटा म. सं. वि.का क्याम्पस र करीब ८० वटा उ.मा. विद्यालयहरुले +२ कार्यक्रम सञ्चालन गरि रहेका छन । उच्च प्राविधिक शिक्षा तर्फ नीजिस्तरमा ईन्जिनियरिङ्ग कलेज सञ्चालन भईरहेको छ र मेडीकल कलेज स्थापनाका लागि आवश्यक पूर्वाधार जुटाउने प्रयास भइरहेको छ ।

स्नातकोत्तर कार्यक्रम तर्फ सिद्धनाथ विज्ञान क्याम्पसमा गणित, सिद्धनाथ बहुमुखी क्याम्पसमा राजनीतिशास्त्र र कैलाली बहुमुखी क्याम्पसमा व्यवस्थापनतर्फको पठन–पाठन सञ्चालन भई सकेको छ र निकट भविष्यमा अन्य विषयतर्फ सो कार्यक्रम विस्तारित हुदै जाने सम्भावनाहरु देखिदैछन । त्यस्तै स्नातक तहमा बी.बी.ए. ,बी.सी.ए., सुचना प्रविधि, जीव प्रविधि, जीवरसायन, विश्लेषणात्मक रसायन, सूक्ष्मजीव विज्ञान इत्यादि तर्फ कार्यक्रम विस्तारित गर्ने सोच विकसित हुदै गएका छन । यसप्रकार यहाँ उच्च शिक्षाको विकासका प्रशस्त सम्भावनाहरुका साथै जनसहयोगको सद्भाव भएर पनि सरकारले क्षेत्रीय सन्तुलन कायम गर्ने नीतिलाई सही ढंगबाट र इमान्दारीपूर्वक कार्यान्वयन गर्नेतर्फ उचित ध्यान पुऱ्याउन नसकेकोले सु.प. विश्वविद्यालयको स्थापनाका लागि प्रयास हुँदाहुँदै र गठित कार्यदलले समेत यसको अपरिहार्यता देखाई प्रस्तुत गरेको प्रतिवेदन पश्चात पनि यसले मूर्त रुप लिन सकेको छैन ।

आज अन्य विकास क्षेत्रहरुमा विश्वविद्यालय खुलिसक्दा पनि सुदूर पश्चिमाञ्चल विश्वविद्यालय खुल्न नसकेकोले यहाँका बासिन्दा आधुनिक युगको दौडमा सहभागि भई प्रतियोगि बन्ने सौभाग्यबाट बञ्चित रहन गएका छन । यही दुर्भाग्यपूर्ण नियतिले गर्दा सुदूर पश्चिमाञ्चल विकसित हुन नसकेको तथ्य र कटुयथार्थ बुझिआज हामि सबैले उक्त खाँचो पूर्तिका लागि दृढ संकल्प सहित काम गर्ने बेला आएको छ । अतः आज सम्पूर्ण चेतनशील सम्बन्धित क्षेत्रसँग सम्वद्ध र शक्तिमा रहेका सुदूर पश्चिमाञ्चलबासीहरुको काँधमा उक्त युग सापेक्ष आवश्यकता पूर्ति गर्ने सु.प. विश्वविद्यालयलाई मूर्तरुप दिन र सबै यस क्षेत्रमा विद्यमान क्याम्पसहरुलाई विकसित गर्ने जिम्मेवारी र दायित्व आएको छ । यही दायित्व बुझी आजै देखि हामि सबैले संकल्पसहित प्रयासगर्दै अगाडि बढ्दै गएमा निकट भविष्यमा सु.प. विश्वविद्यालयले मूर्तरुप लिई यस क्षेत्रको चौतर्फी विकासको मार्ग प्रशस्त हुदै जाने कुरामा हामि सबैले विश्वास लिएका छौं । ●

कसले बुझ्छ नारी व्यथा

बलभद्र दयाल

अचानाको घाउको पीडा, खुकुरीले कहाँ बुझ्छ ।
पीडाहरुको रोदन भित्र, नारीहरुको जीवन हुन्छ ॥
सँसारकी श्रष्टा भनि, बुझि यहाँ कस्ले दिन्छ ।
जति व्यथा पोखे पनि, केवल उपहास मात्र मिल्छ ॥
आमा छोरी सासु बुहारी, आँखिर सबै नारी जाति ।
घाँस दौरा चुलो चौको, किन हो थोप्या यीनैमाथि ॥
कोमल हृदय कुण्ठीत पारी, घोच्न सम्म घोचिएका ।
लिङ्ग भेदको रेखा कोरी, जम्मै अधिकार खोसिएका ॥
मनोकांक्षाँ घर धन्दाले, जेल भित्र थिचिएका ।
मायाँ साँची राख्ने मुटु, सधै भरी पिस्सिएका ॥
साधन बनि जिउनु पर्ने, बिवसतालाई स्वीकारेर ।
अधिनताको सँसार भित्र, हेर्नु पर्ने फर्किएर ॥
अस्मिताको होलि बनाएर, बिच सडकमा छोडिदिन्छन ।
बसन्तमा चल्ने हावा, सिरसिरैमा मोडिदिन्छन ॥
गाह्रो हुन्छ जोगाउनुलाई, नारीहरुको अस्मीतालाई ।
भौतारिदै छटपटिएर, पत्यारिदो बेला नपाई ॥
उतै हुन्छ नारी कथा, कष्ट पिडा हुन्छ जता ।
मुटु भित्र ढुङ्गा भए, कस्ले बुझ्छ नारी व्यथा ॥

श्री वीरेन्द्र उ.मा.वि. बैतडी
(कक्षा १०)
प्रेरणादायी :– श्रीमती सीता दयाल ।

Rationale of English Literature in Nepal

Dr. Chandan Singh Bohara

Introduction :-

According to Oxford advanced learner's dictonary, literature is defined as "Pieces of writing that are valued as works of art,especially novels,play's and poem's." The concise Oxford Dictonary defines it as " Writings of country or period or writings whose value lies in beauty of form or emotional effect." Literature has four major forms: essay, ficton, poetry and drama. Literature is aptly defined as mirror of life. A good book of literature speaks of imaginary people so vividly and effectively that they seem more arresting and interesting than the people we almost always see on our course and can make us take care of it's characters as though they are our friends . We are curious about each other, so are we about ourselves. Why do we behave as we do? Why do we grow emotional ? What are the causes of our actions? Literature does give hints and suggestions which encourage insights of our own. The writer who very well knows people and more openly shares his knowledge with us is rated higher . Shallow or insincere writers are judged inferior . Even imaginative fiction is required to offer truth and sincerity.

Undoubtedly, desire for pleasure gives birth to literature. In meeting the demands of their arts the writers find one source of pleasure while in witnessing the pleasure their work gives to the readers they get another. We readers are pleased by literature because it imitates life. In fact, it present the writer's visions of life as it is or as it ought to be. It manage it's imitation only through the medium of words. Writers should be very adept at handling words to get desired effects from them . The words should fit the subject or the actions and the characters of a work. How each of the forms of literature uses words, we should make two kinds of distinctions about the language of literature. Firstly, we can distinguish between the ways in which the words in literary works correspond to the world of experience, and secondly, we can distinguish between the ways in which those words are communicated to a reader. In regard to know words are related to the experience of the real world , we can observe that they are used either to create imaginary people and events or to give immediate expresion to ideas and feelings about experience.

In it's purest form the essay uses words to express ideas which are addressed directly by the essayist to the reader. Thus it's basic quality is persuasion. The poem in its purest form uses words to express feelings addressed by a speaker talking or thinking to himself or herself. It's essential quality is meditation . The story uses words to create imaginary people and events through the report of a story teller to the reader. It's essential characteristics is narration and the play uses words to oreate action through the dialogue of the imaginary people talking to one another rather than to the reader. It's essential quality is thus interaction.

Why study English literature in Nepal?

It is not only in Nepal that student study english literature as an optional course in P.C.L, Bachelor's and Masters levels in the faculty of Arts, but student of almost every university abroad too select english literature as an optional or compulsory course at almost all levels . The only most striking and believable reason why english prevails so widely may be that english is spoken all over the

world as the only universally intelligible means of communication . English emerged as an influential tongue form just a vernacular in medieval age through the lines of poetry by Jeoffrey Chaucer. In the 14th century Latin and French were so influential that they were the media of most literary works. More prominent than the other dialects of the english language were the following four: The Southern, The Midland, The Northern and The Kentish. Chaucer picked up the East Midland dialect and employed it in his works to express his fellings and views resulting from his first-hand or second-hand contemporary experiences . This is why he is called the father of english literature as a whole. As a tribute the following words are aptly expressed :

Father of verse ! who in immortal song
First taught the muse to speak the english tongue

His literary works like "Canterbury Tales " and " Prologue to Canterbury Tales " present life as he sees it and leaves other to draw the moral . His age was that of transition, which shows a shift from the medieval to the modern times , the emergence of the english nation from the " Dark Ages " to the age of "Enlightenment." his was the medieval age also termed "Dark Ages " characterized by unsceintific, superstitious, chivalrous, religious-minded and backward people. The words of English handled by him sincerely portray the then unscientific backward people, what they do or think and what not . He was a representative and chronicler of his age. It is not quite an exaggeration to state that it was with Chaucer that the dawn of english literature broke :

In regard to his contribution to english literature , we can observe that he substituted the regular line with end-rhyme which he borrowed from France for the reigning old-fashioned measure in the realm of poetry . The following is an instance taken from "Canterbury Tales":

His eyen twinkled in his heed aright
As doon the sterres in the frosty night.

The characters portrayed in his " Prologue to Canterbury Tales" are not confined to one age or one place only . Chaucer does not forget the universal beneath the particular, the dateless beneath the dated . The portraits in " Prologue to Canterbury Tales" form not only an epitome of the society of fourteenth century England, but the epitome of human nature in all climes and ages.

Chancer has equally made his conducement to the novel. his " Prologue" can rightly be called " The Prologue to Modern Fiction." It can be a novel in verse . This contribution to the drama can be evidenced with the fact that there are here and there, dramatic element in " Prologue to Canterbury Tales." The characters reveal themselves through what they say and do. Even the tales they tell are confroming to their characters, prejudices, temperaments etc.

However his poetry is critiased to be devoid of " High Seriousness", characteristics of all great poetry. It is believed he wrote for the court and cultivated classes who were indifferent to the suffering of the poor. Despite all this ,he has served as a pioner to the writers in english or any other language in every nook and corner of the literary world .

English literature has no doubt, precedence over Nepali literature in multifarious respects. The first poet of English, Jeoffrey Chancer,was born in the 14th century and the first poet of Nepali, Bhanubhakta Acharya was in 1814. There is about a four-century gap between the origins of

English Literature and Nepali Literature. Literature in Nepal seems to have started a few years after a very important literary epoch the romantic age had started in English Literature. It is a truism to say that the form , the content , the art of word selection, using figures of speech , presenting feelings and ideas through symbols or images in a brief or average way, the act of abiding by the traditional literary rules or avoiding these rules and writing freely have to some extent, been imparted to Nepali Literature by English literary activities and modes.

William Shakespeare, the greatest writer of English, to occupies a non-pareil position in English literature because his plays are of universal significance and highly superior to those of his contemporaries because of his wonderful poetry, his sympathetic humanity and broad-mindedness His superb mastery of his medium, and his deep insight in to human nature which ever remains the same . Human beings come and go,but human nature remains the same. Ben Jonson said that Shakespeare" Was not of an age but for all time." Legouis suggests that " he was not of a land, but of all lands" a Japanese student, on being asked if he could understand and sympathise with the characters in As You Like It , replied:" Why not? They are all japanese!"

English literature, especially poetry which deals with powerful feelings of the poet enshrines as a unique treasure of the best things he or she has ever thought . Robert Browing (1812-1889) in his religious poem "Rabbi Ben Ezra " gives the message that the period of youth is a period of more excitements, and no definite judgement could be passed in this period, but old man can form a true estimate of his life's activities. Just as age is necessary to find out what is good in human life, so death is necessary to take us to the next higher world . We should not fear death . The further says that the human should is the cup formed by god , the potter. This cup will be placed on the festal board in heaven and God will taste the wine poured in it. His lips will grow ruddy as he drinks from the cup of the human soul . Rabbi prays to God to take and use his soul in his service and purge it of all the impurities of the earth . The following are worth quoting in this refrence ;

As it was better, youth
Should strive,through acts uncouth,
Toward making, than repose on ought found made;
So better, ago exempt
from strite, should know,then tempt
further thou waitedst age;wait death,nor be afraid .

Look not thou down but up !
To uses of a cup .
The festal board, lamp's flash and trumpet's peal
The new wine's foaming flow .
The master's lips aglow !
Thou heaven's consummate cup, what needst thou with earth's wheel ?

Their is much more in the poem for the reader . Wordsworth by defining poetry as " Spontaneous overflow of powerful fellings recollected in tranquillity..." adds such a doctrine to the world of literature that has ever since pioneered the feature generations toward the easy composition of

poetry . T.S. Ehiot's concept of Tradition and Individual talent and objective correlative have been guiding the writers towards the creation of truly classic and symbolic poems .

The English Romantic movement (1800-1830) has as such influnced our great poet Laxmi Prasad Devkota (1909-1959). His early and later poems have romantic elements to reflect in abundance. In his " The Lunatic " (1956) he wears the persona of a Lunatic . He imaginatively says:

I have called the Nawab's wine all blood ,
and the courtesans all corpses,
and the king a pauper
.....
Your highly learned men are my big fools,
Your heaven is my hell .
your gold , my iron .
Friend, your piety, my sin .

How can we forget or miss the instructive power there are following literary quotations in english bear ;

(1) " Every man is poet when he is in love," Plato
(2) "An old man is twice a child ," Shakespeare : Hamlet
(3) "A thing of beauty is a joy for ever..." John Keats
(4) "The child is father of the man," Wordsworth : My heart leaps up
(5) " If winter comes, can spring be for behind ?" P.B.Shelley
(6) "Better to reign in hell than serve in heaven," Milton : Satan's statement in paradise lost.
(7) "Some are born greate, some achieve greateness and some have greateness thrust upon them ," Shakespeare : twelfth night
(8) "Their is nothing either good or bad,but thinking makes it so," Shakespeare
(9) " Cowards die many times before their death, Shakespeare
(10) "Some books are to be tasted, other to be swallowed and some few to be chewed and digested," Bacon of studies

We can rationally observe that english literatute in all it's aspects has more or less provided the literary cultures of almost all the countries with the theories like romanticism, realism, naturalism, symbolism, imagism, modernism, impressionism, expressionism, surrealism, structuralism, deconstruction, cultural studies etc and made it easy and possible for different countries to import their ideas and cultures . i.e: the best things ever thought, to one another.

English literature is said to have taught both the academicians/ students and the layman how to form thought and ideas how to express them or how to read and understand a work of literature in a language so as to produce the desired result . Also it has as an extra contribution given the world most dazzling philisophies from the best minds preceding over most others in the precincts of literature.

Teaching Listening Skill

Laxman Bhatt

This article presents a brief account of importance of English as well as methods and techniques of teaching and testing listening skill in grade IX and X in Nepal.

1. Background:-

In Nepal, ELT (English Language Teaching) has crossed a century and a half with numerous twists and turns since the establishment of the ever-first school named Darbar High School in 1910 V.S. It was the first educational Institute in Nepal where English was taught as a subject because then de facto Prime Minister Jung Bahadur Rana had felt the immense importance of English after his offical visit to England. However, upto that time English was still confined to the reach of so, called upper class Nepali people, especially Ranas and their Kiths and Kins.

Similarly, the foundation of Tri-chandra college in 1975 V.S. marks the formal beginning of English in higher education in Nepal. Since then all Nepali people had an easy access to English. With the passage of time, the importance of English encreased inside the country and out in the world. Such wide spread of English raised the status of English in Nepalese currcula as a compulsory subject from grade IV to Bachelor's level. The English has now been considered as a global language, a source of knowledge to the peole on the global scale. Besides that, the English became more important after it got to be recognised as an official language of regional and global organization like UNO, SAARC and ASIAN.

According to Geoffery (1978), of 4000 to 5000 living languages, English is by far most widely used language. About 300 million native speakers of English are to be found in every contient and equally widely distributed body of second language speakers who use language for their day to day needs totals over 250 million. Barriers of race, colour and creed are no hindrance to the continuing spread of English. It's the international language of international aviation, sports, films, T.V.channels and radio news etc.

2. What is Listening ?

Listening is the ability to identify and understand what others are saying. This involves understanding speaker's accent or pronunciation his grammar and his vocabulary and grasping his meaning. An able listener is capable of doing there four things simultaneously.

3. Importance of listening skill :-


If we look at the natural order in which one learns language skills in his/her native or foreign language is listening , speaking ,reading and writing .Listening is the first

of four and most important skill of a language. Good listening habits are important for effective and efficient learning whether one is learning in primary grades or higher levels. Listening skill is pre-requirite for learning other skills viz. Speaking, Reading and Writing. Without acquiring listening skill first, correct spoken English language is unexpected. One can't develop speaking skills unless one develops hastening skills: to have a successful conversation students must understand what is said to them. Later in their life the ability to understand spoken English may become very important such as for listening to the radio, understanding foregn visitors and studying higher education etc. To develop this ability students need plenty of practice in listening to English spoken at normal speed. By listening learners acquire the language - pick up structures and vocabulary. The more language exposure to the students, the better and faster they learn. Therefore, the teachers of English themselves should speak English more instead of traslating into mother tongue as well as give as much opportunity to students to listen to spoken English as possible.

4. Place of Listening in Present Curriculum :-

Needless to say, listening skill is the first of four and the most important language skill. However, this skill was totally neglected in the traditional curriculum in Nepal. In that curriculum only the two language skills i.e. Reading and Writing-secondary language skills were focused and emphasized whereas listening and speaking were eglected . But now with the inventions of new approaches, methods and techniques in the field of teaching and learning has brought change in the pespective of academicians, educationists, curriculum designers and textbook writers towards language teaching. As a result, all language skills; they be productine or receptine, primary or secondary, are considered to be equally important so as to cultivate communicatine competence in young learners. Therefore, in new Secondary Education Curriculum of compulsory English -2057, teaching and testing of listening and speaking has come into existence.

If we look at the marks allocation of different four language skills-8,12,45 and 35 marks have been allocated for listening , speaking , reading and writing respectively. The allocation of marks for different language skills as discussed above can be presented diagramatically as follws:-



Although marks distribution for listening skill seems the smallest of all , however, it is as much important as other skills from linguistic point of view because linguistis are of opinion that no single language skill can be taught in isolation . All the language skills are equally important and should be taught integratively .

5. Specific Objectives of Teaching Listening :-

According to new secondary Education Curriculum of compulsory English -2057 V.S., the specific objectives of teaching listening are as follows :-

L^1 listen to spoken text understand the gist and retrieve spcifice information from it
L^2 record in note or summary from the main points of spoken messages
L^3 respond appropriately to spoken direction or insturictions.

6. Should listening be taught by using a cassette or teacher's own voice:-

Listenig skill can be tought by using either a cassette recorder or teacher's is own voice using a cassette in a classroom is known as 'recorded material' and use of teacher's own voice in known as ' live-material'. althought using a cassette recorder gives a change for students to listen to a variety of voices by the cassette even the voice of a mantain speaker can be brought in to the classroom. It's true that students who have only heard english spoken by their teacher often have difficulty in understanding other people . It's because when we listen to some one face to face there are many visual clues which help us to listen .when we listen to a cassette the clues are missing . therefore listening to a teacher is easier asthe students are helped by his gestures,facial expressions and bodily movement . That's why livemeterials is more beneficial and effective in our contest because keeping a tape recorder in a school is not only expensive to buy but also inappropriate where classes are considerably large lacking adequate furnoiture . In such situation, teacher's voice in the best way throught which listening skill can be taught .

7 Three steges of teaching listing :-

The process of teaching listing follows the three stages as mentioned below:-

i. 1st stage ———— pre - listening
ii. 2nd stage———— while - listening
iii. 3rd stage———— post - listening

In the first stage , some kind of warm-upexercises are done before the listening text is played to the students. they are given background information on the content of listening and the tasks the students will do . This is a preparatory stage in which students are prepared for listening some guiding questions also can be set to the students to exploit the text.

The second stage of teaching listening is called while-listening . In this stage , the students listen to the text to do some task .The text is played for listening and the students are asked to do exercieses like matching , fill in the blanks, sequencing ,

ticking off items, true/ false etc. The cassette can be played as many as three times to enable them to grasp the information of the text .

The third and the final stage of teaching listening is the post listening stage which is also known as 'follow-up stage. In this stage the students work on the information or ideas gathered from listening in the second stage . The activities for this stage may include - presenting the summary, retelling what has been heard , writing the notes in paragraph form.

8. Testing Listening

Undoubtedly testing is of vital importance in teaching learning activities because it not only determines how far the student have grasped but also reflects what extent the teacher has been successfull to meet the objectives of his / her teaching.

Testing of listening skill is very difficult in our situation because we lack technological appearatus which test wheather the students have achieved the authentic language behaviour of native speakers or not however the simplest way through which we can test the listening skil of our student is by playing a casette or using a teacher's voice and asking them to do some certain activities through which their listening comprehension can be assessed . The following types of questions can be designed for assessing listening skill .

a) Multiple choice
b) fill in blanks
c) True/False
d) Tick the correct
e) Ordering

Apart from these dictation and note taking can also be effectively need for the assessment of listening .

English Teacher -Shree Manilek H.S.School Melauli Kanda

Reference

Doff Adrian (1988) teach English CUP Forum , English Teaching volume 3- Number-1, January 1993

Geoffery B.et.al.(1978) Teaching English as a foreign language , University of London.

Journal of Nelta (December -1998) vol-3, No-12 Secondary Education Curriculum -2057.

गणित सिकाइको सेरोफेरोबाट

हर्कबहादुर चन्द

आजको विद्यार्थीले औपचारिक शिक्षामा पूर्व प्राथमिक देखि लिएर विद्यालय स्तरको शिक्षा सम्म गणित अनिवार्य रुपले पढनु परेको छ । यो कुरा हाम्रो देशको सन्दर्भमा गरिएको हो । अन्य मुलुकहरुको शिक्षा पद्धतिको सन्दर्भमा पनि यो कुरा थोरै धेरै मात्र तल माथि परेको देखिन्छ । यो त भयो विद्यालय स्तरको शिक्षाको सवाल । यस्तै उच्च शिक्षाको कुरा गर्ने हो भने केही विद्यार्थीहरुको समूह गणितमा नै रुची राखेर उच्चतर तहसम्म गणित अध्ययन गरीरहेका हुन्छन् । बाकी विद्यार्थीहरु कुनै निश्चित क्षेत्रमा दक्षता हासिल गर्न त्यस क्षेत्रमा चाहिने जति गणित अध्ययन गरीरहेका हुन्छन् । विज्ञान, प्रविधि अर्थशास्त्र, समाजशास्त्र, वाणिज्य व्यवस्थापन आदि विषयहरुलाई यसको उदाहरणको रुपमा दिन सकिन्छ । मूलतः सबै विद्यार्थीहरुले औपचारिक शिक्षा हासिल गर्दा गणित अध्ययन गर्नु परेको छ ।

गणित निरस विषय हो । यो एउटा कठिन विषय हो । हिसाब देख्ने वित्तिकै डर लाग्छ । मेरो त गणितमा पटक्कै रुची छैन । कुनै सिकारुलाई मेथमेटिकल फोबिया भएछ भने माथि भनिएका कुराहरु लक्षणका रुपमा देखा पर्दछन् । अहिलेको सन्दर्भमा मेथमेटिकल फोबियाले प्रभावित भएकाहरुको संख्या बेसी नै भएको अनुभव भएको छ । मात्रात्मक रुपमा कसै भित्र कम बेसी हुने कुरा आफ्नै ठाउमा छ । एकातिर मेथमेटिकल फोबिया अर्कोतिर लगभग सबै विद्यार्थीले मेथमेटिक्स पढने बाध्यता । यो एउटा प्रगतिशील एवं सक्षम सिकारुको लागि गम्भीर समस्या भएको देखिन्छ ।

यसै सन्दर्भमा थुप्रै प्रश्नहरुको ताँती यस प्रकार लाग्दछ । गणित किन चाहिन्छ ? जीवनमा यसको के आवश्यकता छ ? विद्यालयमा पढेको गणित कसले कसरी जीवनमा उपयोग गरेका छन् ? गणितको ज्ञान नभए के के अपठ्यारो हुन सक्छ ? आदि । औपचारिक अथवा अनौपचारिक जुन सुकै रुपमा भए पनि सिकाइ मृत्यूपर्यन्त सम्म भई रहने प्रक्रिया हो । मानिसले जीवन भरी जे जति क्रियाकलापहरु गर्दछ ती क्रियाकलापहरु उसको सिकाइले प्रभावित भएका हुन्छन् । अर्थात व्यक्तिले जीवनमा गर्ने अधिकांश व्यवहारहरु मध्ये गणितीय व्यवहारहरु पनि पर्दछन् । उमेर, पेशा र क्षमताका आधारमा व्यक्तिहरुले छुट्टाछुट्टै गणितीय व्यवहार गर्दछन् । यसै सन्दर्भमा यहाँ नेर केहि उदाहरणहरुको चर्चा गर्न खोजीएको छ । गुल्ली डण्डा (डण्डी वीयो) खेल्ने केटा केटीहरुले कस्तो मेथमेटिकल व्यवहार गरेका हुन्छन् ? अर्थात उनीहरुको सोच कुराकानी क्रिया प्रतिक्रियाहरुमा प्रयाप्त गणित देख्न सकिन्छ । त्यस्तै चेस खेल्नेहरुको सोच र गणितीय पजल हल गर्नेहरुको सोचमा धेरै एकरुपता पाइन्छ । पेशागत रुपमा हेर्ने हो भने छुट्टा छुट्टै पेशेवरहरुले आफ्नै किसिमको गणितीय व्यवहार गरेको हुन्छ । घर बनाउने डकर्मीले स्कूल ज्योमेट्रीको एउटा तथ्य यसरी प्रयोगमा ल्याइ राखेका छन् । कुनै चतुर्भजका विकर्णहरु बराबर छन् भने त्यो चतुर्भुज आयत हुन्छ । घरका चारै कुनाहरु समकोणिय छन् वा छैनन् भनी जाँच्न डकर्मीहरु धागोले विकर्ण नापेर हेर्ने गर्दछन् । त्यस्तै जुत्ता बनाउने मान्छेले छुट्टै ज्योमेट्री प्रयोग गरेको हुन्छ । कृषि गर्ने मान्छेको आफ्नै मेथमेटिक्स हुन्छ । मुख्यतः व्यक्तिले विना गणितीय व्यवहार गरी अथवा गणितीय सोचबाट अलग रही एक दिन पनि बस्न गाह्रो भई सकेको छ । रीडिङ्ग, राईटिङ्ग र अरीथमेटिक चाँही गास, बास, कपास जस्तै अति आवश्यक भई सकेका छन् । यसरी जुन सुकै व्यक्तिले पनि विद्यालय गई अथवा नगई जीवनमा थुप्रै गणितीय व्यवहारहरु गरेका हुन्छन् ।

व्यक्तिले जीवनमा गर्ने गणितीय व्यवहारलाई सहज एवं स्तरीय बनाउन गणित सबैले पढनै पर्ने कर लगाइएको हो । बाध्यात्मक उपचार जहा पनि बोझीलो हुन्छ । यसैले गणित कसरी रोचकपूर्ण तरिकाले सिक्ने र सिकाउने भन्ने कुरा महत्वपूर्ण रहेको छ ।

गणितज्ञहरुले गणितका रोचक तथ्यहरु कसरी पत्ता लगाएहोलान् ? यस सम्बन्धी केही उदाहरणहरु उल्लेख गर्न आवश्यक लाग्दछ । रामानुजन् सात कक्षामा पढदा शिक्षक यस प्रकार पढाई राखेका थिए । "तीन वटा केरा तीन जनालाई बराबर गरी बाँडदा प्रत्येकलाई एउटा एउटा पुग्छ । सय वटा केरा सय जनालाई बराबर गरी बाँडदा प्रत्येकलाई एउटा एउटा नै पुग्छ अथवा कुनै पनि संख्यालाई त्यसै संख्याले भाग गर्दा भागफल एक आउछ । " रामानुजन्ले उठेर प्रश्न गर्नु भयो - " सर, शुन्यलाई शुन्यले भाग गर्दा भागफल एक नै आउछ की ? अथवा $0/0 = 1$? कुनै पनि मान्छे नभएमा तथा कुनै पनि केरा नदीएमा प्रत्येकलाई एक नै पुग्छ ? यस्तै हार्डी र रामानुजन् संग सम्बन्धित एउटा प्रसंग बहुचर्चीत छ । इग्लैण्डको एउटा अस्पतालमा रामानुजनको उपचार भई रहेको थियो । हार्डी टेक्सी लीएर वहाँलाई भेट्न जानु भयो, रामानुजनलाई देख्दै भन्नु भयो - जुन टेक्सीमा म आए , त्यसको नम्बर 1729 थियो । यो नम्बर यहाँको परम्परा अनुसार अशुभ नम्बर हो । किन भने यसको एउटा गुणनखण्ड 13 हुन्छ ।

रामानुजनले पल्टेर नै उत्तर दिनु भयो । हैन हार्डी यो त यस्तो अदभूत संख्या हो, यो संख्या त्यो सबभन्दा सानो संख्या हो जसलाई दुई घन संख्याको रुपमा व्यक्त गर्न सकिन्छ । $1729 = 10^3 + 9^3 = 12^3 = 1^3$. के चतुर्थ घातको लागि पनि यस्तै उदाहरण दिन सकिन्छ ? $635318657 = 59^4 + 158^4 = 133^4 + 134^4$ यो त भयो रामानुजन र हार्डीको प्रसंग । यस्तै कोनिग्सवर्गको पुलले टोपोलोजी पत्ता लगायो । गणितज्ञहरुले नयाँ तथ्यहरु खोज्नु पछाडी उनीहरुको गणितीय सोच एवं सो अनुसारको व्यवहार मुख्य रहेको छ । गणित के हो जे गणितज्ञ सोच्छन् त्यही गणित हो । यो उक्तीमा गणितज्ञले सोच्ने भनेको नै Mathematical thinking हो । जसको केही चर्चा माथि भइ सकेको छ ।

यसैले गणित सिक्नको लाग गणितीय सोचको (Mathematical thinking) विकास गर्नु आवश्यक छ । यसका लागि सिकारुले गणितमा नै रमाउने क्रियाकलापहरु गराउनु पर्ने हुन्छ । आजको युगमा खेल जगत एउटा महत्वपूर्ण स्थान राख्दछ । खेलमा रुची भएकाहरुको संख्या ठूलो रहेको छ । गणितलाई पनि खेलको माध्यमबाट शिक्षण गर्दा बढी प्रभावकारी हुन्छ । गणित धेरै पढाउनु भन्दा पनि गणितमा कसरी रुची जगाउने भन्ने विषयमा गणित शिक्षकहरुले बढी चिनीतित हुनु पर्दछ ।

रुचीपूर्ण तरिकाले शिक्षण गर्न निश्चित रुपमा शिक्षकको क्षमतामा अभिवृद्धि हुनु पर्ने हुन्छ । यसका लागि शिक्षक तालिम, गोष्ठी, सेमिनारहरु उपयुक्त ढंगले व्यापक रुपमा सञ्चालन गर्नु पर्ने हुन्छ । बदलीदो पाठ्यक्रमको मर्म अनुरुप शिक्षक पुर्नःताजगी आवश्यक छ । यस अवस्थामा पुर्नःताजगीको अभावले शिक्षहरुमा आपूनै विषयमा पनि अरुची उत्पन्न भईरहेको महशुस भएको छ । मुख्यतः शिक्षकहरुको पुर्नःताजगीका लागि दुईटा कुराहरु अति आवश्यक छन् । पहिलो तालिम, दोस्रो स्वाध्ययन ।

स्रोत :- *Number Theory (George E . Andreal)*

●

म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरूँ
म बाँचु मै नाचुँ अरूसब मरून दुर्वलहरू
भनी दाह धस्ने अबुझ शठ देखि छक्क परी
चिता खित्का छोडी अभय सित हास्यो मरिमरी

- लेखनाथ पौड्याल

नेपाली भाषा शिक्षणमा भाषिक अपरिहार्यता

चन्द्रमोहन तिवारी

भाषा संस्कृत शब्द हो जुन व्यक्त वोलीका आधारमा भाष धातुबाट व्युत्पन्न मानिएको छ। यसअनुसार व्यक्त बोलीको रुप जसले केही कुराको अभिव्यक्ति गर्छ , त्योहो भाषा । यसैले भाषा भनेको बोली हो । बोली भनेकोमान्छेको स्पष्ट उच्चारण हो । यसैले भाषा वाक वा बोलीको प्रतीक हो जसबाट विचार विनिमय हुन्छ । वाक प्रतीक पनि सबै हुदैनन् । ती मात्र हुन्छन् , जसलाई सामाजिक समूहले स्वीकार गरेको हुन्छ । नेपाली भाषा सम्पूर्ण नेपालीहरुको भाषाको प्रतिनिधित्व गर्ने नेपाली समाजद्वारा स्वीकृत सम्पन्न भाषा हो । त्यसैले नेपाली भाषा शिक्षा एवं सरकारी कामकाजको माध्यम भाषा भई राष्ट्र भाषाको रुपमा सम्पूर्ण नेपालीहरुलाई भाषिक एकताको माध्यमबाट नेपाली भनाउने गौरव बोकेको सम्पन्न साहित्य भएको सम्पूर्ण नेपालीको एकताको प्रतिक हो ।

भाषा भनेको मूलतः मौखिक भाषा संम्प्रेषणको आधारभूत माध्यम भएता पनि लिखित चाहि त्यस पछि विकसित भएको हो । व्यक्तिमा शिक्षाको विकास हुदै गए पछि मौखिक माध्यम मात्र अपर्याप्त भएर उसलाई लेख्यमाध्यमकोआवश्यकता पर्न थाल्छ । जसबाट मान्छेले भाषाको उपयोगलाई अझ विस्तृत बनाउदै जान सक्छ । अतः भाषा मौखिक र लिखित रुपमा सामान्य र विशिष्ट अर्थमा विचारको आदान प्रदान गर्ने माध्यम हो ।

भाषा शिक्षण विषयवस्तुको शिक्षण नभइ विषयवस्तु बुझ्ने तथा व्यक्त गर्ने माध्यम हो ।सामान्यतया भाषा पाठ्यपुस्तकमा राखिएका पाठहरुलाई विषयवस्तु सम्झी शिक्षण गरिएको पाइन्छ । एउटै विषयवस्तुलाई विभिन्न भाषाहरुबाट व्यक्त गर्न सकिन्छ । भाषा फरक हुदैमा विषयवस्तु फरक हुदैन । जानेको अनुभव गरेको विषयवस्तु व्यक्त गर्न र अझ बढी जान्न भाषाको माध्यमको आवश्यकता हुन्छ । भाषा शिक्षणले विषयवस्तु सुन्ने, बोल्ने, पढ्ने, लेख्ने क्षता बढाउन मद्दत गजर्छ । विद्यालयमा अरु विषयहरु पनि नेपाली भाषाको माध्यमबाट अध्ययन अध्यापन गराइने हुनाले भाषा शिक्षण महत्वपूर्ण हुन आउछ । नेपालीभाषामा कमजोर भएका विद्यार्थीहरुलाई अरु विषय सिक्न समेत गाह्रो हुने भएकोले प्राथमिक तह देखि नै नेपाली भाषालाई विशेष जोड दिइएको छ । नेपालीभाषा विद्यालय तहको शिक्षाको माध्यम हो र उच्च शिक्षाको माध्यमकोरुपमा पनि दिनानुदिन यसको प्रयोग बढदै गइ रहेको छ । विद्यालय तहमा अध्ययन अध्यापन गराइने सम्पूर्ण विषयहरुको माध्यम भई उक्त तहको शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने औजार वा साधनकोरुपमा रहेकोले औजार भुत्ते भेया भने त्यसबाट काम लिन नसकिने भए जस्तै विद्यार्थीहले सिक्नु पर्ने कुरालाई अस्वीकार गर्न सकिदैन ।

विद्यालयका सम्पूर्ण कार्यकलापहरुमा भाषा साध्य साधन दुबै रुपमा रहेको छ । शिक्षक-विद्यार्थीका सम्पूर्ण शैक्षणिक गतिविधिलाई भाषाले नै ओगटेको हुन्छ । कुनै पनि सिकाइ-शिक्षण प्रक्रियाको प्रभावकारिता भाषाका दुई प्रमुख पक्ष बोध रअभिव्यक्ति क्षमतामा भर पर्ने हुँदा उक्त दुई क्षमताको विकास विना विद्यार्थीहरुको ज्ञान र सीपको विकास असम्भव नै हुन्छ

नेपालमा नेपाली भाषाको प्रयोगको वातावरण पर्याप्त भएकोले औपचारिक शिक्षामा स्तरीय नेपाली भाषाको प्रयोगमा ध्यान दिनु पर्ने देखिन्छ । किनभने भिन्न भिन्न भाषिकागत पृष्ठभूमि भएका विद्यार्थीहरुलाई औपचारिक तथा अनौपचारिक गतिविधिमा उपयोग हुने स्तरीय एवं समसामयिक नेपाली भाषा सिकाउनु

पर्ने आजको आवश्यकता अहुन गएको छ । यही कुरालाई दृष्टिगत गरेर नै प्रारम्भिक कक्षाहरुदेखि नै नेपाली भाषालाई विशेष जोड दिइएको देखिन्छ ।

भाषा शिक्षण भाषाका सीपहरुको शिक्षण हो । यी सीपहरु अन्तर्गत सुनाइ,बोलाइ,पढाइ र लेखाइ पर्दछन् । भाषा शिक्षणका क्रममा भाषाका बारेमा वा भाषा व्याकरणका नियमहरु सिकाउनु पनि प्रासङ्गिक मानिदैन । यसमा उपर्युक्त चारवटै भाषिक सीपहरुको विकासका कार्यकलापहरुमा केन्द्रित गराउनु उपयुक्तमानिन्छ ।

भाषिक सीप

सुनाइ :- कुनै व्यक्तिले बोलेको वा पाठ्य सामग्रीलाई मौखिक रुपमा प्रस्तुत गरेकोलाई बुझेर सुन्नु सुनाइ हो । धेरै जसो कार्यकलापहरु शिक्षकको निर्देशनबाट हुन्छ । ती निर्देशन सुनेर सोही अनुसार विद्यार्थी प्रवृत्त हुन थाल्छन् ।

सुनाइ शिक्षणको कुरा गर्दा दोस्रो भाषा भाषी (नेपाली भाषा मातृभाषा नभएका) विद्यार्थीहरुलाई विशेष प्रयत्नका साथ शिक्षण गर्नु पर्ने हुन्छ । सुनाइ शिक्षणका कार्यकलापहरुमा वर्ा विभेदीकरण , वाक्य विभेदीकरण, श्रुतिलेख, श्रुति रचना, वुदाटिपोट, श्रुतिवोधात्मक प्रश्नोत्तर आदि हुन ।

बोलाइ :- आफ्ना मन मस्तिकमा रहेका भाव एवं विचारहरु अरु समक्ष मौखिक रुपमा व्यक्त गर्नुलाई बोलाइ भनिन्छ । बोलाइ भाषाको आधारभूत सीप पनि हो । सर्वसाधारणका लागि भाषा भनेको बोलाइ नै हो । बोलाइले नै व्यक्ति शिष्ट वा अशिष्ट ठहरिन सक्छ । अतः शिक्षकको ध्यान शिष्ट बोलाइको विकासमा जानु आवश्यक छ । बोलाईको राम्रो विकास भएमा कक्षामा शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता बढदै जाने र विद्यार्थीहरुमा रहेको संकोचको भावना हट्दै जाने हुन्छ । बोलाइ शिक्षणका कार्यकलापहरुमा कुराकानी / सम्वाद, प्रश्नोत्तर, वस्तु तथा चित्र वर्णन / कथाकथन / घटनावर्णन तथा मौखिक प्रतिवेदन, वादविवाद, छलफल ,परिचर्चा, अभिनय तथा नाटकीकरण,चिट्ठाखेल, भाषण आदि हुन ।

पढाइः- लिपिवद्ध गरिएका (लेखिका) सामग्रीमा व्यक्त विचार एवं भावलाई ग्रहण गर्नुलाई पढाई भनिन्छ। लिखित सामग्री बुझ्नका साथै बुझाउन सक्ने क्षमता प्राप्त गर्नुलाई समेत पढाई भनिन्छ ।

पढाई शिक्षणका कार्यकलापहरुमा मौन पठन र सस्वर पठन मुख्य रुपमा रहेका छन् । मौन पढान द्वारा पढाइका मुख्यतः दुई महत्वपूर्ण पक्षको विकास हुन्छ । १ वोध र २ वाचकता (पढाईको गति) । उक्त दुबैलाई पठनवोध शिक्षणका रुपमा लिन सकिन्छ । सस्वर पठनमा गति, यति मिलाइ शुद्ध एवं स्पष्ट संग पढनु नै सस्वर पठन हो ।

लेखाइ :- आफ्ना मन मस्तिष्कमा रहेका भाव एवं विचारलाई लिपि चिन्हको प्रयोगद्वारा सिलसिला सिलाइ व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । जससंग बोलेर विचारविनिमय गर्न कठिन हुन्छ ,त्यससंग लेखेर विचार विनिमय गर्न सकिन्छ । मुख्यतः दुइ स्थितिमा लेखाइको आवश्यकता विशेष रुपमा अनुभव हुन्छ । पहिलो स्थितिमा मुख्यतः पत्रचारको उपयोग गरिन्छ भने दोस्रो स्थितिमा सर्वसाधारण वा खास व्यक्तिहरुमा आफ्नो विचार एवं भावना पुऱ्याउनु नै यसको लक्ष्य हो ।

लेखाइ शिक्षणका कार्यकलापहरुम वस्तु तथा चित्र वर्णन, अनुभव, घटना वा यात्रा वर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, चिठी तथा निवेदन लेखन, दैनिकी लेखन, वुदाटिपोट, भावविस्तार, साराश संक्षेपीकरण, अनुच्छेद लेखन, निवन्ध लेखन, प्रतिवेदन लेखन,कथा लेखन, सम्वादलेखन, कविता लेखन, आदि हुन् ।

सुनाइ र पढाई आदानात्मक सीप हुन भने बोलाइ र लेखाइ प्रदानात्मक सीप हुन । कसैको बालाइलाइ सुन्न सकिन्छ । सुनेको कुरा भन्न सकिन्छ । भनेको कुरा लेख्न र लेखेको कुरा पढेर अरुलाई सुनाउन सकिने हुँदा सुनाइ, बोलाइ,पढाई र लेखाइको एक आपसमा अन्तरसम्बन्ध रहेको स्पष्ट हुन्छ ।

भाषिक सीपहरुको सिकाइ विना भाषा शिक्षण सार्थक नहुने हुँदा शिक्षकले पाठ्यक्रम एवं पाठ्यपुस्तक भित्र रहेका पाठ्यसामग्रीहरुलाइ (विधा एवं उपविधा) भन्दा तिनको आधारमा गराइने अभ्यासलाई महत्वपूर्ण ठानी अरु बढी भाषिक अभ्यासलाई महत्वपूर्ण ठानी तिनकै आधारमा अरु बढी भाषिक अभ्यासहरुको सृजना गरेर विद्यार्थीहरुलाई विभिन्न भाषिक अभ्यास गराइ भाषिक सीपहरुको विकासमा संलग्न रहनु पर्ने कुरा भाषा शिक्षकका लागि चुनौतीको विषय बन्न गएको छ ।

वर्तमान सन्दर्भमा भन्नु पर्दा शिक्षक , विद्यार्थी विद्यालय प्रशासन सरकार समेतका पक्षबाट पर्याप्त ध्यान नपुगेको देखिन्छ । कतिपय प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरुमा नेपाली विषय सबभन्दा कमजोर शिक्षकको विषय भइ आएको देखिन्छ । विद्यालय प्रशासन तथा अरु त्यस भन्दा माथिल्ला प्रशासनिक एकाइले नेपाली शिक्षकको दरबन्दी राख्नेर सम्बन्धित विषयमा योग्य तथा प्रशिक्षण प्राप्त शिक्षक खोज्ने कुरामा वास्ता नगरेको देखिन्छ । पाठ्यक्रम एवं पाठ्यपुस्तक निर्माताहरुले पनि पाठ्यपुस्तकका पाठहरु भाषिक सीप सिकाइको प्रकृति अनुरुप पार्न प्रशस्त ध्यान नदेखिएको देखिन्छ ।

सबै शिक्षक प्रशिक्षित नहुँदा व्याख्यान विधिमा बढी जोड दिनु , व्याकरण पढाउदा पनि नियम वा परिभाषा तिर नै बढी जोड दिनु , दक्ष र प्रशिक्षित शिक्षकले समेत विद्यार्थीहरुलाई भाषिक सीप सिकाइ प्रति संलग्न नगराउनु विद्यार्थीहरुका साथै भाषा प्रति विश्वासघात गरेको स्पष्ट हुन जान्छ । अतः प्राथमिक तह देखि नै भाषा शिक्षकले पाठ्यक्रममा समाविष्ट भाषिक सिकाइ उपलब्धीहरुलाई आधार मानी भाषा पाठ्यपुस्तकको माध्यमबाट भाषा तत्वहरुलाई समेत समेटी थप सृजनात्मक अभ्यासका माध्यमबाट भाषिक सीप सिकाइका लागि प्रशस्त अभ्यास गराउनु पर्ने देखिन्छ । तब मात्र भाषा शिक्षण वास्तविक रुपमा भएको मानिने छ ।

अस्तु

शुभकामना

प्रकाश लुहार

सागर जस्तै बगिरहनु बालदीपिका अनन्त सम्म फैली रहनु,
हिमाल जस्तै अटल बनि रहनु बालदीपिका, उचेां-उचों भएर बडि रहनु ।
औसिंको रातझैं होइन बालदीपिका, पूर्णीमाको रात झैं प्रकाश छरी रहनु,
फूल जस्तै सुवास छर्नु बालदीपिका, बसन्त जस्तै हरियाली पलाई रहनु ।
झरेको पात होइन बालदीपिका, फूलको हाँगामा फुली रहनु,
लाखौं लाख शुभकामना बालदीपिका शिखरको बाटो चुमि रहनु- शिखरको बाटो चुमि रहनु ।

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय
कक्षा-१२ (विज्ञान), बैतडी

ब्लेक होल

पुष्पराज लेखक

यस ब्रम्हाण्डमा भइ रहने अनेकौ आश्चर्यजनक घटनाहरु मध्ये आधुनिक विज्ञानले पुष्टि गरेको कालो छिद्र अर्थात Black hole को अस्तित्व र निर्माण प्रक्रिया पनि एक हो । विज्ञानको सिद्धान्त अनुसार कुनै पनि वस्तु निरपेक्ष स्थिर रुपमा अस्तित्वमा रहन सक्दैन त्यसैले कुनै न कुनै शक्तिको परिक्रम गरीरहेको हुनु पर्दछ । ब्रम्हाण्डमा अदृश्य शक्तिको वरीपरी परिक्रम गरी रहेका ताराहरुको अस्तित्वले Black hole का अस्तित्ववारे छलफल हुन थालेकोहो ।

यस ब्रम्हाण्डको उत्पत्ति कालमा निर्मित प्रकाश सम्म पनि नजिक पुग्दा वाहिर आउन नसक्ने अदृश्य Black hole अहिले पनि सुदूर अन्तरिक्षमा विद्यमान रहेको अनुमान गरिन्छ । आइन्स्टाइनको सापेक्षवादको सिद्धान्तले मूलतः Black hole को भविष्यवाणी गर्नका लागि महत्वपूर्ण आधारहरु बारे व्याख्या गर्न खोजेको र यस सम्वन्धी पहिलो चर्चा १८ औं शताब्दीका अंग्रेज वैज्ञानिक जोन माकल र फ्रेन्च गणितज्ञ लेप्लासले गरेका थिए । कतिपय वैज्ञानिक यसलाई ग्रह,उपग्रह र ताराहरुको पुर्वजहरुको रुपमा पनि स्वीकार्दछन् । कुनै पनि वस्तुलाई ग्रह तथा उपग्रहको गुरुत्व क्षेत्रबाट फुत्कन निश्चित गतिको आवश्यकता पर्दछ । त्यसलाई Escape velocity भनिन्छ । पृथ्वीको Escape velocity 11.2 km/s, सूर्यको 617.7 km/s र चन्द्रमाको 2.4 km/s छ तर Black hole को भने 300000 km/s अर्थात प्रकाशको गति संग बराबर हुन्छ जुन सापेक्षतावादको सिद्धान्त अनुसार सम्भव छैन । त्यसैले Black hole मा छिरेको वस्तु फर्कन सम्भव छैन ।

कुनै पनि तारामा हाइट्रोजन तत्व अत्यधिक मात्रामा रहेको हुन्छ । अत्यधिक तापले गर्दा हाइट्रोजन परमाणु प्रोटोन र इलेक्ट्रोनमा छुट्टीन्छ । प्रोटोन-प्रोटोन बीच शक्तिशाली विकर्षण हुन्छ तर अत्यधिक चाप र तापले गर्दा स्वतन्त्र प्रोटोन (Hydrogen ion) परस्पर संयोजन (Fusion) भई हिलियम परमाणुका साथै अत्यधिक ताप शक्ति उत्पन्न हुन्छ । यस प्रक्रियाबाट सूर्य लगायत सबै ताराहरुमा अत्यधिक ताप शक्ति र प्रकाश उत्पन्न हुन्छ । यसरी ताप उत्पन्न हुने प्रक्रिया तारामा रहेको हाइट्रोजनको मात्रा,परिवर्तनको दर र उत्पन्न हुने शक्तिको मात्रामा भर पर्दछ । यस प्रकार ताराको निश्चित आयु हुन जुन अरवौ वर्षको हुन्छ । कालान्तरमा जव हाइट्रोजन भण्डार रित्तिदै जान्छ तारा आफ्नो जीवनको अन्तय तिरआइ पुग्दछ तव गुरुत्वाकर्षणीय विलय हुन्छ अर्थात खुम्चिन्छ । भारतीय वैज्ञानिक एस. चन्द्रशेखरका अनुसार यसरी खुम्चिद गएका ताराहरुको पिण्ड पिण्डको १.४ गुणा भन्दा कम छ भने White dwarf बन्दछन् । सर्व प्रथम यस तथ्यलाई भारतयि वैज्ञानिक एस.चन्द्रशेखरले पत्ता लगाउनु भएकोले यस सीमालाई चन्द्रशेखर सीमा भनिन्छ । शौर्य पिण्डको ३ गुणा भन्दा बढी भएमा अति विशाल तारा (Super giants) बन्दछन् । अतिविशाल तारा अकस्मात विस्फोट भए (Super novae) बन्दछन् । (Super novae) पनि विस्फोट भई शौर्यपिण्डको ३ गुणा भन्दा कम भएको प्रज्वलित Neutron Star पदार्थ र ३ गुणा भन्दा बढी भए Black hole को निर्माण हुन्छ ।

यस ब्रम्हाण्डमा अत्यन्त भारयुक्त Black hole पनि रहेको विश्वास गरिन्छ जुन लाखौ ताराको अवसानबाट बन्दछ । यिनीहरुको पिण्ड शौर्य पिण्डको १०६ गुणा देखि १०९ गुणा सम्म हुने अनुमान गरिन्छ । यस्तो विशाल Black hole तारापुञ्ज (Galaxy) को केन्द्र Gallactic center हुन सक्ने कुरा प्रति वैज्ञानिकहरु विश्वस्त छन् जसको परिक्रम शौर्य परिवार लगायत सबै ताराहरुले गर्दछन् । वैज्ञानिकहरुको धारणाअनुसार Black hole वाष्पित हुन थाल्यो भने तिनीहरुको अन्त महा विष्फोटबाट हुन्छ र ब्रम्हाण्डमा एक्स रेज र ग्रामा रेज फैलन थाल्दछ ।

Black hole सम्बन्धी धेरै कुराहरु भविष्यको गर्वमा नै छन् । आशागरौ । एक्कासौ शताब्दीमा अन्तरिक्ष विज्ञानका द्रुत गतिमा भइ रहेका अन्वेषण रअनुसन्धानले यस आश्चर्यजनक घटना बारेका रोचक तथ्यहरुउजागर गर्नेनेछ ।

कम्प्यूटर शिक्षा

गणेशमान श्रेष्ठ

आज हामीले कम्प्यूटर युगमा पाइला टेकेका छौं । आज कम्प्यूटर संसार कै लागि एक अपरिहार्य वस्तु भइसकेको छ । जटिल कामहरु छिटो र भरपर्दो तरिकाले सम्पन्न गर्न सक्ने हुँदा कम्प्यूटरको प्रयोगमा व्यापकता आएको छ । कम्प्यूटरको आविष्कारले औद्योगिक क्रान्तिमा तीव्रता आएकोछ । प्रविधिका कारण मानवजाति शक्तिशाली हुन थालेको छ । कम समयमै मानिसहरुले पृथ्वीको एक भाग देखि अर्को भागमा कुरा गर्न सक्ने, विश्वमा घटेका विभिन्न घटनाहरु सुन्न र हेर्न सकिने, हाल खबरहरु चाहेको ठाउमा आदान प्रदान गर्न सक्ने आदि सुविधाहरुको कारण आज विश्व सानोछ जस्तो भान हुन थालि सकेको छ ।

आज नेपालमा पनि सरकारी कार्यालय, कारखाना, पसल, विद्यालय, बैंक र हाम्रो घर आगन सम्म पनि कम्प्यूटरको प्रयोग बढदै गइरहेको छ । प्रोफेसर, शिक्षक, विद्यार्थी, डाक्टर, इन्जिनियर, अनुसन्धानकर्ता, वैज्ञानिक, गणितज्ञ, प्रबन्धक निर्देशक, व्यापारी, उद्योगी, खेलाडी, कर्मचारी, जो सुकैलाई पनि आज कम्प्यूटर उपयोगी साधन कलम जस्तै हुन थालेको छ । त्यसैले त आज भोलि कम्प्यूटरलाई यूरोपतिर "Computer is Pen" भन्ने गरिन्छ । आज कम्प्यूटर सिर्जनात्मक एवं कल्पना शक्ति तिखार्ने एक सशक्त माध्यम सिद्ध भएको छ ।

सूचना प्रविधिलाई विभिन्न कामका लागि विभिन्न तरिकाबाट उपयोग गर्न सकिन्छ । कम्प्यूटरको प्रयोगबाट हुने सुविधाको उपभोग गर्ने संख्या दिन प्रति दिन बढदै गइरहेको छ ।इन्टरनेट सुविधा सम्पन्न ठाउँका मानिसहरु कतै कुनै समाचार, घटना विवरण सुन्ने वित्तिक्कै कम्प्यूटर खोल्न हतारिन्छन् - राजनीति, अर्थतन्त्र, खेलकूद, संस्कृति, कला, शिक्षा, विज्ञान, स्वास्थ्य, मानवअधिकार, इतिहास, कानून, वातावरण, समाज, पर्यटन, विकास, निर्माण, तथ्याङ्क, पुस्तक, पत्र पत्रिका, मनोरञ्जन, चलचित्र, संगीत, रोजगार, व्यापार, उद्योग, आदि प्रशस्त विवरण राखिएका वेवसाइटहरुबाट जानकारी प्राप्त गर्न । आज सूचना प्रविधि समाजमा मानिसको अभिन्न अंग बन्न पुगेको छ । रोजगारी र आफ्नो केरियर उच्च राख्न चाहनेहरुलाई कम्प्यूटर शिक्षा अपरिहार्य बन्न पुगेको छ ।

नेपालमा कम्प्यूटर आज भन्दा ३ दशक अघि भित्रिए पनि आज सम्म सोचे अनुरुप यसको विकास हुन सकेको छैन तर अहिले आएर नेपालमा सूचना प्रविधि प्रति आकर्षण बढदै गइरहेको छ । विश्व विद्यालयहरुले ICT संग सम्बन्धित स्नातक र स्नातकोत्तर तहको अध्ययन अध्यापन शुरु गरिसकेका छन् । शहर भित्र मात्र नभइ शहर बाहिर गाउँहरुमा समेत विद्यालयहरुमा ९।१० कक्षाहरुमा ऐच्छिक विषय कम्प्यूटर विज्ञानको पढाइ तर्फ आकर्षित हुदै गइ रहेका छन् । गाउँहरुमा समेत कम्प्यूटर प्रशिक्षण केन्द्र खुलेका छन् ।

कम्प्यूटर शिक्षालाई सर्व साधारणको आर्थिक पहुँचभित्र ल्याउनु पर्ने आजको आवश्यकता अनुरुप सञ्चालन भैरहेका शिक्षण संस्थाहरुमा उपलब्ध स्रोत र साधनहरुको अधिकतम प्रयोग गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT) द्वारा अधिराज्यका १५ जिल्लाका विद्यालयहरुमा (प्रत्येक विकास क्षेत्रमा ३।३ विद्यालय पर्ने गरी) थप प्राविधिक शिक्षा कार्यक्रम Annex कार्यक्रम सञ्चालन गरिएकोछ जसमध्ये ५ जिल्लाहरुमा (आदर्श मा.वि. विराटनगर, जनज्योति उ.मा.वि. लालवन्दी सर्लाही, जुद्ध मा.वि. गौर, त्रिभुवन मा.वि.कोहलपुर बांके र **वीरेन्द्र उ.मा.वि. शाहीलेक बैतडी**) सूचना प्रविधि विषयको प्रशिक्षण कार्य भै रहेको छ ।

आवश्यकता

- शीपयुक्त र दक्षजनशक्तिको माग देशभित्र तथा बाहिर दिन प्रतिदिन बढ्दै गइ रहेको छ ,
- प्रशिक्षणमा सहभागी हुन वञ्चित समुदाय, विपन्न वर्ग र महिलाहरुलाई प्राविधिक तालीमको अवसर सुलभ बनाउन ,
- शहरी क्षेत्रभित्र मात्र केन्द्रित भएका तालीमका अवसरहरुलाई गाउँमुखी बनाउन ,
- प्राविधिक तालीमलाई स्थानीय मागको आधारमा प्रदान गर्न ,
- रोजगारी र स्वरोजगारीको अवसरमा वृद्धि गर्न ।

प्रवेश प्रक्रिया

१. १५ महिने प्रविधि कोर्सको लागि एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका व्यक्तिहरुले आवेदन दिई प्रवेश परीक्षामा सम्मिलित हुन सक्छन् । प्रत्येक वर्ष एस.एल.सी. परीक्षाको नतिजा प्रकाशित भै सके पश्चात प्रवेश परीक्षाको लागि सूचना प्रकाशित गरिन्छ ।

२. प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरुबाट आवेदन फाराम र भर्ना सम्बन्धी जानकारी पुस्तिका प्राप्त गरी प्रवेश परीक्षाको पाठ्यक्रम र नमूना प्रश्न पत्रहरु बारे जानकारी प्राप्त गर्न सकिन्छ ।

३. विद्यालय द्वारा उपलब्ध गराइने आवेदन फारामसंग पासपोर्ट साइजको फोटो, एस.एल.सी. परीक्षा उत्तीर्ण गरेको प्रमाण पत्र, लब्धाङ्क पत्र, चारीत्रिक प्रमाण पत्र तथा नागरिकता प्रमाण पत्र को प्रतिलिपि संलग्न गर्नु पर्दछ ।

४. प्रवेश परीक्षामा न्यूनतम ३२ प्रतिशत अंक प्राप्त गर्ने परीक्षार्थीहरु मध्येबाट कोटा संख्याको २५ प्रतिशत अधिक संख्याको योग्यताक्रम नामावली प्रकाशित गर्ने गरिन्छ ।

५. योग्यता क्रमको सूचीमा १० प्रतिशत महिलाको नाम भर्नाको लागि छनौट गरिन्छ ।

६. १० प्रतिशत सीटमा गरीब तथा जेहेन्दार महिला तथा पिछीडिएका जनजातीहरु समेटिने गरी नि:शुल्क प्रशिक्षणको व्यवस्था गरिएको हुन्छ ।

परीक्षा प्रणाली :

१. अध्ययनरत प्रशिक्षार्थीहरुको न्यूनतम् कक्षा उपस्थिति ९० प्रतिशत हुनु आवश्यक हुन्छ ।

२. प्रशिक्षण अवधिभरि ३ वटा आन्तरिक मूल्याङ्कन हुन्छ ।

३. ४० प्रतिशत सैद्धान्तिक र ६० प्रतिशत प्रयोगात्मक प्रशिक्षण कार्य गर्ने गरिन्छ ।

४. एक वर्षको प्रशिक्षण कार्य सम्पन्न भै सके पश्चात ३ महिनाको ओ.जे.टी. कार्य गरिन्छ ।

५. प्रथम श्रेणीको लागि ७५ प्रतिशत , द्वितीय श्रेणीको लागि ६५ प्रतिशत अंक ल्याउनु पर्ने हुन्छ ।

प्रशिक्षण गरीने विषयहरू :

1. Fundamental of Computer Application - FCA
2. Safety Principles & Environment - SPE
3. Computer Programming - (Access, VB, SQL) - CP
4. Computer Base Management System - DBMS
5. Fundamental of Web & Graphic Design - FWGD
6. Fundamental of Computer Hardware - FCH
7. Networking Fundamentals (LAN,WAN,MAN) - NF
8. Fundamental of System Analysis & Design - FSAD
9. Communication Skill & Entreprenuership - CSE

नारी शिक्षा : आजको आवश्यकता

ध्रुवबहादुर चन्द

नारी र पुरुष समाजका दुई महत्वपूर्ण अङ्ग हुन् । त्यसैले यी दुईलाई एक रथका दुई पाङ्ग्राको उपमा दिने चलन पनि छँदैछ । नारी शक्तिको उपेक्षा गरेर समाजको उन्नति कदापि हुन सक्दैन । समाज एवं देशको समानुपातिक विकासमा नारीको भूमिकालाई कम महत्वको हुन्छ भन्नु नारीको महत्व नबुझ्नु हो । यहाँ "मलाई एक शिक्षित आमा देऊ, म तिमीलाई एक विकसित राष्ट्र दिन्छु । " भन्ने नेपोलियन बोनापार्टको उक्ति मननीय र स्मरणीय छ । शिक्षित नारीबाट हामीले निकै महत्वपूर्ण कार्य गर्न सक्छौ । अझ हाम्रो जस्तो विकासोन्मुख मुलुकमा त शिक्षित आमा वा नारीबाट भविष्यका कर्णधारहरुको भाग्यरेखा कोरिन सक्छ । पढेलेखेका आमाहरुले घरका हरेक क्रियाकलापमा शिक्षाको ज्योति छर्न सक्छन् । घरको सरसफाइ देखि लिएरखानपिनमा हेरचाह गर्नुका साथै आफ्ना सन्तान र घरपरिवारका हरेक कार्यमा उनको उचित निर्देशन हुन्छ । उनको काम गराइ, बोलीचाली र व्यवहारमा शिक्षाको ज्योति चम्किएको हुन्छ भने उनका चालचलनमा विधाको टलक झल्किएको हुन्छ ।

अशिक्षित आमा घरमा हुनाले उनको परिवारले शिक्षाको मार्ग अवलम्बन गर्न कठिन हुन्छ । उनलाई आफ्नो सन्ततिको भविष्य निर्माण गर्न निकै असजिलो पर्दछ । योग्य आमाले जीवनका कठिनाइहरु पन्छाउन सक्दछिन् र समस्याहरुलाई सहजै समाधान गर्न समर्थ हुन्छिन् । शिक्षाले मानिसलाई जीवनका प्रत्येक पाइलामा सहायता पुऱ्याइ राखेको हुन्छ । अज्ञानता वा अशिक्षाबाट हामी दिनानुदिन अवनतिको खाडलमा खस्न पुग्दछौ भने शिक्षाले सदा उन्नति पथमा लम्कन सफल बनाउदछ । शिक्षित नारीले समाजको उन्नतिमा सहयोगका हात बढाउँछिन । उनको शिक्षित मानसिकताबाट सिजित कलाले हाम्रो समाज सिगारिन सक्छ । उनको बौद्धिक कसरतबाट भोली राष्ट्रमा विकासका लहरहरु उर्लिन सक्छन् । त्यसैले नारी शिक्षा आजको युगीन अपरिहार्यता हो , आजको अनिवार्यता हो । नारी शिक्षाको ज्योतिबाट वञ्चित भएको खण्डमा समाजको एक अङ्ग कमजोर बन्दछ । अपाङ्ग समाजको उन्नतिको परिकल्पना कदापि साकार हुन सक्दैन । यसै समाजको सर्वाङ्गीण विकासका लागि पनि नारी शिक्षाको आवश्यकता प्रमाणित हुन पुग्दछ ।

आजको युग प्रतिस्पर्धाको युग हो । समयको गति सँगै विकास निर्माण र उन्नति-प्रगतिको निमित्त नारी र पुरुषको समान दायित्व रहेको हुन्छ । पुरुषले मात्रै आजको युगका सम्पूर्ण समस्याहरु समाधान गर्नु असम्भव जस्तै भइसकेका हुँदा नारी शिक्षाको माध्यमबाट मात्र यी सम्पूर्ण समस्याहरुको निदान हुने देखिन्छ । साथै आजको समाजमा देखा परेका नराम्रा कार्यहरुको निवारणमा पनि नारीहरुको सोचाइको आवश्यकता परेको छ । नारीले कुनै पनि समस्याको समाधानमा दया,माया,स्नेह,सदभाव र सहानुभूति जस्ता प्रवृति तथा गुणहरुको उपयोग गरी व्यक्ति वा समाजमा नकारात्मक असर विना उसको चरित्रमा सुधार गर्न समर्थ हुन्छन् ।

शिक्षित नारी भनेका कुनै पनि घरका दीपज्योति हुन र आँखाका नानी हुन । उनीहरुका क्रियाकलापले दीपज्योतिले अन्धकारलाई हटाएर प्रकाशमय बनाए जस्तै आफ्नो घरमा शिक्षाको उज्यालो प्रकाशले सबै परिवारका सदस्यहरुको हृदयका अज्ञानतालाई हटाउन समर्थ हुन्छन् । त्यसैले नारीलाई अशिक्षाको अँध्यारोमा लुकाउनु भनेको उनको परिवारको भविष्यलाई अँध्यारो खाल्टामा हालि दिनु हो । अत : सम्पूर्ण अभिभावकहरुले आफ्ना सन्तति या कुनै भेदभाव नगरी शिक्षाको अवसर प्रदान गर्नु आजको आवश्यकता हो ।

आधा आकाश ढाक्ने महिला जातिलाई हामीले शिक्षाको उज्यालो घामबाट वञ्चित राख्नु हुँदैन । समाजको सर्वाङ्गिण विकासको लागि आज नारी शिक्षाको आवश्यकता टड्कारो रुपमा महसूस भै रहेको छ । त्यसैले नारीलाई शिक्षाको उचित अवसर प्रदान गरी राष्ट्रनिर्माणमा नारी वर्गको सहभागिता जुटाउनु आज अत्यन्तै जरुरी भइ सकेको छ ।

- श्री ध्रुव बहादुर चन्द श्री वीरेन्द्र उ.मा.वि. शाहीलेकमा शिक्षक हुनु हुन्छ

गुणस्तरीय शिक्षा र विद्यमान समस्याहरू

ईश्वरदत्त भट्ट

आज शिक्षासंग सरोकार राख्ने सबै पक्षहरुबाट शिक्षाको गुणस्तरमा प्रश्न चिन्ह लाग्न थालेको छ । विद्यालय निकम्मा छन् , शिक्षक निकम्मा छन् । विद्यार्थीहरु यस्ताछन्, अभिभावकहरु उस्ता छन् आदि किसिमका आरोप प्रत्यारोपहरु लगायतका एक अर्कोलाई दोस्याउने कार्य जताततैबाट भएको पाइन्छ तर यसमा दोषी को र यसका पछाडी रहेका कारक तत्वहरु, समस्याहरु के के हुन भन्ने विषयमा यहाँ सानो चर्चा गर्न खोजिएको छ ।

शिक्षा के हो त ?

शिक्षाको अंग्रेजी शब्द Education हो जुन लेटिन भाषाको Educatum / Educere बाट लिइएको हो जसको अर्थ बालकको अन्तरनिहित प्रतिभालाई बाहिर निकाल्नु वा प्रस्फुटित गराउनु हुन्छ । विभिन्न शिक्षा विदहरुले शिक्षाको परिभाषा आ-आफ्नै ढंगबाट दिएता पनि समग्रमा हेर्दा "शिक्षा एउटा प्रक्रिया हो, जीवनको तयारी हो, व्यक्तिमा भएको सम्पूर्णताको पहिचान हो । शिक्षाले नै व्यक्तिमा स्वस्थ मस्तिष्कको विकास गराई उसमा भएको अन्तरनिहित शक्तिलाई बाहिर प्रस्फूटित गराई यस भौतिक तथा सामाजिक वातावरणमा सरलता पूर्वक बाच्न सक्षम तुल्याउछ ।"

गुणस्तर के ?

उपरोक्त परिभाषाले केहि कुरा अन्यौलमा राखी छोडेको छ । ती के भने एउटा बालक भित्र के कति र कस्ता अन्तरनिहित प्रतिभाहरु हुने ? प्रस्फूटन भएका प्रतिभाहरुको स्वरुप कस्तो हुने ? यसको जीवनको तयारी के हुनु पर्ने र कस्तो भई राखेको छ ? आदि आदि । अब हामी एक छिन सोचौ के यी प्रश्नहरुको जवाफ ठोस शब्दमा दिन सकिन्छ ? के सबै व्यक्तिबाट यसको एउटै जवाफ आउछ ? सायद आउन सक्दैन होला । किनकि यो एउटा मनोवैज्ञानिक प्रश्न हो । जस्तो उदाहरणको लागि एउटा योगी संन्यासीले आफ्नो जीवनशैलीलाई उत्तम जीवनशैली भन्ने गर्छन् भने तिनका आलोचकहरुले तिनलाई गृहस्थ जीवन सफल पार्न नसकेका , कर्मशक्ति नभएका आलस्य व्यक्तिको संज्ञा दिने गर्छन् । त्यस्तै चोर डाकूहरुले पनि आफ्नो कार्यलाई राम्रै कार्य हो भनी आफ्नो कार्यको अवहेलना कहिले गर्दैनन् । अर्को शब्दमा एउटा विनाशकारी बमको उपज पनि शिक्षाबाट नै भएको हो र त्यस्तै जीवनदान दिने संजवनी (औषधि) को उपज पनि शिक्षाबाट नै भएको हो । शिक्षाले नै साधु सन्त वैज्ञानिक, साहित्यकार, खेलाडी, बदमास फटाहा आदि व्यक्तित्वहरुको सृजना गर्दछ । सबै आ-आफ्नो कार्यक्षेत्रको लागि गुणस्तरीय हुन सक्छ । प्रत्येक व्यक्तिमा आ-आफ्नै प्रकारको दर्शन हुन्छ । कुनै कुराको मूल्याङ्कन गर्दा आ-आफ्नो दृष्टिकोण हुन्छ । हेराईको दृष्टिोण फरक फरक हुन्छ जसको मनोवैज्ञानिक ढंगबाट मात्र विश्लेषण गरिन्छ । अर्थात जसलाई मापन गर्न भौतिक तराजु र भौतिक एकाई प्रयोग गर्न सकिदैन ।

एउटा बालकलाई शिक्षाका मूल धारमा लैजान शिक्षाका राष्ट्रिय लक्ष्य / उद्देश्यहरुलाई पूरा हुन सक्ने किसिमले पाठ्यक्रम र पाठ्यपुस्तकहरु तयार गरिएका हुन्छन् । यीनै विषयवस्तु सम्बन्धि ज्ञानलाई विद्यालयले आफ्नो लक्षित समूह (विद्यार्थी) सम्म विभिन्न शैक्षिणिक प्रक्रियाहरुको माध्यमबाट पुऱ्याउछ । जसलाई औपचारिक शिक्षाको संज्ञा दिइन्छ । अर्को तिर बालकले घर परिवार, समाज, संघ संस्था, साथी समूह, पत्र

पत्रिका, विभिन्न सञ्चार माध्यमहरु आदिबाट पनि अनौपचारिक र अनियमित ढंगले शिक्षा आर्जन गरिराखेको हुन्छ । अर्थात एउटा बालक एउटै समयमा विभिन्न निकायहरुबाट शिक्षा आर्जन गरिराखेको हुन्छ । शिक्षाका असंख्यधारहरु (stream) मध्ये कुनै बालक एउटै धारमा तिव्र गतिले अगाडी बढी राखेको हुन्छ भने कुनै एउटै चोटी थुप्रै धारहरुमा विस्तारै समान रुपमा अगाडी बढने प्रयास गरिराखेको हुन्छ ।

आज सम्पूर्ण विश्वले शिक्षालाई मानिसको आधारभूत आवश्यकता (गास, वास र कपास) सँगै गास्नखोजेकोछ । प्राथमिक तहको शिक्षालाई अनिवार्य निशुल्क र सर्वसुलभ बनाउन "सबैका लागि शिक्षा" (Education for all) भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु तर्जुमागरी यसमा ठूलो लगानी पनि लगाउदै आएका छन् । नेपालको शिक्षाको दशौं योजनाले पनि सबैका लागि शिक्षा भन्ने कुरामा जोड दिएको छ । बालबालिकाहरुको शारीरिक, मानसिक र वौद्धिक क्षमतामा भिन्नता पाइन्छ । सबैले समान स्तरकले अगाडी बढन सक्दैन । एकातिर सबैका लागि शिक्षा र अर्कोतिर सबैमा समान स्तर यो विरोधाभाषिय छ र चुनौतिपूर्ण कार्य हुन आउछ ।

एउटा शिक्षण संस्था भित्र उत्कृष्ठ देखिएको विद्यार्थी अर्को शिक्षण संस्थामा जादा कमजोर पनि साबित हुन सक्छ । के उक्त वालकको उपलब्धी भएको गुणस्तर अर्को संस्था भित्र प्रवेश गर्दैमा खस्केकै हो त ? सायद यसैले होला एउटा राष्ट्रले आफ्नो भित्रका वा बाहिरका विभिन्न शिक्षण संस्थाहरुलाई कुनै एउटा शिक्षण संस्था संग समकक्षता (Equivalent) सूचि कायम गरेको ।

उपरोक्त चर्चाको आधारमा समग्रमा के भन्न सकिन्छ भने गुणस्तरको कुनै ठोस परिभाषा छैन । र कुनै निर्धारित सीमा छैन । र मापनको लागि भौतिक तराजु तथा इकाइ छैन । अर्थात गुणस्तरीय शिक्षा एक तुलनात्मक (Compretive) शब्द हो, माप हो तै पनि शिक्षा मनोवैज्ञानिकहरुले यसलाई मापन गर्न केही मानांक (norms) र साधन (means) तयार गरी मापन गर्ने गर्दछन् । गुणस्तरलाई मापनका केही प्रमुख आधारहरु निम्नानुसार कोट्याउन सकिन्छ ।

गुणस्तर मापनका आधार के ?

१. प्रत्येक राष्ट्र वा स्वायत्त शैक्षिक संस्थाले शिक्षाका राष्ट्रिय लक्ष्य / उद्देश्यहरु निर्धारित गरी ती उद्देश्यहरुलाई शैक्षिक कार्यक्रमहरुका मार्फत लक्षित समूहमा पुऱ्याउने प्रयास गरेको हुन्छ । प्राप्त उपलब्धीहरुलाई मूल्याङ्कनका साधनहरु (विभिन्न किसिमका परीक्षाहरु) बाट मापन गरी कार्यक्रमको सफलता। असफलता छुट्टयाउने गरिन्छ । मूल्याङ्कनको नतिजा राम्रो देखिएमा गुणस्तर कायम भएको र नतिजा राम्रो नभएमा गुणस्तर निम्न रहेको भन्ने गरिन्छ ।

२. शिक्षा एक पद्धति हो । यसमा उद्देश्य, विद्यार्थी, शिक्षक, भौतिक सामग्री र अर्थ लगानी (input) को रुपमा हुन्छन् र यसमा लगानीकर्ता राष्ट्र, विदेशी संघ सस्था, विद्यालय , समाज र अभिभावक हुन । यी सबैले आफ्नो लगानीको सकारात्मक प्रतिफल (out put) बढी वा घटी के छ सो को हिसाब गरी यसलाई नाफा वा नोक्सानको व्यापारको रुपमा पनि हेर्ने गरिन्छ । गणितीय सिद्धान्त अनुसार Input = Output हुनु पर्छ ।


३. कुनै एउटा शिक्षा पद्धति वा शिक्षण संस्थाबाट कुनै तहमा सफलता हासिल गरी माथिल्लो तहको शिक्षाको लागि वा कुनै सेवामा प्रवेश गर्न पार गर्नु पर्ने खुटकीला (Entrence exam) मा देखिएको सफलता । असफलताको आकलनबाट ।

४. चालु शिक्षा पद्धतिले सिङ्गो राष्ट्र , समाज वा व्यक्तिको विकासमा के कति योगदान दिन सक्यो, विकास परिवर्तनको दर के रऽयो ? सो आकलन गरेर ।

५. पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाई उपलब्धिहरु कक्षाकोठाको शिक्षण पश्चात विद्यार्थीमा के कति उपलब्धिहरु हासिल गराउन सकियो वा सिकाई प्रभावकारी भयो वा भएन भनि गरिने मूल्याङ्कनको नतिजाबाट ।

गुणस्तरलाई प्रभावित के ले गर्छ ?

गुणस्तर मापन गर्न लगानी र प्रतिफलको तुलना गर्ने एउटा उपाय खोज्यौ तर सधै लगानी राम्रो हुदैमा गुणस्तर पनि राम्रो नआउन सक्छ । यस्तो अवस्थामा प्रक्रियागत त्रुटी भएको भन्न सकिन्छ । लगानीको संगसंगै प्रक्रिया पनि राम्रो भएमा मात्रै राम्रो गुणस्तर आउन सक्ने हुन्छ । प्रक्रियालाई सुदृढ पार्न प्रयाप्त लगानी, उपयुक्त नीति नियम, कुसल नेतृत्व, दक्ष जनशक्ति र सबै पक्षहरु बिचको आपसी सहयोग र सद्भावको आवश्यकता पर्ने हुन्छ । शैक्षिक प्रक्रिया अन्तरगत व्यवस्थापन, कार्यक्रमहरुको योजना तथा कार्यान्वयन, निरन्तर मूल्याङ्कन र शिक्षक अभिभावक र विद्यालर्थीहरुको संलग्नता आदि कुराहरु पर्दछन् । शिक्षाका थुप्रै साधन /निकाय (Agencies) हरु भए पनि विद्यालय नै औपचारिक शिक्षाको सशक्त निकाय हो । जसको स्वरुप त्रिपक्षीय सम्बन्धबाट निर्माण भएको हुन्छ ।



विद्यालय आफैमा एक नीर्जिव वस्तु भए पनि यसलाई जीवनता दिने काम यही त्रीपक्षीय सम्बन्धबाट कायम भएको हुन्छ । यी तीनै पक्षहरु मध्ये एउटा पक्षको मात्र पनि विद्यालयसंगको दुरी बढेमा विद्यालय अपाङ्ग र अस्वस्थ हुन पुग्छ यसको कार्य क्षमता ह्रास भई गुणस्तर खस्कने हुन्छ ।

शिक्षा र समाज एक सिक्काका दुई पाटाहुन, एक रथका दुई पाङग्रा हुन । जुन एक अर्कोबाट छुट्टीएर रहन सक्दैनन् र एक विना अर्कोको विकासअवरुद्ध हुन्छ । यी दुबै समान गतिमा अगाडी बढेका हुन्छन् । जब सम्म शिक्षाको विकास तथा गुणस्तर राम्रो हुदैन समाजको विकास पनि अवरुद्ध हुने र समाजको विकास नहुन सके सम्म शिक्षाको विकास नहुने अथवा गुणस्तर वृद्धि नहुन सक्छ ।

समस्या के त ?

शिक्षाको गुणस्तरलाई कमजोर पार्ने थुप्रै कारक तत्वहरु र समस्याहरु छन् । जसले गुणस्तरलाई वृद्धि गर्न बाधा पुऱ्याएका छन् । ती सबैलाई निम्नानुसार प्रस्तुत गरिएकोछ ।

१. शिक्षाको राष्ट्रिय उद्देश्य तथा पाठ्क्रम :-

- शिक्षाको राष्ट्रिय उद्देश्यहरु र हाम्रो सामाजिक जीवन स्तरको बिचमा ठूलो खाडल (gap) रहेको देखिन्छ । अर्थात शिक्षाका राष्ट्रिय नीति अनुरुप तयार गरिएको पाठ्यक्रमले राष्ट्रिय उद्देश्यलाईपुरा गर्न नसकेको जस्तो देखिन्छ ।
- बहुभाषिक / बहुजातीय र भौगोलिक विकटता भएको देशमा पुरै देश भरी एउटै ढाचाको पाठ्यक्रम कार्यान्वयन हुन पनि त्यति वैज्ञानिक छ भन्न सकिदैन ।
- शिक्षाका राष्ट्रिय नीति नियमहरुमा चाडो चाडो भएका हेरफेरहरुले पनि शैक्षिक कार्यक्रमहरुको गतिलाई शिथिलता पुऱ्याएको छ ।
- विद्यालयहरुलाई सार्वजनिक, सामुदायिक र नीजि गरी ३ किसिममा विभाजन गरिएको छ । जसले शिक्षालाई व्यापारीकरण गरेको छ । जसले समाजलाई दुई वर्गमा विभाजन गरिदिएको छ । haves (साधन सम्पन्न) have not (साधन विपन्न)

ख. विद्यालय :-

- आ.प्रा.शि.प. को योजना भित्र परेका केही प्राथमिक विद्यालयहरु बाहेक अन्य सबै विद्यालयहरुको भौतिक साधन स्रोतको व्यवस्था मिलाउने काम समुदाय कै जिम्मा छ जुन बोझ उठाउन समुदाय सक्षम छैनन् ।
- अधिकांश विद्यालयहरुमा कक्षा कोठा नै छैनन् । भएका मध्ये पनि कतिमा प्रकाशको प्रयाप्तता, जाडो र गर्मीबाट बचाउन सक्ने खालका छैनन् ।
- विद्यालयहरुमा शौचालय, पिउने पानी, विजुलीबत्ती, सञ्चार सुविधा आदिको अभाव छ ।
- कक्षाकोठाहरुमा फर्निचरको अभाव छ । एउटै बेञ्चमा धेरै बालबालिकाहरु कोच्चिएर बस्नु पर्ने वाध्यता छ । शिक्षकले आफुले चाहे अनुसारको कक्षाकोठा व्यवस्थापन गरी सो अनुार शिक्षण विधि तथा क्रियाकलापहरु छनौट गर्न सकि राखेका छैनन् ।
- अधिकांश विद्यालयहरुमा प्रायः हिउदमा बाहिर चौरमा सञ्चालन गरिएका हुन्छन् । जहाँ शिक्षण प्रभावकारी हुन सक्दैन ।
- अधिकांश विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको अभाव छ । भएका शैक्षिक सामग्रीहरु पनि शिक्षकहरुले तालीमको अभाव वा अन्य कारणले प्रयोगमा ल्याउन सकिराखेका छैनन् ।
- कम मूल्यका शैक्षिक सामग्रीहरुको निर्माण गर्ने सीप तथा कार्यशालाहरुको अभाव छ । केही निर्माण गरिए पनि तीनलाई पुनः प्रयोग गर्न उचित सम्भार तथा भण्डारणको अभाव छ ।
- शैक्षिक सामग्रीहरुको विकास गर्न आर्थिक स्रोतहरुको अभाव छ ।
- प्रयोगात्मक विषयहरुमा शैक्षिक साग्रीहरुको अभावका कारण प्रयोगात्मक परीक्षा पनि सैद्धान्तिक आधारमा नै गरिन्छ । जस्तो राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को मध्यावधि मूल्याङ्नको प्रतिवेदनमा भनिएको थियो "व्यावसायिक लेखा पढने विद्यार्थीहरुले टाइपराइटर नै नदेखि टाइपिङमा उत्कृष्ट अंक ल्याएको देखिन्छ । " त्यस्तै विज्ञान प्रयोगात्मक परीक्षामा टेस्ट टयुव नदेखेका विद्यार्थीहरुले पनि राम्रो अंक ल्याएका हुन्छन् ।
- शैक्षिक सामग्रीको अभावमा शिक्षणलाई रुचीकर र दिगो बनाउन सकिदैन ।

- विद्यालय व्यवस्थापन पक्षमा प्र.अ. तथा अन्य प्रशासनिक कर्मचारीहरुमा नेतृत्व, व्यवस्थापन तथा अन्य तालीमहरुको अभाव छ।
- अधिकांस विद्यालयहरुमा पुस्तकालयको नाउमा एउटा पुस्तक पनि छैनन्। पुस्तकालय भए पनि त्यहां उपयोगी पुस्तकहरु छैनन्। सबै विद्यार्थीहरुका लागि अप्रयाप्त छन्।
- पुस्तकालयलाई व्यवस्थित गर्न र नियमित रुपमा विद्यार्थी शिक्षकहरुका बीच वितरित गर्न आवश्यक जनशक्तिको खाचो छ। विद्यालयले आफ्नै स्रोतबाट परिचालन गर्न सक्ने स्थिति छैन।
- विद्यालयमा दैनिक तथा अन्य पत्रपत्रिकाहरुको अभाव छ।
- दुर्गम ग्रामीण क्षेत्रहरुमा रेडियो बाहेक अन्य सञ्चार माध्यमहरु समस्याग्रस्त अवस्थामा छन्।
- अधिकांस विद्यालयहरुले आफ्नो वार्षिक कार्य तालीका र कार्य योजनाहरु बनाउन सकेका हुदैनन्।
- एउटै कक्षामा ५०-१०० विद्यार्थीहरु पनि राखेर पढाउनु पर्ने अवस्था छ।
- ज्यादै कमजोर र ज्यादै राम्रा (उत्कृष्ठ) विद्यार्थीहरुलाई एउटै कक्षामा राखेर संगै पढाउनु पर्ने बाध्यता छ।
- विद्यालय वा जि.शि.का. आदि ठाउँबाट गरीने सुपरिवेक्षण / नीरिक्षणहरु प्राय शून्य अवस्थामा छन्।

ग. शिक्षक

- कतिपय विद्यालयमा एउटा शिक्षकले दिन भरीका सबै घण्टी र बहुकक्षा शिक्षण पनि गर्नु पर्ने भएको छ। अर्थात विद्यालयमा शिक्षक दरवन्दी न्यून छ। शिक्षकहरुको कार्य बोझ बढी छ।
- आधा भन्दा बढी शिक्षकहरु तालीम अप्राप्त छन्।
- प्राथमिकम तह बाहेक अन्य तहमा सेवारत शिक्षकहरुका लागि लामो तालीम (एक वर्षे) को व्यवस्था गरिएको छैन। छोटो तालीमको व्यवस्था पनि ज्यादैन्यून छ।
- तालीम पाएका शिक्षकहरुको पेशागत दक्षता के कति भयो भनि हेर्न सुपरिवेक्षण / अनुगमनको व्यवस्था गरिएको छैन।
- तालीमलाई पेशागत दक्षता प्राप्त गर्ने साधनको रुपमा लिइ शिक्षण पेशामा प्रवेश गर्ने साधनको रुपमा मात्र प्रयोग गरेको जसतो अनुमान गर्न सकिन्छ। (अध्यापन अनुमति प्राप्त गर्ने साधन)
- विद्यालय व्यवस्थापनका विभिन्न समस्याहरुका कारण शिक्षकहरुले तालीमलाई कक्षा कोठा(लक्षीत समूह) सम्म पुऱ्याउन सकिरहेका छैनन्। अर्थात कक्षा कोठा भित्रको शिक्षण विधि पुरानै अवस्थामा छ।
- शिक्षकहरु शिक्षण कार्य भन्दा आफ्नो पेशागत हक हितका समस्याहरुमा बढी अल्झीएका छन्।

ग. विद्यार्थी

- विद्यार्थीहरुमा विषय वस्तु प्रतिको प्रेरणा , उत्साह, हौसला र मेहनतको अभाव छ। उनीहरुमा रुचि तथा आत्म विश्वासको अभाव छ अर्थात उनीहरु आफ्नो पढाइ प्रति चिन्तित देखिदैनन्। आफ्ना समस्याहरुलाई कक्षामा सोझ झिझक मानिराखेका हुन्छन्।
- उनीहरुमा लज्जार आफुलाई कमजोर ठान्ने भावनाको विकास भएको छ।

- गृह कार्य प्राय : थोरै विद्यार्थीहरुले मात्र गरेको पाइन्छ ।
- कक्षा साइज ठूलो हुनका कारण विद्यार्थीका गृहकार्यहरुलाई शिक्षकहरुले कक्षामा हेर्न तथा गल्ती सुधार गर्न सकिराखेका हुदैनन् । यसले विद्यार्थीहरुमा गृह कार्य गर्नु नगर्नु एउटै हो भन्ने भावनाको विकास भएको पाइन्छ ।
- अधिकांस विद्यार्थीहरुमा नि.मा.वि. तह देखि नै आवश्यक पूर्वज्ञानको अभाव देखिन्छ ।
- अधिकांस विद्यार्थीहरुमा अनुशासनको कमी पाइन्छ । कक्षामा शिक्षण समग्री विना आएका हुन्छन् । अर्थात यीनीहरु विद्यालय आउदा हातमा एउटा दुइटा कापी मात्र ल्याएर आएका हुन्छन् ।
- खेल तथा टी.भी. आदिले विद्यार्थीहरुको पढाईलाई निकै वाधा पुऱ्याएको छ ।

घ. अभिभावक

आर्थिक र भौतिक साधन स्रोतमा पिछडिएको यो क्षेत्र शैक्षिक गतिविधिमा पनि निकै पछाडी छ यस बैतडी जिल्लाको कुल साक्षरता दर ५१.५ प्रतिशत भए पनि पुष र महिला साक्षरता बीचको फरक ३८.७ प्रतिशतले भएको हुदा यहाँका महिलाहरु शिक्षामा धेरै पछाडी छन् त्यसैले यहाँका अभिभावकहरुले

⇒ अधिकांस अभिभावकहरुमा शिक्षाको चेतनाको अभाव छ । उनीहरुवालमनोविज्ञान सित अनभिज्ञ छन् उनीहरुले आफ्नो बालबालिकाहरुलाई या त अति नै छाडा प्रवृतिमा खुला छोडी दिएको हुन्छन् या कडा नियन्त्रणको घेरा भित्र राखेका हुन्छन् ।

⇒ अशिक्षित अभिभावकहरुले आफ्नो बालकलाई चाहिने सबै शिक्षण सामग्रीहरु जुटाउन सकेका हुदैन र उनीहरुको पढाईको लागि घरमा तथा घर बाहिर उपयुक्त शिक्षण वातावरण स्थापित गर्न सकेको हुदैनन् ।

⇒ गुणात्मक शिक्षा भन्दा संख्यात्मक शिक्षामा बढी ध्यान पुऱ्याएका हुन्छन् । अर्थात जसरी भए पनि कुनै वा कक्षालाई वा तहलाई पार गरेको चाहन्छन् ।

⇒ धेरै जसो घरमा बालबालिकाहरुको लागि घरधन्दाको कार्य बोझ भएको पाइन्छ ।

⇒ अशिक्षित अभिभावकहरु आफ्नो बालबालिकाको शैक्षिक गुणात्मक वा सिकाई के कस्तो रुपमा गइ राखेको छ । ऊ घरमा वा विद्यालयमा काम गर्छ गर्दैन भनी मूल्याङ्कन गर्न सक्ने क्षमता हुदैन ।

⇒ कतिपय गरीव परिवारका बालबालिकाहरुलाई बिहान बेलुका के खाने भन्ने कुराको पनि चिन्ता भइ राखेको हुन्छ ।

⇒ अभिभावकहरु आफ्नै घर व्यवहारको काममा व्यस्त हुन्छन् । उनिहरुले आफ्नो बालबालिकाको पढाइ तथा अन्य पक्षकोबारेमा कुराकानी गर्न फुर्सद हुदैन ।

ङ मूल्याङ्कन

- निरन्तर मूल्याङ्कनको अभाव छ ।
- वर्षको एक वा दुइ चोटी मात्र मूल्याङ्कन गरी कक्षा उकाल्ने परिपाटीले गर्दा मूल्याङ्कनके विश्वसनीयता तथा वैधता प्रति शंका उत्पन्न गरिएको छ ।
- मूल्याङ्कनका उपउक्त साधनहरुको छनौट र प्रयोग भइरहेको छैन ।
- कक्षोन्नतिका नीतिगत नियमहरु व्यावहारिक छैन वा कहिले काही कुनै विद्यार्थी कक्षा ४, ५ देखि नै प्रत्येक वर्ष एउटै विषयमा फेल भइ कृपाङ्क (प्रमोशन) मा परी माथिल्लो कक्षा सम्म पुगेको हुन्छ ।

- एउटै कोठामा थुप्रै परीक्षार्थी राखी परीक्षा लिइन्छ । उत्तर पुस्तिकाहरुको जाँच सही ढंगले गरिएकोहुदैन
- कहिले काही परीक्षामा अभिभावक तथा बाहिर पक्षहरुको हस्तक्षेप देखन्छ ।
- परीक्षामा नक्कल बढी हुन्छ ।
- अधिकांस अभिभावकहरु परीक्षाको समय वा परीक्षा पछि आफ्नो बालबालिकाको प्रगतिको बारेमा जानकारी लिन विद्यालयमा आउने गर्नु हुन्छ ।

समस्याका समाधान के त ?

माथि थुप्रै समस्याहरु औल्याइए तर सबै विद्यालयहरुमा यी सबै समस्याहरु विद्यमान छ भन्न खोजेको चाहि होइन । कुनै ठाउमा समस्याहरु बढी होलान भने कुनै ठाउमा कम समस्याहरु तर समस्या नै नभएको विद्यालय / संस्था सायदै होला । कुरा यति मात्रै हो कि बढी समस्याग्रस्त (सिकिस्त विमारी) र कम समस्याग्रस्त (सामान्य विमारी) तर विमारी सर्वत्र नै फैलिएकै छ ।

शिक्षा भनेको एउटा पीडबाट अर्को पीडिमा हस्तान्तरण गर्ने वस्तु हो । लगानीहरुको थुप्रो हो । हामी यसलाई साना बालकहरुमा हस्तान्तरण गर्न, भण्डारण गर्न खोजी रहेकाछौ । हाम्रो शिक्षा पद्धतिमा जे जति पनि काम भइ राखेको छ सबै चाल्नो रुपी भाडोमा भइराखेको छ । जस्तै चाल्नोमा कुनै वस्तु पनि भण्डारण गर्न सकिदैन । माथि केलाइएका वा केलाउन बाकी रहेका समस्याहरु चाल्नोका प्वालहरु हुन । ठाउ परिस्थिति अनुसार चाल्नोको कुनै प्वाल ठूला र कुनै साना होलान् । ठूला प्वाल र भासिन लागेका प्वालहरुलाई ठूलो प्वालमा परिणित हुन नदिन समयमै उपचार गर्नु पर्ने हुन्छ । चाल्नोमा तरल वस्तु भन्दा ठोस वस्तु भण्डारण गर्न केहि सरल भए जस्तै हाम्रा शिक्षा नीति र कार्यक्रमहरु ठोस बनाउनु पर्ने हुन्छ । यसको जिम्मेवारी कुनै एक पक्षले मात्र लिन सक्दैन । लिन चाहे पनि सम्भव र सफल हुन सकिदैन । प्रत्येक लगानी कर्ताहरुले आ-आफ्नो लगानीलाई खेर जान नदिन तथा त्यसबाट अत्यधिक उपलब्धीहरु प्राप्त गर्न आ-आफ्ना पक्षका कमजोरीहरु हटाएर सबैले एक जुट भइ हातेमालो बनाइ काम गरेमा अवश्य पनि शिक्षाको गरणस्तरलाई माथि उठाउन सकिने छ । ●


Chat Shortcut Message

While chatting , if we want to show our feeling and expressions, we must know how to use the expressions code . It is necessary to use shortcut keystroke which represents a facial expression and to save time . Some of commonly used symbolic expressions and their meaning are given ;

4ever - Foreever	AFAIK - As Far As I Know	
ASAP - As Soon As Possible	B4 - Before	
DGT - Don't Go There	EOM - End Of Message	BBN - Bye Bye Now
EYI - For Your Information	G2H - Go To Hell	F2F - Face To Face
IDGI - I Don't Get It	IOW - In Other Words	IRL - In Real Life
IDK - I Don't Know	G2SY - Glad To See Ya	



जागीरै नभए के भयो र, माया त छैदै छ नि -अवकास प्राप्त शि. घनानन्द भट्ट



विद्यालयको एक विहंगम दृश्य




निर्माणाधिन भवनको निरीक्षण गर्दै वा.नं. १ का अध्यक्ष श्री किसनसिंह ठगुन्ना



४८ औं वार्षिकोत्सव समारोहमा झण्डोतोलन गर्नुहुँदै प्र.जि.अ. श्री परसुराम अर्याल



विदाई समारोहपछि स्टाफबीच भावपूर्ण मुद्रामा पूर्व प्र.अ. श्री गणेशबहादुर चन्द




महिला फिडर छात्रावास- एक विहंगम दृश्य



अष्ट्रेलियायी स्वयं सेवक बेन्जामिन मुनरोलाई सम्मानीत गर्नु हुँदै प्राचार्य



४८ औं वार्षिकोत्सव समारोहमा प्रतिवेदन प्रस्तुत गर्नु हुँदै प्राचार्य



वार्षिकोत्सव समारोहको एक विहंगम दृश्य



पुरस्कार वितरण गर्नुहुँदै समितिका पूर्व अध्यक्ष श्री मोहनचन्द्र गडकोटी



विदाई समारोहमा भावपूर्ण मन्तव्य दिनुहुँदै पूर्व प्र.अ. श्री गणेशबहादुर चन्द



विद्यार्थीहरुलाई नैतिक प्रवचन दिनुहुँदै प्राचार्य श्री दिल्लीराज लेखक




सांस्कृतिक कार्यक्रमको एक झलक



विहानको उपस्थितिका लागि प्राङ्गणमा पंक्तिवद्ध विद्यार्थीहरु



विद्यार्थी एवं शिक्षक शिक्षीका




उच्च माध्यमिक कक्षाको उद्घाटन गर्नुहुँदै पूर्व प्र.अ. श्री गणेशदत्त लेखक



मा.वि. तह- कम्प्युटर प्रयोगशाला



समितिका अध्यक्ष श्री प्रतापसिंह ठगुन्ना, भवनको निरीक्षण गर्नुहुँदै



शुभकामना मन्तव्य दिनुहुँदै बेन्जामिन मुनरो



विद्यालयमा हाल कार्यरत स्टाफ



कृष्णध्वज छात्रावास




सांस्कृतिक कार्यक्रमको एक झलक

श्री वीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक

बैतडीको स्वर्णजयन्तीको पावन अवसरमा

विद्यालयको उत्तरोत्तर प्रगतिको लागि

मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



जयबहादुर विष्ट


जिल्ला शिक्षा अधिकारी

एवं

जिल्ला शिक्षा कार्यालय परिवार

बैतडी

श्री बीरेन्द्र उच्च माध्यमिक विद्यालय शाहीलेक बैतडीको स्वर्णजयन्तीको पावन अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको लागि मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



पदमबहादुर चन्द
नगर उप-प्रमुख

गणेशबहादुर भण्डारी
नगर प्रमुख

एवं

दशरथचन्द नगरपालिका, परिवार
बैतडी



१५ महिने सूचना प्रविधि-कम्प्युटर प्रयोगशाला




विज्ञान संकाय-केमिस्ट्री प्रयोगशाला



विज्ञान संकाय-फिजिक्स प्रयोगशाला




नृत्य सहित सरस्वती वन्दना



भलिबल प्रतियोगीता - रोचक स्मृति



विद्यालय हातामा वृक्षारोपण कार्यको पुरानो स्मृति



विज्ञान संकाय-बायोलोजी प्रयोगशाला



वार्षिकोत्सव समारोहमा कवाज प्रदर्शन गर्दै छात्र छात्राहरू